सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ पुस २०८०, शुक्रबार (12 Jan 2024, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २६३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

राष्ट्रिय ध्वजावाहक न्यारोबडी सिजनमै ४४ दिनदेखि ग्राउन्डेड, ४९ करोड गुम्यो



■ निगम व्यवस्थापनको लापरबाहीले उडानमा फर्किएको दुई महिनामै फेरि ग्राउन्डेड

- यसअघि ३१ असारदेखि ११ असोजसम्म साढे दुई महिना ग्राउन्डेड भएर उडानमा फर्किएको ९एन-एकेएक्स दुई महिनामै फेरि ग्राउन्डेड।
- न्यारोबडी ग्राउन्डेड हुँदा दैनिक सरदर एक करोड १४ लाख आम्दानी गुम्ने, ४४ दिनदेखि ग्राउन्डेड हुँदा ४९ करोडभन्दा बढी आम्दानी गुम्यो।
- दैनिक दुई हजार डलरका दरले इन्जिन भाडाबापत एक करोड १४ लाख ३८ हजार 'क्यास लस'।
- ३१ भदौमा मर्मत गर्न इजरायल पठाइएको निगमको इन्जिन ११७ दिनसम्म पनि बनेन, दायाँ पखेटामा भाडाको इन्जिन झुन्डाएर जहाज त्रिभुवन विमानस्थलमा ग्राउन्डेड।
- निगमले न्यारोबडीको लिजसहित इन्जिन मर्मतका लागि आइएआईलाई एमआरओ नियुक्त गरे पनि न भाडामा इन्जिन दियो, न इन्जिन मर्मत नै गरिदियो।
- इन्जिन फेर्न भन्दै बिहीबार राति साढे ११ बजे जहाज काठमाडौंबाट दुबई हुँदै इजरायल पठाईदै, तर इन्जिन भने अझै मर्मत भएको छैन। जहाज इजराइल पुग्दासम्म इन्जिन बनिसक्ने आइएआई बताएको निगमको दाबी।

नवीन अर्याल/नयाँ पत्रिका

व्यवस्थापनको उदासीनताका कारण नेपाल वायुसेवा निगम (नेवानि)को न्यारोबडी एयरबस-३२० जहाज ४४ दिनदेखि ग्राउन्डेड छ। बायाँ पखेटामा रहेको इन्जिनमा समस्या देखिएपछि ९एन-एकेएक्स १३ मंसिरको राति बैंककबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेलगत्तै ग्राउन्डेड गरिएको हो। निगम व्यवस्थापनले सातांभित्र भाडाको इन्जिन जोहो गरेर जहाज उडाउनुपर्नेमा लापरबाही देखाएको छ।

व्यस्त सिजनमा ४४ दिनदेखि जहाज ग्राउन्डेड हुँदा निगमले ४९ करोड रुपैयाँभन्दा बढी आम्दानी गुमाइसकेको छ। एउटा न्यारोबडी ग्राउन्डेड हुँदा दैनिक औसतमा एक करोड १४ लाख रुपैयाँ आम्दानी गुम्ने स्रोतको भनाइ छ। ग्राउन्डेड जहाजको दायाँ पखेटामा इजरायल एरोस्पेस इन्डस्ट्रिज (आइएआई)सँग भाडामा लिइएको इन्जिन झुन्डाएर राखिएको छ। जहाज नउडे पनि दैनिक दुई हजार अमेरिकी डलरका दरले इन्जिनको भाडा तिर्नुपर्ने हुन्छ। भाडाको इन्जिन ४४ दिनदेखि यत्तिकै राख्दा एक करोड १४ लाख ३८ हजार रुपैयाँभन्दा बढी 'क्यास लस' भइसकेको स्रोत बताउँछ।

इन्जिन फेर्नका लागि जहाज बिहीबार राति साढे ११ बजे दुबई हुँदै इजरायल उड्न लागेको निगमका प्रवक्ता रमेश पौडेलले बताए। तर, इजरायलमा निगमको इन्जिन अझै मर्मत भइनसकेको स्रोतको भनाइ छ। चौतर्फी दबाबपछि

» पृष्ठ २ मा क्रमशः

■ ६ महिनामा ११९ दिन यसरी भयो ग्राउन्डेड

निगमको न्यारोबडी '९एन-एकेएक्स' जहाजको दायाँ पखेटामा रहेको इन्जिनमा समस्या आएपछि गत ३१ असारमा ग्राउन्डेड भयो। तीन साइकल (उडान-अवतरण)मात्र गर्न सकिने अवस्थामा ३१ असारमा ग्राउन्डेड भएको जहाज ११ असोजसम्म नियमित उडानमा फर्किन सकेन। इन्जिन फेर्नका लागि जहाज विदेश लैजान केही साइकल जोगाएर राख्ने गरिन्छ।

यहीबीचमा निगमले इजरायल एरोस्पेस इन्डस्ट्रिज (आइएआई) कम्पनीलाई मेन्टेनेन्स, रिपेयर ओभहल 'एमआरओ' नियुक्त गरेको थियो। ३१ भदौमा इन्जिन फेर्न एकेएक्स जहाजलाई इजरायल पठाइयो। तत्काल इन्जिन मर्मत नहुने भएपछि आइएआइएकै भाडाको इन्जिन जडान गरियो। र, निगमको इन्जिन मर्मतका लागि आइएआईलाई हस्तान्तरण गरियो। तर, भाडाको इन्जिन फेर्न पनि ढिलाइ गरिँदा जहाज करिब १२ दिन त्यहीं ग्राउन्डेड भयो। आफनो एउटा र भाडाको अर्को इन्जिनमा जहाज ११ असोजमा इजरायलबाट दुबई हुँदै यात्रु बोकेर काठमाडौं आयो।

त्यसपछि नियमित उडान भर्न थालेको जहाजको बायाँ पखेटाको इन्जिन (आफनो)को १० मंसिरमा बोरोस्कोप (इन्जिनको अवस्था जाँच) भयो। त्यसलाई इन्जिन निर्माता कम्पनीमा पठाइयो। कम्पनीले उक्त इन्जिनले १० साइकलभन्दा बढी उडान गर्न नमिल्ने चेतावनी दियो। तीन साइकल बचाएर अरू कर्मसियल उडानमा सकाएको निगमले १३ पुसदेखि जहाज ग्राउन्डेड गरेको छ। पछिल्लोपटक बैंककबाट काठमाडौंमा जहाज अवतरण गरेपछि फेरि ग्राउन्डेड भयो।

यसअघि साढे दुई महिना ग्राउन्डेड भई भाडाको इन्जिन जोडेर उडान सुरु गरेको दुई महिनामै फेरि ग्राउन्डेड भएको पनि ४४ दिन पुगेको छ। यसरी निगमको एकेएक्स जहाजका दुवै इन्जिन बिग्रिएका छन्। जहाजको बायाँ पखेटामा भाडाको इन्जिन झुन्डाएर राखिएको छ। जहाज नउडे पनि भाडाको इन्जिनका लागि निगमले दैनिक दुई हजार अमेरिकी डलर तिर्नुपर्छ।

परराष्ट्र मन्त्रालयमा ११६ परिवारजनको निवेदन-

युक्रेनमा बन्धक रहेका चार र रुसी सेनामा कार्यरत आफन्तलाई फिर्ता ल्याइदिनूस्

६० भन्दा बढी सम्पर्कविहीन

युद्धबन्दी फिर्ता गर्न युक्रेनको सर्त- **नेपालमा पनि जेलमा राख्नुपर्ने**

परराष्ट्रमन्त्रीलाई रुस पठाउने तयारी



रुसी सेनामा कार्यरत प्युठान नगरपालिका- ४ काठेवर निवासी सोनु सुनारको मृत्यु

पर्शुराम काफ्ले/नयाँ पत्रिका

युक्रेनमा बन्धक रहेका चार र रुसी सेनामा कार्यरत एक सय १२ नेपालीलाई स्वदेश फिर्ताका लागि परराष्ट्र मन्त्रालयमा निवेदन परेको छ। एक सय १६ नेपालीका परिवारले परराष्ट्रको कन्सुलर सेवा विभागमार्फत आफन्तको फिर्ताका लागि सरकारसँग गुहार गरेका हुन्। परराष्ट्र मन्त्रालय स्रोतका अनुसार यो मंगलबारसम्मको तथ्यांक हो।

रुस-युक्रेन युद्धमा रुसी सेनामा भर्ना भएका नेपालीको मृत्युको संख्या बढिरहेका बेला आफन्तले फिर्ताका लागि निवेदन दिएका हुन्। परिवारले दिएको निवेदनअनुसार युद्धमा परेर घाइते भएका नौ नेपाली परिवारको सम्पर्कमा छन्। उनीहरू उपचाररत छन्। र, स्वदेश फर्किने इच्छा व्यक्त गरेका छन्।

'सम्पर्कमा नभएकाले खोजी गरिपाऊँ भन्ने निवेदन परेको छ। केही दिनअघिसम्म यो संख्या ६५ थियो,

» पृष्ठ २ मा क्रमशः

■ १० जनाको शव उतै अन्त्येष्टि गर्ने रुसी प्रस्ताव, अस्तु भए पनि ल्याइदिन नेपालको आग्रह

युक्रेनसँगको लडाइँमा ज्यान गुमाउने रुसी सेनामा कार्यरत १० नेपालीको शव नेपाल पठाउन रुसले आनाकानी गरेको छ। युद्धमा मारिएका नेपालीको शव अन्त्येष्टि नभएको उल्लेख गर्दै रुसले सैनिक सम्मानका साथ रुसमै अन्त्येष्टि गरिदिने प्रस्ताव राखेको हो।

नेपालले भने सकभर शव नेपाल ल्याइदिन आग्रह गरेको छ। शव सम्भव नभए अस्तु भए पनि नेपाल ल्याइदिन भनेको छ। 'रुसको कानुनअनुसार मृतक सैनिकको शव उनीहरूको सीमा क्षेत्रभन्दा बाहिर पठाउन नमिल्ने रहेछ। बरु, सैनिक सम्मानका साथ रुसले उहीं नै नेपालीको शव गाडिदिने प्रस्ताव आएको छ,' परराष्ट्रका एक अधिकारीले भने, 'युद्धमा मारिएकाहरूको शव अत्यन्तै खराब अवस्थामा छ, रुसी सीमा क्षेत्रबाहिर पठाउने कानुन पनि छैन भनेर त्यहीं अन्त्येष्टि गर्न खोजिएको छ। तर, हामीलाई त्यसरी हुँदैन, थप कुरा गर्छौं।'

रुसी सेनामा कार्यरत रहेको अवस्थामा युक्रेनसँगको लडाइँमा स्याङ्जाका हरिप्रसाद अर्याल र पितम कार्की, धादिङका राजकुमार गिरी र कुन्दनसिंह नागल, कैलालीका भरतबहादुर शाह, गोरखाका सन्दीप थपलिया, कपिलवस्तुका रूपक कार्की, कास्कीका देवान राई, दोलखाका राजकुमार रोका र इलामका गंगाराज मोक्तानको मृत्यु भएको छ। 'यो त औपचारिक रूपमा रुसले नेपाललाई पठाएको तथ्यांक हो। त्यहाँ रहेका नेपालीले बनाएका ह्वाट्सएप ग्रुप हेर्दा मृत्यु भएका नेपालीको संख्या योभन्दा ठूलो छ। तर, औपचारिक रूपमा रुस सरकारले नभनुन्जेल हामीले बोल्न मिल्दैन,' मस्कोस्थित नेपाली राजदूतावास स्रोतले भन्यो, 'रुसका टाढाका र अनकन्टार ठाउँमा नेपालीलाई खटाइएको छ। भित्रको स्थिति राम्रो छैन भन्ने सूचना आइरहेको छ।'

कर्नर किक

● रवि मिश्र



दशगजा मिचेर भारतले पर्खाल लगाएपछि आइसिपी निर्माण विवादमा

सीमा मिचिएपछि नेपालले लगायो रोक



जलेश्वर नगरपालिका- ३ मलिबारा र भारत बिहारको सीतामढी जिल्लाअन्तर्गतको भिठामोडस्थित नाकामा भारतले करिब ३३ एकड जग्गामा आइसिपी निर्माण गरिरहेको छ। पहिलो चरणमा जग्गाको चारैतिर पर्खाल लगाएकोमा दशगजा क्षेत्र छोएको भन्दै नेपालले निर्माणमा रोक लगाएको हो। दशगजा क्षेत्र यकिन गरेर मात्र निर्माण नियमित गर्न दिने नेपालको तयारी छ।

(विस्तृत पृष्ठ ३)

भिजिट भिसालाई सहज बनाउने तयारी

■ केही दिनभित्रै नयाँ कार्यविधि लागू हुने

नयाँ पत्रिका

भिजिट भिसाको झन्झटिलो प्रक्रियाले बिचौलियाको सेटिङ बढेको निष्कर्ष निकाल्दै गृह मन्त्रालयले यसलाई सहज बनाउने तयारी गरेको छ। भिजिट भिसामा विदेश जानेलाई हाल लागू गरिएको १७बुँदे मापदण्डलाई खारेज गरी केही दिनमै नयाँ कार्यविधि लागू गर्न लागिएको छ।

नयाँ कार्यविधिलाई टुंगो लगाउन बिहीबार उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको नेतृत्वमा बैठक बसेको छ। श्रममन्त्री शरत्सिंह भण्डारी, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालयका उच्च कर्मचारीबीच भएको छलफलमा अहिलेको प्रावधानले समस्या बढाएको निष्कर्ष निकालिएको छ। भिजिट भिसाको विदेश जान झन्झटिलो प्रावधानले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा संगठित रूपमा सेटिङ मौलाएको खुलेपछि गृहले खुकुलो मापदण्ड बनाई यसमा सुधारको प्रयास गरेको छ।

अध्यागमन विभागले १७बुँदे खारेज गरी सातबुँदे कार्यविधि लागू गर्ने प्रस्ताव गरेको छ। भिजिट भिसालाई व्यवस्थित र पारदर्शी बनाउन नयाँ मापदण्डको प्रस्ताव गरिएको अध्यागमन विभागका निर्देशक प्रेमप्रसाद दाहालले बताए। विभागले प्रस्ताव गरेको मापदण्डलाई परिमार्जन गरी गृह मन्त्रालयले केही दिनभित्रै स्वीकृत गरी कार्यान्वयन गर्न लागेको छ।

अध्यागमन र एयरलाइन्सका कर्मचारीसँग सेटिङ गरी हजारौं नेपालीलाई खाडी देशमा पुऱ्याइएको हालैको प्रहरी अनुसन्धानमा

» पृष्ठ २ मा क्रमशः

नक्कली भिसामा श्रम स्वीकृति **एकै दिन ५७ जना विमानस्थलबाट फर्काइए**

खाडी देशमा घरेलु कामदारमा प्रतिबन्ध भएपछि नक्कली श्रम भिसासमेत बन्न थालेको छ। नक्कली भिसालाई नै आधार मानेर वैदेशिक रोजगार कार्यालयहरूले श्रम स्वीकृति दिएका छन्।

मंगलबार नक्कली भिसामा कुवेत जान लागेका केही महिलालाई अध्यागमन विभागले फर्काइदिएको छ। उनीहरूको भिसा नै नक्कली रहेको विमानस्थलस्थित अध्यागमन कार्यालयका प्रमुख गोगनबहादुर हमालले बताए। 'वैदेशिक रोजगार कार्यालयका साथीहरूसँग नक्कली भिसा हेर्ने सिस्टम नभएर पनि यस्तो भएको हुन सक्छ,' उनले भने, 'यस विषयमा हामीले छानबिनका लागि पत्राचार गरेका छौं।' यसमा मेनपावर कम्पनीको समेत मिलेमतो देखिएको छ। खाडी देशमा महिलालाई घरेलु कामदारका रूपमा पठाउन प्रतिबन्ध भएकाले यसरी नक्कली श्रम भिसामा पठाई मानवतस्करी हुने गरेको हो।

अध्यागमनले मंगलबार मात्र खाडी जान लागेका ५७ जनालाई फर्काइदिएको छ। प्रहरीले अध्यागमन अधिकृतसहितका गिरोहलाई पक्राउ गरेपछि भिजिट भिसामा विदेश जानेको संख्या पनि घटेको छ।

■ संक्रमणकालीन न्यायसम्बन्धी विधेयक

एमाले सहमतिमा नआए बहुमतबाट टुंग्याउने सत्तापक्षको तयारी



● **रमेश लेखक**
प्रमुख सचेतक, कांग्रेस



● **महेश बर्तौला**
सचेतक, एमाले

कमलराज भट्ट/नयाँ पत्रिका

सरकारले आगामी संसद् अधिवेशनमा संक्रमणकालीन न्यायसम्बन्धी विधेयक टुंग्याउने तयारी थालेको छ। विधेयकमा प्रतिपक्ष सहमतिमा नआए बहुमतबाट टुंग्याउने सत्तापक्षको तयारी छ।

संक्रमणकालीन न्याय राजनीतिक दाउपेचको मुद्दा हुँदा लामो समयदेखि सहमति जुटाउने कोसिस असफल हुँदै आएको छ। तर, आसन्न अधिवेशनमा यसलाई निष्कर्षमा पुऱ्याउने सत्तारूढ दलहरूको तयारी छ।

सहमतिको पक्षमा रहँदै आएको प्रमुख सत्तारूढ कांग्रेस विधेयकलाई अनावश्यक लम्ब्याउनेभन्दा प्रक्रियामा लगेर टुंग्याउने निष्कर्षमा पुगेको छ। सत्तापक्षले टिआरसीमा चासो राखेको अन्तर्राष्ट्रिय समुदायको भने समर्थन जुटाउने भएको छ।

टिआरसीमा एमालेलाई मनाउन यसअघि सत्तापक्षले तीनवटा संसदीय समिति दिएको छ भने राष्ट्रिय सभा निर्वाचनमा समेत सिट बाँडफाँट गर्न खोजेको थियो। तर, एमालेले टिआरसीमा वातावरण बनाउनुपर्ने भनेर 'भाग' मात्रै लिन खोजेपछि राष्ट्रिय सभा चुनावमा साझेदारी सम्भव भएन।

एमालेको असहमतिका बीच सत्तापक्षले टिआरसीमा अन्तर्राष्ट्रिय समुदायसँग र पीडितको समेत राय लिएर पीडितको हितमा हुने गरी

» पृष्ठ २ मा क्रमशः

सहमति जुट्न नसकेका चार विषय

१ प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिमा रहेको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकमा नमिलेको पहिलो विषय हो, मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषा। परिभाषामा स्वेच्छाचारी रूपमा क्रूरतापूर्वक (आर्बिटरी) गरिएको हत्या लेख्ने कि दोहोरो भिडन्तबाहेक गरिएको हत्या राख्ने भन्ने विषय मिलेको छैन। सत्तापक्षले क्रूरतापूर्वक हत्या लेख्नुपर्ने भनेको छ भने एमालेले दोहोरो भिडन्तबाहेक गरिएको हत्या राख्नुपर्ने अडान लिएको छ।

२ मानव अधिकारको उल्लंघनको घटनामा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने भन्ने मिलेको छैन। सत्तापक्षले स्वतन्त्र सहमति नभएमा मेलमिलाप हुँदैन भनेर बुझ्नुपर्ने जिकिर गरेको छ भने एमालेले स्वतन्त्र सहमति नभएमा अदालती प्रक्रियाबाट न्याय निरूपण हुने भनेर बोल्नुपर्ने माग गरेको छ।

३ द्वन्द्वमा संलग्न बालसेनालाई परिपूरण (राहत र सहयोग) मा समेट्दा कुन शब्दको प्रयोग गर्ने विवाद छ। सत्तापक्षले बालसेनाबाहेक अन्य कुनै शब्द लेखेर समेट्न सकिने लचिलो लाइन लिएको छ भने एमालेले अयोग्य लडाकुलाई लोकतान्त्रिक योद्धा भनेर न्याय गर्नुपर्ने तर्क राखेको छ।

४ घटी सजायका सम्बन्धमा आधार कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने वा प्रतिशत नै तोक्ने भन्ने विषय टुंगिएको छैन। यसमा एमालेले निश्चित प्रतिशत तोक्नुपर्ने अडान लिएको छ। सुरुमा आधार कारण खुलाएर न्यायाधीशले तजबिजीमा सजाय कम गर्ने पक्षमा रहेको सत्तारूढ अब भने प्रतिशत तोकेर जान पनि तयार भएको छ।

सइभन्दा वरिष्ठ सइको तलब २६२ रुपैयाँ कम

दरबन्दी थपेर बढुवा गरियो, दुई वर्षसम्म तलबमान मिलाइएन

टेकराज थामी/नयाँ पत्रिका

रुपन्देही सिद्धार्थनगर नगरपालिका- ६ का ४५ वर्षीय रामकरन गुप्ता नेपाल प्रहरीको सइमा बढुवा भएको १८ वर्षपछि बल्ल वरिष्ठ सइमा बढुवा भए। बढुवासँगै तलबसहित सेवा-सुविधा पनि बढेको हुनुपर्ने उनको स्वाभाविक बुझाइ थियो। तर, त्यसो भएन। तलब त उल्टो घटेर आयो।

प्रहरी नियमावली, २०७१ को दफा १४६ को उपदफा २(ख)मा 'साबिक पदमा पाइरहेको तलब बढुवा भएको पदको सुरु तलबभन्दा बढी भएमा माथिल्लो पदको तलब निर्धारण गर्दा हाल पाइआएको तलब नपुगसम्मको वृद्धि थप गरी माथिल्लो पदको तलब वृद्धि गर्ने' उल्लेख छ। अर्थात् बढुवापछिको तलब साबिक पदको भन्दा कम भए अनिवार्य रूपमा वृद्धि गरिनुपर्छ।

कानुनको सोही प्रावधान कार्यान्वयनको माग गर्दै गुप्ता प्रहरी प्रधान कार्यालय पुगे। आईजिपीलाई भेटे। गृह मन्त्रालय धाए, गृहमन्त्रीलाई भेटे। तर, माग सुनुवाइ नै नभई उनले पदबाट अनिवार्य अवकाशमा जानुपऱ्यो।

एउटै पदमा बहाल भएको १८ वर्षपछि वरिष्ठ सइमा बढुवा हुँदा झापा मेचीनगर नगरपालिका- १० का ५२ वर्षीय सुफतमान राईलाई पनि लागेको थियो, अब तलबसहित सेवा-सुविधा पनि बढेर आउँछ। तर, तलब झन् घटेर आएपछि उनी निराश बने। गुनासो लिएर उनी पनि प्रहरी प्रधान कार्यालयदेखि गृह मन्त्रालयसम्म पुगे। तर, माग सुनुवाइ नभईकनै अनिवार्य अवकाशमा गए। मोरङ सुनबर्सी नगरपालिका- ६ का ओमप्रकाश शाक्यको पनि वरिष्ठ सइमा बढुवा भएपछि सइमा खाइपाई आएको तलबभन्दा दुई हजार ६ सय ६ रुपैयाँ घटेर तलब आयो। उनले पनि गुनासो लिएर विभागीय प्रमुख


» पृष्ठ २ मा क्रमशः

सम्भवतः यो समस्या चाँडै समाधान हुन्छ



डिआइजी कुवेर कडायत, प्रवक्ता, नेपाल प्रहरी

वरिष्ठ सइको तलब सइको भन्दा दुई सय ६२ रुपैयाँ कम छ। यो ग्रेड मिलानमा समस्या हुँदा हुन गएको हो। त्यस्तै, सहायक हवल्दार र वरिष्ठ हवल्दारको पनि समस्या त्यस्तै छ। हामीले गृह हुँदै अर्थ मन्त्रालयमा लेखापढी गरी पठाएका छौं। सम्भवतः यो समस्या चाँडै समाधान हुन्छ।



वरिष्ठ सइले प्रतिमहिना ग्रेडवृद्धिसँगै ४३ हजार ७३२ रुपैयाँ मात्रै तलब बुझ्दै आएका छन्, यो सइको भन्दा २६२ रुपैयाँले कम हो।

सर्वोच्चमा रिट, सरकारका नाममा कारण देखाऊ आदेश

साबिक पदको भन्दा बढुवापछिको पदको तलबमान कम भएपछि पीडित वरिष्ठ सइहरूले सर्वोच्च अदालतमा रिट निवेदन नै दिएका छन्। गत १२ पुसमा दिइएको रिटमा सर्वोच्चले सरकारको नाममा कारण देखाऊ आदेश जारी गरेको छ। गत १६ र १७ पुसमा दिइएको आदेशमा १५ दिनभित्र जवाफ दिन भनिएको छ। आदेशमा भनिएको छ, 'निवेदकको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने मनासिव आधार, कारण र प्रमाण भए सोसमेत खुलाई म्याद सूचना प्राप्त भएको मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नू भनी प्रत्यार्थीहरूको नाममा म्याद सूचना जारी गरी रितपूर्वक तामेल गराई लिखित जवाफ परे वा पर्ने अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू।'

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ विश्वास गरेकै कर्मचारीबाट मेयर बालेनलाई धोका

प्रशासकीय अधिकृतको कार्यकक्षमा ताला, छानबिन नसकिँदासम्म कार्यालय प्रवेशमा रोक

शिवहरि घिमिरे/नयाँ पत्रिका

कार्यपालिकाको निर्णयविपरीत तथा मेयर बालेन्द्र साहलाई समेत झुक्याएर नयाँ कर्मचारी थप गरेको विवादित विषयमा मुछिएका काठमाडौं महानगरका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीलाई कार्यालय प्रवेशमा रोक लगाइएको छ। यति मात्रै होइन, मेयरको सचिवालय टिमले काठमाडौं प्लाजा र सभागृहस्थित प्रमुख प्रशासकीय अधिकृत अधिकारीको कार्यकक्षमा समेत मंगलबार ताला लगाइदिएको छ।

मेयर साहका स्वकीय सचिव भूपदेव साहले प्रमुख प्रशासकीय अधिकृत अधिकारी कार्यालयमा नआउने भएकाले ताला लगाइएको बताए। 'मान्छे नभएको कार्यकक्ष किन खुला राख्ने ? त्यही भएर ताला लगाइएको हो,' उनले भने, 'ताला लगाउनुको अर्थ त्यहाँ भएका सामानको सुरक्षा पनि गर्नु हो, बाँकी विषय छानबिन समितिको प्रतिवेदन आएपछि थाहा हुन्छ।' प्रमुख प्रशासकीय अधिकृत अधिकारी चार दिनदेखि बिदामा छन्। मेयर साहले कार्यालय नआउन निर्देशन दिएपछि उनी बिदा बसेका हुन्। निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी शिक्षा विभाग प्रमुख सीताराम कोइरालालाई दिइएको छ।

विवादमा मुछिएका प्रमुख प्रशासकीय अधिकृत अधिकारी कार्यालय आउन सक्ने भन्दै मेयरको सचिवालयले उनको कार्यकक्षमा ताला लगाएको एक कर्मचारीले बताए। मेयर सचिवालयले कार्यकारीलाई कार्यालय प्रवेश गर्न नदिन नगर प्रहरीलाई समेत निर्देशन दिएको छ। मंगलबार अधिकारी कार्यालयमा आउन सक्ने सूचना पाएपछि महानगर कार्यालयको गेटमा समेत नगर प्रहरी परिचालन गरिएको थियो।

विश्वास गरेकाले झुक्याएपछि मेयर साह असन्तुष्ट

प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारी र बालेन साहबीच निर्वाचित भएयता समन्वय र सहकार्य प्रभावकारी थियो। दुईबीच कुनै मनमुटाव र विवाद थिएन। मेयर साहका कारण प्रमुख प्रशासकीय अधिकृत अधिकारीलाई काम गर्न पनि सहज थियो। मेयर साहले पनि आफ्नो भावना बुझ्ने प्रशासकीय अधिकृत पाएको अनुभूति गरेका थिए। तर, कार्यपालिका बैठकमै नराखेको विषयमा झुक्याएपछि प्रशासकीय अधिकृतसँग मेयर साह असन्तुष्ट बने।

त्यस्तै, स्वास्थ्य विभाग प्रमुख रामप्रसाद पौडेलले



पनि स्वास्थ्य क्षेत्रमा सक्रिय रूपमा काम गरिरहेका छन्। उनकै सक्रियतामा महानगर सुलभ फार्मेसी सञ्चालनको तयारी पनि अघि बढिरहेको छ। तर, वडा नम्बर १९ मा करारका कर्मचारी राख्न झुक्याएर टिप्पणी उठाएपछि उनीप्रति पनि बालेन रुष्ट बनेका छन्। प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य विभाग प्रमुखसँग मिलेमतो गरेर नियमविपरीत काम गर्न लागेको थाहा पाएपछि नूरनिधि न्यौपाने र भगवती बिडारीलाई पनि मेयर साहले छानबिन नसकिँदासम्म बिदामा बस्न निर्देशन दिएका छन्।

महानगरका प्रवक्ता नवीन मानन्धरले भने अधिकारीको कार्यकक्षमा ताला लगाइएकोबारे जानकारी नभएको बताए। 'ताला लगाउनु ठूलो कुरा होइन, तर मंगलबार दिउँसो म काठमाडौं प्लाजामा हुँदा कार्यकक्ष खुला नै थियो। सभागृहमा भने ताला लगाइएको छ,' उनले भने, 'अब कार्यकारीलाई कस्तो र कसरी कारबाही हुँदै छ भन्ने मलाई थाहा छैन, यसबारे मेयरसाबसँग मैले सोधिखोजी गरेको पनि छैन।' हाल काठमाडौं महानगरको सबै प्रशासनिक कार्य काठमाडौं प्लाजाबाट भइरहेको छ। सभागृहलाई अनअफिसियल कार्यालयका रूपमा राखिएको छ। तर, कहिलेकाहीँ भेटघाट वा कार्यालयसँग सम्बन्धित काम गर्न मेयर, प्रशासकीय अधिकृत, उपमेयरलगायत सभागृहमा बस्ने गर्छन्।

कर्मचारी भर्नामा चलखेलको छानबिन प्रतिवेदन यसै साता आउने

कर्मचारी भर्नामा चलखेल गरेको थाहा पाएपछि मेयर साहले छानबिनका लागि सहरी योजना आयोगका उपाध्यक्ष डा. सुमन राजभण्डारीको संयोजकत्वमा छानबिन समिति गठन गरेका छन्। छानबिन समितिले यसै साता प्रतिवेदन तयार पारेर मेयर साहलाई पेस गर्ने बताइएको छ। त्यसपछि कर्मचारीमाथि थप कारबाही गर्ने वा नगर्ने थाहा हुनेछ। तर, प्रमुख प्रशासकीय अधिकृतलाई भने अब महानगरबाट फिर्ता पठाइएकाले पुनः महानगरमा नपठाउन महानगरले सामान्य प्रशासन मन्त्रालयलाई जानकारीसमेत गराएको छ। मेयर साहले आफूले बढी विश्वास गरेका व्यक्तिबाट कार्यपालिका निर्णयविपरीत काम भएको भन्दै प्रशासकीय अधिकृतसँग असन्तुष्टि व्यक्त गरेका छन्।

यसकारण भयो कारबाही

महानगरको १९ वडामा रहेको स्वास्थ्य प्रवर्द्धन केन्द्रमा पाँचजना कर्मचारी छन्। उनीहरूलाई एक वर्षअघि नै नियुक्ति दिइएको थियो। त्यसमध्ये एकजना ल्याब टेक्निसियन, एकजना एमबिबिएस डाक्टर, एकजना फर्मासिस्ट र दुईजना स्टाफ नर्स छन्। यिनै कर्मचारीले वडा क्लिनिक चलाउँदै आएका छन्। यसपटक पनि उनीहरूलाई नै निरन्तरता दिने र थप कर्मचारी नराख्ने निर्णय महानगरको कार्यपालिका बैठकले गरेको थियो।

तर, कर्मचारी राख्ने निर्णय प्रमाणीकरण गर्दा महानगरकै वरिष्ठ शाखा अधिकृत भगवती बिडारीकी छोरीलाई जागिर खुवाउन ६ जनाको नाम उल्लेख गरेको थाहा पाएपछि मेयर साहले कारबाही गरेका थिए। सो प्रकरणमा प्रमुख प्रशासकीय अधिकृत अधिकारी, मेयर साहको सचिवालय प्रमुख नूरनिधि न्यौपाने, स्वास्थ्य विभाग प्रमुख रामप्रसाद पौडेल र वरिष्ठ शाखा अधिकृत भगवती बिडारी मुछिएका छन्। महानगरकै कर्मचारी बिडारीकी छोरीलाई जागिर खुवाउन स्वास्थ्य विभाग प्रमुख रामप्रसाद पौडेलले टिप्पणी उठाएर प्रशासकीय अधिकृतकहाँ पुऱ्याएका थिए। त्यहाँबाट सो फाइल मेयर साहका सचिवालय प्रमुख नूरनिधि न्यौपानेकहाँ पुगेको थियो। सो जानकारी पाएपछि मेयर साहले छानबिन नसकिँदासम्म चारैजनालाई कार्यालय प्रवेशमा रोक लगाएका हुन्।

महानगरले खोस्यो प्रमुख प्रशासकीय अधिकृतको गाडी

काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले चढ्दै आएको सरकारी गाडी महानगरपालिकाले खोसेको छ। मेयर बालेन्द्र साहको सचिवालयको निर्देशनमा बुधबार साँझ अधिकारीको घरबाट उक्त गाडी ल्याएको हो। महानगरले उक्त गाडी काठमाडौं प्लाजास्थित कार्यालयमा ल्याएर राखेको एक कर्मचारीले बताए। महानगरका कर्मचारी नियुक्ति र नगरसभाको निर्णय प्रमाणीकरणमा अनियमितता गरेको आरोपमा उनीमाथि छानबिन चलिरहेको छ। स्रोतका अनुसार मेयर साहले अधिकारीलाई १६ दिन बिदामा बस्न निर्देशन दिएका छन्। अधिकारी नौ दिनदेखि कार्यालय गएका छैनन्। महानगरले शिक्षा विभाग प्रमुख सीताराम कोइरालालाई निमित्तको जिम्मेवारी दिएको छ।

युक्रेनमा बन्धक...

पृष्ठ १ बाट क्रमशः

अहिले संख्या बढेको हुन सक्छ,' परराष्ट्र मन्त्रालय स्रोतले भन्यो, 'यसलाई हामीले गम्भीर रूपमा लिएका छौं।' परिवारजनले रुसी सेनामा कार्यरत सन्तान सम्पर्कविहीन भएको भन्दै खोजी गरेर स्वदेश ल्याइदिन अनुरोध गरेका छन्। 'रुसमा लामो समय सरकारी कार्यालय बिदा भएका कारण भर्खरै कार्यालयहरू खुल्न थालेका छन्। अब हामी रुस सरकारसँग थप पत्राचार गर्छौं,' परराष्ट्र स्रोतले भन्यो।

युद्धका क्रममा चार नेपाली युक्रेनी सेनाको नियन्त्रणमा छन्। बर्दिया राजापुर- १ का विवेक खत्री, काभ्रे मण्डनदेउपुर- ६ का सिद्धार्थ ढकाल, मोरङ लेटाङ- २ का विकास राई र रोल्पा रुन्टीगढी- ८ का प्रतीक पुन छन्। युक्रेनले विवेक खत्री मात्रै युद्धबन्दीका रूपमा रहेको जानकारी दिएको छ।

युक्रेनमा नेपालीहरूको रिहाइका लागि सरकारले अमेरिका र रेडक्रसको अन्तर्राष्ट्रिय समितिमार्फत प्रयास गरिरहेको परराष्ट्र मन्त्रालयले जनाएको छ। परराष्ट्रमन्त्री एनपी साउदले रुसमा रहेका १०० भन्दा बढी नेपालीका परिवारले आफ्नो मान्छे खोजिदिन र स्वदेश फिर्ताको प्रयास गरिदिन परराष्ट्र मन्त्रालयमा अनुरोध गरेको यसअघि नै बताएका थिए।

युक्रेनी अधिकारीले उनीहरूको नियन्त्रणमा रहेका युद्धबन्दीलाई नेपालमा पनि जेलमा राख्नुपर्ने सर्त राखेका छन्। भारत र जर्मनीस्थित युक्रेनको राजदूतावासमा नेपाली कूटनीतिक अधिकारीसँगको कुराकानीमा युक्रेनी अधिकारीले यस्तो सर्त राखेका छन्। तर, नेपालले यसका सम्बन्धमा स्पष्ट जवाफ पठाएको छैन।

परराष्ट्रमन्त्रीलाई रुस पठाउने तयारी

रुस-युक्रेन युद्धमा नेपाली नागरिकको सहभागिताका विषयमा प्रश्न उठेपछि र उनीहरूको अवस्थाबारे सरकारलाई नै जानकारी नआइपुगेपछि परराष्ट्रमन्त्री एनपी साउदले रुस भ्रमणका लागि तयारी थालेका छन्।

'रुसमा ठूलो मानवीय संकट परेको छ। नेपालीहरूको उल्लेख्य संख्या रुसी सेनामा जानु भनेको सामान्य अवस्था होइन,' परराष्ट्र स्रोतले भन्यो, 'परराष्ट्रमन्त्रीकै तहमा मस्को भ्रमण गरेर सरकारी अधिकारीसँग कुराकानी गर्ने र नेपाली फिर्ताका लागि प्रयास गर्ने परराष्ट्रमन्त्रीज्यूको चाहना छ। तर, कहिले जाने भन्ने टुंगो लागेको छैन।' रुसका लागि नेपाली राजदूत डा. मिलनराज तुलाधरले परराष्ट्रमन्त्रीको रुस भ्रमण हुन सक्ने संकेत गरे। परराष्ट्र मन्त्रालयका प्रवक्ता अमृतबहादुर राईले भने भ्रमणका सम्बन्धमा आफूलाई जानकारी नआएको प्रतिक्रिया दिएका छन्।

सइभन्दा...

पृष्ठ १ बाट क्रमशः

आइजिपीदेखि गृहमन्त्रीसम्मलाई भेटे। तर, माग सुनुवाइ भएन। अन्ततः उनी पनि सेवाबाटै अनिवार्य अवकाशमा जानुपऱ्यो।

पीडितमध्येका नेपाल प्रहरीका अवकाशप्राप्त वरिष्ठ सइ गुप्ताका अनुसार यो एक वा दुईजनाको मात्र नभई नेपाल प्रहरीमा बहाल एक हजार चार सय १८ वरिष्ठ सइको साझा समस्या हो। जो बढुवापछि पनि साबिक पदको भन्दा कम तलब खानुपर्ने बाध्यतामा छन्। 'एउटै पदमा रहेको १८ वर्षपछि बल्लतल्ल वरिष्ठ सइमा बढुवा भइयो। बढुवासँगै तलब र सेवा-सुविधा पनि बढ्ला भन्ने आशा थियो। तर, त्यसो भएन,' उनले भने, 'हाम्रो तलब त उल्टो घटेर पो आयो। यस सम्बन्धमा आइजिपीलाई ध्यानाकर्षण गरायौँ। गृहमन्त्रीलाई भेटेर समस्या बतायौँ। तर, हाम्रो पीडा कसैले सुनेनन्।'

तल्लो दर्जामा बढुवा समस्या जटिल बनेपछि नेपाल प्रहरीले प्रहरी संगठनमा सहायक हवल्दार, वरिष्ठ हवल्दार र वरिष्ठ सइको नयाँ दरबन्दी सिर्जना गरेको थियो। जसअनुसार २० चैत ०७८ मा एक हजार चार सय १८ सइलाई वरिष्ठ सइमा बढुवा गरिएको थियो। त्यतिखेर उनीहरूलाई बढुवासँगै तलब र सेवा-सुविधा पनि बढ्ने भनिएको थियो। तर, त्यसो हुन सकेन।

प्रहरीका अवकाशप्राप्त वरिष्ठ सइ शाक्यका अनुसार ०७८ मा सइको तबल स्केल ३० हजार दुई सय थियो। त्यसमा उनीहरूले एक हजार सातका दरले आठ ग्रेडसम्मको थप सुविधा पाउँथे। यसरी उनीहरूले प्रतिमहिना एकमुस्ट ३८ हजार दुई सय ५६ रुपैयाँ तलब बुझ्थे।

वरिष्ठ सइमा बढुवा भएपछि भने तबलमान ३५ हजार ६ सय ५० रुपैयाँ तोकियो। त्यसमा एक हजार एक सय ८९ रुपैयाँको एक ग्रेड सुविधा थपिने भनिएको थियो। तर, त्यसो भएन। बढुवापछि खाइपाई आएकोमा दुई हजार ६ सय ६ रुपैयाँ घटेर प्रतिमहिना ३५ हजार ६ सय ५० रुपैयाँ तलब प्राप्त हुन थाल्यो।

प्रहरी नियमावली, २०७१ को दफा १४६ को उपदफा २(ख) अनुसार सुविधा प्राप्त नभएपछि पीडित वरिष्ठ सइ एकजुट भएर समस्या सम्बन्धित निकायमा सुनाए। नेपाल प्रहरी र प्रदेश प्रहरीको संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन, २०७८ ले दिएको सुझावअनुसार ०७८/८९ को नयाँ तलबमान आएसँगै समस्या समाधान हुने आश्वासन उनीहरूले पाए। यसपटक भने समस्या समाधान हुनेमा उनीहरू आशावादी थिए। तर, त्यसो भएन, तलब घटेर नै आयो।

नेपाल प्रहरीका अवकाशप्राप्त वरिष्ठ सइ गुप्ताका अनुसार ०७८/८९ को नयाँ तलबमानअनुसार सइले ग्रेडवृद्धिसहित प्रतिमहिना ४३ हजार नौ सय ९४ रुपैयाँ तलब बुझ्छन्। तर, वरिष्ठ सइले प्रतिमहिना ग्रेडवृद्धिसँगै ४३ हजार सात सय ३२ रुपैयाँ मात्रै तलब बुझ्दै आएका छन्। यो सइको भन्दा वरिष्ठ सइको तलब दुई सय ६२ रुपैयाँले कम हो।

'अहिले सइको भन्दा वरिष्ठ सइले दुई सय ६२ रुपैयाँ कम तलब बुझ्दै आएका छन्। यो कानुनविपरीत छ। यसलाई सरकारले सच्याउनुपर्छ,' गुप्ताले भने।

नेपाल प्रहरीका प्रवक्ता डिआइजी कुबेर कडायतले सहायक हवल्दार, वरिष्ठ हवल्दार र वरिष्ठ सइमा ग्रेड मिलानमा समस्या हुँदा तलबमान तलमाथि परेको बताए।

सडक डिभिजन कार्यालय, नुवाकोट
सूचना प्रकाशित मिति : २०८०।९।२७
सूचना सच्याइएको बारे
यस डिभिजनको मिति २०८०/९/२६ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनामा **"ठेक्का किन नतोड्ने ?"** भन्ने शीर्षक हुनु पर्नेमा अन्यथा हुन गएकोले सच्याईएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ।
डिभिजन प्रमुख

ओम् शिवा बहुमुखी सहकारी संस्था लिमिटेड
ओम् शिवा भवन, कोपुण्डोल, ललितपुर १०
फोन नं. ५२६८९८१, ५२६८४८२, फ्याक्स: ५२६८९७४
२३ औं वार्षिक साधारण सभाको सूचना
प्रकाशित मिति: २०८०/०९/२७ गते, नयाँ पत्रिका दैनिक
यस संस्थाको संचालक समितिको मिति २०८०/०९/२५ गतेको निर्णय बमोजिम २३ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले शेयर सदस्य महानुभावज्यूहरुलाई भाग लिन पाल्नु हुन हार्दिक अनुरोध गर्दछौं। बिस्तृत जानकारीका लागि संस्थाको सूचना पाटीमा टाँस गरिएको जानकारी गराउदछौं।
सभा हुने मिति, समय र स्थान:
मिति : २०८०/१०/२० शनिवार (३ फरवरी २०२४)
समय : बिहान १०:०० बजे
स्थान : कोपुण्डोल व्यांक्वेट, कोपुण्डोल, ललितपुर, फोन नं. ५९०७३६९

मोटरसाइकल हरायो
मिति २०८०/९/२१ गते का.म.न.पा. -७ कालोपुलबाट मेरो निम्न व्यहोरा भएको Electronic Orange रंगको 200CC KTM Duke मोटरसाइकल हराएको हुँदा देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।
नाम : दिपेश कडायत
मो.सा.न.: बा प्र. ०२-०४५ प २७४
चेसिस न. : MD2JPCXCOPNO10617
इन्जिन न. : P-93642954
सम्पर्क न. : 9822676715

राष्ट्रिय ध्वजावाहक...

पृष्ठ १ बाट क्रमशः

निगम व्यवस्थापनले आलोचनाबाट जोगिन जहाज इजरायल पठाउन लागेको स्रोतको दाबी छ। ३१ भदौमा एकेएक्सको दायाँ इन्जिन मर्मतका लागि आइएआईलाई दिएर भाडाको इन्जिन जडान गरेर उडान सञ्चालन गरिएको थियो। आइएआईले ६५ दिनसम्म इन्जिन मर्मत गरेर हस्तान्तरण गरिसक्नुपर्नेमा एक सय १७ दिनसम्म पनि मर्मत गरिदिएको छैन। प्रवक्ता पौडेलले भने, 'इन्जिन अहिलेसम्म तयार भइसकेको छैन, तर आइएआईले जहाज ल्याउँदै गर्नुस्, त्यतिन्जेल इन्जिन मर्मत भइसक्छ भनेको छ।'

एकेएक्सको इन्जिन १० मंसिरमा बोरेस्कोप गरेर हेर्दा १० साइकलभन्दा बढी उडाउन नमिल्ने देखिएको थियो। त्यसपछि निगमले विभिन्न गन्तव्य देशमा सात साइकल व्यवसायिक उडान गरेको थियो। अहिले जहाजमा तीन साइकल (उडान-अवतरण) मात्र बाँकी रहेको बताइएको छ, जुन इन्जिन फेर्नका लागि इजरायलमा उडान गर्न साइकल बचाएर राखिएको हो।

पछिल्लोपटक ४४ दिनदेखि ग्राउन्डेड भएको जहाजको विगत पनि दर्दनाक छ। यही जहाज पछिल्लो ६ महिनाको अवधिमा ११९ दिन (चार महिना) ग्राउन्डेड भएको छ। यसअघि ३१ असारमा दायाँ इन्जिन बिग्रिएर ग्राउन्डेड भएको जहाज इजरायली कम्पनी आइएआईको भाडाको इञ्जिन जडान गरेर ११ असोजदेखि नियमित उडानमा फर्किएको थियो। त्यसबेला साढे दुई महिना जहाज ग्राउन्डेड हुँदा निगमले ८० करोडभन्दा बढी आम्दानी गुमाउनुपरेको थियो। साथै, निगमको अन्तर्राष्ट्रिय उडान पनि अस्तव्यस्त बनेको थियो।

निगमसँग अन्तर्राष्ट्रिय उडानका लागि दुईवटा न्यारोबडी र दुईवटा वाइडबडी छन्। थोरै जहाज हुनाले सोमबार अर्को न्यारोबडी जहाज ९एन-एकेडब्लूमा प्राविधिक समस्या आउँदा काठमाडौं-बैंकक उडानका डेढ सय यात्रु अलपत्र परेका थिए। दुईवटै न्यारोबडी जहाज ग्राउन्डेड हुँदा यात्रुलाई समयमै गन्तव्यसम्म पुऱ्याउन जहाजको अभाव खड्किएको छ। दुईपटकसम्म जहाज चढाएर ओरालेपछि यात्रुहरूले नाराबाजीसमेत गरेका थिए।

विगतमा इन्जिन बिग्रँदा सात महिनासम्म झुलाएको कम्पनीलाई नै निगमले एमआरओ नियुक्त गर्दा फेरि धोका

निगम व्यवस्थापनले न्यारोबडी जहाजको लिजसहित इन्जिन मर्मतका लागि इजरायली कम्पनी आइएआईलाई एमआरओ नियुक्त गरेको छ। तर, सम्झौताबमोजिम तोकिएकै समयमा इन्जिन भाडामा दिन र निगमको इन्जिन मर्मत गर्न आइएआई अक्षम साबित भएको छ। यसअघि अर्को न्यारोबडी एकेडब्लूको इन्जिन मर्मतका लागि सात महिनासम्म झुलाउने कम्पनीलाई नै निगम व्यवस्थापनले मिलीभगतमा फेरि इन्जिन मर्मतका लागि जिम्मेवारी सुम्पिएको थियो।

'इन्जिन मर्मत र भाडामा लिन एउटै कम्पनी छानिएको छ, जुन सार्वजनिक खरिद ऐनविपरीत छ),' स्रोतले भन्यो, 'त्यसमाथि ब्ल्याक लिस्टेड' गर्नुपर्ने कम्पनीलाई आपसी समझदारीमा दुई वर्ष अवधि थप्न पाउने गरी ६ वर्षसम्मका लागि एमआरओ नियुक्त गरिएको छ।' एउटै कम्पनीले लिज र मर्मतको जिम्मेवारी पाउँदा आफ्नो इन्जिनको भाडा अवधि लम्ब्याउन मर्मतमा ढिलाइ गरिदिने सम्भावना रहन्छ।

सम्झौताबमोजिम आइएआईले ६५ दिनमा इन्जिन मर्मत गरेर हस्तान्तरण गरिसक्नुपर्थ्यो। तर, कम्पनीले एक सय १७ दिनसम्म पनि इन्जिन मर्मत गरिदिएको छैन। ३१ भदौमा निगम एकेएक्स जहाज इजरायल पठाएर इन्जिन मर्मतका लागि आइएआईलाई हस्तान्तरण गरेको थियो। स्रोतको दाबी छ, 'आइएआईले फेब्रुअरी अन्तिमसम्म मात्र इन्जिन मर्मत गरेर दिन सक्ने बताएको छ।' तर, यो विषयलाई निगम नेतृत्वले गुपचुप राखेर अहिले नै जहाज इञ्जिन फेर्न भन्दै इजरायल पठाएको छ।

एमआरओ सम्झौताअनुसार निगमले इञ्जिन बिग्रिएको जानकारी गराएको एक सातासम्ममा आइएआईले भाडाको इन्जिन उपलब्ध गराउनुपर्ने थियो। तर, जहाज ग्राउन्डेड भएको ४४ दिन पुग्दासम्म पनि आइएआईले भाडाको इन्जिन जोहो गरिदिन सकेको छैन। आइएआईले निगमलाई भाडामा इन्जिन उपलब्ध गराउन नसक्ने जानकारी गराएको छ। 'एमआरओ कम्पनीले लिजमा दिन इन्जिन पाएनौँ भन्यो, हामी आफैँले पनि इन्जिन खोजेका थियौँ, तर ठ्याक्कै मिल्ने इन्जिन भेटिएन,' निगमका प्रवक्ता पौडेलले भने, 'भाडाको इन्जिन भेटिएको भए हामी आफैले आइएआईलाई जानकारी गराएर ल्याउने योजना थियो।'

क्षमतावान् कम्पनी एमआरओ नियुक्त गर्नेभन्दा पनि निगम व्यवस्थापन कमिसन सेटिङमा लागेपछि यस्तो समस्या आएको स्रोतको दाबी छ। यदि आइएआईले इन्जिन मर्मत गरेर हस्तान्तरण गर्न फेब्रुअरी अन्तिमसम्म (९४ दिन) पुऱ्याए निगमलाई भाडाको इन्जिनबापत दैनिक दुई हजार डलरको दरले दुई करोड ८४ लाख नोक्सानी ब्यहोर्नुपर्नेछ। यस्तै, एक अर्ब सात करोड रुपैयाँ आम्दानी गुम्ने खतरा हुनेछ।

आइएआईले इञ्जिन मर्मत गरेर नसक्दै जहाज इजारयल पठाउँदा त्यहीँ थन्किने देखिन्छ। जसले गर्दा जहाज उडाएर लैजाने पाइलटहरू, इञ्जिनियर र क्याबिन क्रुको अतिरिक्त खर्च समेत ब्यहोर्नुपर्ने हुन्छ। 'नेपालमा जहाज ग्राउन्डेड हुँदा सरकारदेखि सर्वसाधारणसम्म चौतर्फी विरोध भइरहेको छ, त्यसैले निगम नेतृत्व इन्जिन ल्याउन जहाज इजरायल पठाइसकेको भनेर पन्छिन खोजेको हो,' स्रोतले भन्यो, 'जहाज इजरायल पठाउँदा चालक दलको खर्च, इन्स्योरेन्स, दैनिक चेकजाँचलगायतमा झन् धेरै खर्च हुने देखिन्छ।'

आइएआईसँगको सम्झौताबमोजिम समयमै भाडामा इन्जिन नदिए 'लस अफ फ्लाइट' र इन्जिन मर्मत गर्न नसके 'पेनाल्टी' लगाउनुपर्नेमा निगम व्यवस्थापनले हालसम्म क्लेम नगरेको बुझिएको छ। बरु उल्टै भाडाको इन्जिन झुन्डाएर दैनिक दुई लाख ६६ हजार रुपैयाँका दरले यत्तिकै आइएआई कम्पनीलाई बुझाउँदै आएको छ।

निगमले कुनै जहाज ग्राउन्डेड भइहाले तत्कालै भाडाको इन्जिन ल्याउन र बिग्रिएको इन्जिन मर्मत गर्न दिन भन्दै आपसी सहमतिमा दुई वर्ष समय थप्न सकिने प्रावधानसहित चार वर्षका लागि एमआरओ छनोट गरेको हो। 'जहाज ग्राउन्डेड भएपछि सार्वजनिक टेन्डर आह्वान गरेर कम्पनी छनोट गर्दा समय लागेको र यसले निगमलाई घाटा मात्रै हुने भएकाले लङटर्मका लागि एमआरओ नियुक्त गरिएको हो,' स्रोतले भन्यो, 'तर, पहिल्यै एमआरओ छनोट गर्दा पनि समस्या सुल्झिन सकेन।

एमाले सहमतिमा...

पृष्ठ १ बाट क्रमशः

बहुमतीय प्रक्रियामा अगाडि बढ्ने निष्कर्षमा पुगेको नेताहरूले बताएका छन्। हिउँदे अधिवेशन आह्वान गर्नुअघिसम्म एमालेसँग सहमतिको प्रयास गर्ने र एमाले सहमतिमा नआए प्रक्रियामा जाने नेताहरूको भनाइ छ।

बिहीबार बसेको कानुन समितिको बैठकमा सत्तारुढ दलका सांसदहरूले सहमति नजुटे प्रक्रियाबाट टुंग्याउने आफूहरूको तयारी सुनाएका छन्। कांग्रेस प्रमुख सचेतक रमेश लेखकले विधेयकमा सत्तापक्षको अडान दोहोऱ्याउँदै सहमति हुन नसके प्रक्रियामा जानुपर्ने धारणा राखेका थिए।

लेखकले पहिलोपटक बहुमतीय प्रक्रियामा जानुपर्ने भनेपछि सत्तापक्षको तयारी सतहमा आएको हो। '१७ वर्षसम्म यसलाई सहमतिमै टुंग्याऔँ, अल्पमत-बहुमत गर्नुहुन्न भन्ने एउटा पात्र म पनि हो,' उनले भने, 'तर, अब म पनि कुन ठाउँमा पुगिराखेको छु भने यदि यो सहमतिमा टुंगिँदैन भने अब एग्री टू डिस एग्री भएर जाऔँ। अब प्रक्रियामा जाऔँ।'

अझै पनि ८/१० दिन सहमतिको अधिकतम प्रयत्न गर्नुपर्नेमा जोड दिँदै लेखकले थपे, 'तर अनन्तसम्म सहमति भनेर नबसौँ। आउने अधिवेशनको पहिलो दिनमा यो विधेयक सभापतिले प्रतिवेदनसाथ सदनमा प्रस्तुत गर्नुपर्छ।'

पीडित, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायबाट ऐन टुंग्याउन दबाब रहेको भन्दै लेखकले अब झुटा कुरा गरेर ढिलाइ गर्ने अवस्था नरहेको बताए। 'पीडितहरूले तपाईंहरू यसलाई पास गर्नुस्, धेरै ज्यादा शब्दमा खेलेर राजनीति गर्नुभयो भने ठीक हुँदैन, हामी आन्दोलन गर्छौं भनिरहनुभएको छ। अन्तर्राष्ट्रिय समुदायले बारम्बार संक्रमणकालीन न्याय कहिले टुंग्याउने हो भन्छ। मिडिया, नागरिक समाजलगायत चौतर्फी प्रश्न छ,' उनले भने, 'त्यसैले अबको हप्ता १० दिनमा सहमतिमा टुंग्याऔँ। यदि यो सहमतिमा टुंगिँदैन भने प्रक्रियामा जाऔँ।' सदन यसपटक इतिहासमै पहिलोपटक बजेटमा मतविभाजन भएकाले संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा मतविभाजनमा जान डर मान्नुपर्ने अवस्था नरहेको उनको भनाइ थियो। शान्ति प्रक्रियाको बाँकी काम संक्रमणकालीन न्यायलाई टुंग्याउन सरकारले ल्याएको विधेयकमा चारवटा विषय मिलेको छैन। सत्तापक्ष र एमालेका यसमा आ-आफ्नै अडान छन्।

प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिमा रहेको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकमा नमिलेको पहिलो विषय हो, मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषा। परिभाषामा स्वेच्छाचारी रूपमा क्रूरतापूर्वक (आर्बिटरी) गरिएको हत्या लेख्ने कि दोहोरो भिडन्तबाहेक गरिएको हत्या राख्ने भन्ने विषय मिलेको छैन। सत्तापक्षले क्रूरतापूर्वक हत्या लेख्नुपर्ने भनेको छ भने एमालेले दोहोरो भिडन्तबाहेक गरिएको हत्या राख्नुपर्ने अडान लिएको छ।

दोस्रो, मानव अधिकारको उल्लंघनको घटनामा मेलमिलापको लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने भन्ने मिलेको छैन। सत्तापक्षले स्वतन्त्र सहमति नभएमा मेलमिलाप हुँदैन भनेर बुझ्नुपर्ने जिकिर गरेको छ भने एमालेले स्वतन्त्र सहमति नभएमा अदालती प्रक्रियाबाट न्याय निरूपण हुने भनेर बोल्नुपर्ने माग गरेको छ।

तेस्रो, द्वन्द्वमा संलग्न बालसेनालाई परिपूरण (राहत र सहयोग) मा समेट्दा कुन शब्दको प्रयोग गर्ने विवाद छ। सत्तापक्षले बालसेनाबाहेक अन्य कुनै शब्द लेखेर समेट्न सकिने लचिलो लाइन लिएको छ भने एमालेले अयोग्य लडाकुलाई लोकतान्त्रिक योद्धा भनेर न्याय गर्नुपर्ने तर्क राखेको छ।

चौथो, घटी सजायका सम्बन्धमा आधार कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने वा प्रतिशत नै तोक्ने भन्ने विषय टुंगिएको छैन। यसमा एमालेले निश्चित प्रतिशत तोक्नुपर्ने अडान लिएको छ। सुरुमा आधार कारण खुलाएर न्यायाधीशले तजबिजीमा सजाय कम गर्ने पक्षमा रहेको सत्तारुढ अब भने प्रतिशत तोकेर जान पनि तयार भएको छ।

नमिलेका चारवटा विषयमा छलफल गर्न बिहीबार बसेको कानुन समितिको बैठकमा एमाले सचेतक महेश बर्तौलाले आफ्ना विषयहरू जनता र पीडितहरूको हितमा रहेको भन्दै यसलाई नसमेटिए प्रक्रियामा जान नसकिने बताए। 'चारवटा विषयमा हाम्रो विषय समावेश हुन सक्यो भने हामी ठीक ठाउँमा पुग्छौं,' उनले भने, 'यदि होइन भने विधेयक अगाडि बढाउने आफ्नै प्रक्रिया छ। प्रक्रियामा हाम्रो आफ्नो मान्यता र भनाइ रहन्छ। अल्पमत बहुमत भयो भने पनि प्रक्रियामा अगाडि बढ्ने कुरामा हामी अवरोध गर्दैनौं।' बर्तौलाले यी विषय सहमतिमै टुंग्याएर जानु उपयुक्त हुने पनि जिकिर गरे। 'तत्कालीन सरकार पक्ष र विद्रोही पक्षले मिलीजुली कानुन बनाए भन्ने सन्देश नजाओस् भन्नेमा सचेत छौं। त्यसकारण घनीभूत ढंगबाट छलफल चलाएर टुंग्याएर व्यवस्थित कानुन बनाउन सबैको साझा विषय हो,' उनी भन्छन्। सहमति जुटाउने क्रममा एमालेले रोकिराखेको छ भन्ने प्रचार गलत भएको उनको भनाइ थियो।

बर्तौलापछि बोलेका कांग्रेस प्रमुख सचेतक रमेश लेखकले विधेयकमा सत्तापक्षको अडान दोहोऱ्याए। गम्भीर मानव अधिकार उल्लंघनको परिभाषामा लेखकले स्वेच्छाचारी हत्या अन्तर्राष्ट्रिय रूपमै स्वीकार गरिएको शब्द भएकाले यो उल्लेख गर्दा हुने, स्वतन्त्र सहमति नभएमा मेलमिलाप हुँदैन भनेर बुझ्नुपर्ने, तेस्रो बालसेना नलेखेर द्वन्द्वका सबै पीडितहरू भनेर लेख्नुपर्ने र घटी सजायमा कारणसहित न्यायाधीशलाई छान्न दिने वा प्रतिशत राखेर जान सकिने स्पष्ट पारे। चारमध्ये दुइटा विषयमा लचिलो जवाफ दिएका लेखकले दुइटा विषयमा सहमति जुटाएर सर्वसम्मत अगाडि बढाउनुपर्ने धारणा राखे।

बैठकमा रास्वपा प्रमुख सचेतक सन्तोष परियार, जसपा सांसद रन्जु झा, कांग्रेस सचेतक सुशीला थिङलगायतले पनि आउँदो अधिवेशनमा पेस गर्ने गरी सहमति जुटाउने प्रयास गर्नुपर्ने र नभएमा प्रक्रियाबाट बढाउँदा उपयुक्त हुने धारणा राखेका थिए।

बैठकमा कानुनमन्त्री धनराज गुरुङले फेरि पनि सहमति खोजिने बताए। आगामी १० दिनमा समिति सदस्य, दलका नेता तथा शीर्ष नेतासँग पनि औपचारिक तथा अनौपचारिक संवाद गरेर सहमतिमा टुंग्याउन प्रयत्न गरिने उनको भनाइ थियो। आफूलाई अझै पनि सहमति हुन्छ र आउने अधिवेशनमा पेस भएर सहमतिमै पारित हुन्छ भन्ने लागेको उल्लेख गर्दै मन्त्री गुरुङले भने, 'सहमतिमा पुग्न सकेनौं भने प्रक्रियाबाट जाने सहमति त यहाँ भएको छ नै। तर, त्यहाँसम्म नजाऔँ। ८/१० दिनमा सहमति जुटाऔँ।'

समिति सभापति विमला सुवेदीले टिआरसी विधेयक पारित गर्न सहमतिको हरसम्भव प्रयास गरिने र सहमति नभए प्रक्रियामा जाने कुरामा ध्यानाकर्षण भएको बताइन्।

भिजिट...

पृष्ठ १ बाट क्रमशः

खुलेको छ। दिनमा दुई सयभन्दा धेरै वैदेशिक रोजगारीका लागि भिजिट भिसामा जाने र अध्यागमनमा प्रतिव्यक्ति औसतमा ५० हजार रुपैयाँ घुस लेनदेन हुने गरेको अनुसन्धानले देखाएको छ। जसमा अध्यागमन अधिकृत नरवीर खड्कासमेत पक्राउ परेका छन्। अध्यागमनमा काम गरेका अधिकृत ताराबहादुर कुँवर फरार छन् भने अन्य केही कर्मचारीमाथि प्रहरीले अनुसन्धान जारी राखेको छ। संगठित रूपमै अध्यागमनमा बिचौलियाले सेटिङ मिलाएको प्रहरीको दाबी छ।

दुई वर्षअघि पनि भिजिट भिसामा मानवतस्करी भएको खुलेपछि गृह मन्त्रालयले एक अध्ययन कार्यदल बनाएको थियो। सोही कार्यदलको सिफारिसमा २७ फागुन ०७८ देखि १७बुँदे मापदण्ड बनाएर लागू गरेको थियो। नयाँ कार्यविधि नबनेसम्मका लागि भनेर अस्थायी रूपमा सो मापदण्ड लागू गरिएको थियो। तर, अहिलेसम्म स्वार्थी समूहको चलखेलले नयाँ कार्यविधि बन्न सकेको छैन। सोही १७बुँदेलाई आधार बनाएर अध्यागमनले काम गर्दै आएको छ।

जसमा १२ कक्षा अध्ययन गरेका र वार्षिक ५ लाख आय भएकालाई भिजिट भिसामा जान दिइने उल्लेख छ। सोही कारण नक्कली शैक्षिक प्रमाणपत्र तथा बैंक स्टेटमेन्ट बनाएर मानवतस्करी मौलाएको हो। यो प्रावधानका कारण भिजिट भिसामा विदेश जानेले बिचौलिया समूहलाई मोटो रकम बुझाउनुपरेको अनुसन्धानमा आबद्ध प्रहरी अधिकारी बताउँछन्।

दशगजा मिचेर भारतले पर्खाल लगाएपछि आइसिपी निर्माण विवादमा

सीमा मिचिएपछि नेपालले लगायो रोक



जलेश्वर नगरपालिका- ३ मलिबारा र भारत बिहारको सीतामढी जिल्लाअन्तर्गतको भिठामोड नाकामा भारतले निर्माण गरिरहेको आइसिपी

महोत्तरीमा **रञ्जन भण्डारी**

महोत्तरीको सीमा क्षेत्रमा भारतले निर्माण अघि बढाएको एकीकृत जाँच चौकी (आइसिपी) विवादमा परेको छ। भारतले दशगजा क्षेत्रमा पर्खाल बनाएपछि नेपालले निर्माण प्रक्रियामा रोक लगाएको छ।

जलेश्वर नगरपालिका- ३ मलिबारा र भारत बिहारको सीतामढी जिल्लाअन्तर्गतको भिठामोडस्थित नाकामा भारतले करिब ३३ एकड जग्गामा आइसिपी निर्माण गरिरहेको छ। पहिलो चरणमा जग्गाको चारैतिर पर्खाल लगाएकोमा दशगजा क्षेत्र छोएको भन्दै नेपालले निर्माणमा रोक लगाएको हो। दशगजा क्षेत्र यकिन गरेर मात्र निर्माण नियमित गर्न दिने नेपालको तयारी छ।

नेपाल र भारतबीच खुला सीमा र सीमास्तम्भहरू टाढा-टाढा हुँदा दशगजा क्षेत्र यकिन गर्न समस्या भएको स्थानीय अधिकारीहरूको भनाइ छ। नेपालका सुरक्षा अधिकारीले भारतले बनाउन लागेको पर्खाल दशगजा क्षेत्रमै पर्ने दाबी गरेका छन्। जिल्ला प्रशासन कार्यालय, महोत्तरीको निर्देशनमा सशस्त्र प्रहरीले निर्माण कार्यमा रोक लगाएको हो। महोत्तरीका सिडिओ शिवराम गेलाललले यस विषयमा गृह मन्त्रालयलाई पत्राचार गर्दै प्राविधिक टोली पठाई सीमा यकिन गरिदिन आग्रह गरेका छन्।

गृह मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई पत्राचार गरेको छ। सीमा क्षेत्रको यस्तो विवाद परराष्ट्रसचिवस्तरको संयन्त्रबाट समाधान गर्ने भनिए पनि सो संयन्त्र निष्क्रियजस्तै छ।

रातु नदीको पश्चिमतर्फ निर्माण हुन लागेको आइसिपीले नदीको बहावलाई प्रभाव नपार्ने भएकाले नदी क्षेत्रतर्फ भने समस्या छैन। दशगजा क्षेत्रको विषयमा प्राविधिक टोलीको सहयोग लिएर सीमा यकिन गर्न खोजिएको सिडिओ गेलाललले बताए। सीमाको दुईतर्फ (९.१ मिटर/९.१ मिटर) क्षेत्र दशगजा रहेकोमा भारतले सोही क्षेत्र छोएर आइसिपी बनाउन खोजेपछि सीमा यकिन आवश्यक भएको उनको भनाइ छ।



● **शिवराम गेलाल**
सिडिओ, महोत्तरी

दशगजा क्षेत्रको विषयमा प्राविधिक टोलीको सहयोग लिएर सीमा यकिन गर्न खोजिएको हो। सीमाको दुईतर्फ (९.१ मिटर/९.१ मिटर) क्षेत्र दशगजा रहेकोमा भारतले सोही क्षेत्र छोएर आइसिपी बनाउन खोजेपछि सीमा यकिन आवश्यक भएकाले गृह मन्त्रालयमा पत्राचार गरिएको छ।

दशगजा क्षेत्रमा कुनै पनि पक्षले निर्माणको काम गर्न पाउँदैन। नेपालले भारतलाई दशगजाभन्दा केही पर मात्रै आइसिपी बनाउन आग्रह गरेको थियो। तर, भारतीय पक्षले त्यहीँ बनाउनुपर्ने बताएपछि आफूहरूले सीमा यकिन गर्न केही समय कुर्न आग्रह गर्दै केन्द्रबाटै प्राविधिक टोली ल्याउन खोजेको सिडिओ गेलाललले बताए।

भारतले एक अर्ब भारतीय रुपैयाँको लागतमा आइसिपी निर्माण सुरु गरेको छ। पर्खाल दशगजातर्फ बनाउन थालेपछि नेपाली सुरक्षा टोलीले तत्काल नेपालतर्फको पर्खाल लगाउन रोकेको हो। नेपालले काम रोकेपछि सीमातर्फको पर्खालको कार्य तत्काल छोडेर अन्य विवाद नभएको स्थानको काम भने भारतले जारी राखेको छ। विवाद भएको क्षेत्रमा छिटो समाधान खोज्न उसले नेपाललाई ताकेता गरिरहेको छ।

तर, नेपालतर्फ आइसिपी निर्माणको काम भने सुरु नै हुन सकेको छैन। जग्गा अधिग्रहण र मुआब्जा वितरणको कार्य बाँकी नै रहेकाले कहिले निर्माण सुरु हुने भन्ने यकिन नरहेको जलेश्वर भन्सार कार्यालयका प्रमुख अमित पौडेलले बताए।

प्रधानमन्त्रीको अधिकारमा अङ्कियो संवैधानिक परिषद् विधेयक

प्रधानमन्त्रीसहितको बहुमत कि प्रधानमन्त्रीविनाको बहुमत भन्नेमा विवाद

कमलराज भट्ट/नयाँ पत्रिका

संवैधानिक परिषद्बाट हुने निर्णय प्रक्रियामा प्रधानमन्त्रीको भूमिकालाई लिएर दलहरूबीच विवाद भएको छ। प्रमुख प्रतिपक्षी एमालेले प्रधानमन्त्रीको असहमतिमा बहुमतबाट निर्णय भए मान्नुपर्ने तर्क गरेको छ भने सत्तापक्षले संवैधानिक परिषद्का निर्णयमा अध्यक्ष रहने प्रधानमन्त्रीको सहमति अनिवार्य हुने व्यवस्थामा जानुपर्ने अडान लिएको छ।

सत्ता र प्रतिपक्षीको अडानबीच प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिबाट बिहीबार संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी संशोधन विधेयक पारित हुन सकेन। समिति सभापति रामहरि खतिवडाले विधेयकमा थप छलफल आवश्यक रहेको बताए। 'दलहरूबीच अझै गृहकार्य नपुगेको देखियो। समितिले पनि शीर्ष तहमा अनौपचारिक छलफल गर्छ। सहमति जुटाउने प्रयास हुन्छ, भएन भने संसदीय प्रक्रियाबाट भए पनि विधेयक टुंग्याउँछौं,' उनले भने।

बैठकमा एमाले सांसदहरूले ०६६ को ऐनमा रहेको दफा ६ (७) को 'सहमतिबाट निर्णय हुन नसकेमा परिषद्का सम्पूर्ण सदस्यको बहुमतबाट निर्णय गरिने' व्यवस्थालाई लागू गरेर जानुपर्ने धारणा राखेका थिए। यो व्यवस्थालाई प्रतिस्थापन गर्दै तत्कालीन प्रधानमन्त्री केपी ओलीले ०७७ मा 'अध्यक्षसहित तत्काल बहाल रहेका सदस्यको बहुमतबाट निर्णय हुन सक्ने' गरी अध्यादेश ल्याएका थिए। अध्यादेश सदनले स्वीकार नगरी निष्क्रिय हुँदा ०६६ को ऐनको व्यवस्था पनि निष्क्रिय बनेको थियो। यो व्यवस्था जगाउन सरकारले ल्याएको संशोधन विधेयकमा 'सर्वसम्मतिबाट निर्णय हुन नसकेमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यको बहुमतबाट निर्णय गरिने' प्रस्ताव गरिएको छ।

एमाले सांसद रघुजी पन्तले ०६६ को ऐनमै बहुमतबाट निर्णय गर्ने भनिएकाले अहिले अध्यक्ष र ५० प्रतिशत सदस्य उपयुक्त नभएको जिकिर गरे। संवैधानिक परिषद्मा प्रस्ताव ल्याउने अधिकार अध्यक्षको हैसियतले प्रधानमन्त्रीलाई नै रहेको भन्दै निर्णय बहुमतबाटै हुनुपर्ने जिकिर गरे। प्रधानमन्त्री र ५० प्रतिशत सदस्य भनेर प्रधानमन्त्रीलाई विशिष्ट अधिकार दिँदा डेडलक हुने उनको जिकिर थियो।

माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले प्रधानमन्त्रीविना परिषद्बाट निर्णय हुने विषय मान्य नहुने बताए। 'हाम्रो व्यवस्थामा संसद्को बहुमतप्राप्त व्यक्ति प्रधानमन्त्री हो। ऊबेगर निर्णय हुने कुरा परिकल्पना गर्न सकिँदैन,' उनले भने, 'अध्यक्ष र ५० प्रतिशत भनेको बहुमत मात्र होइन अझ बढी हुन्छ।'

कांग्रेस सांसद दिलेन्द्र बडूले पनि ०६६ को कानुनले अप्ठ्यारो भएपछि अभ्यासका आधारमा सरकारले संशोधन विधेयक ल्याएको बताए। '०६६ को ऐनको दफा ६ (७) ले समस्या गरेकोमा अहिले दफा ६ (१०) ले निकास दिन खोजेको छ,' उनले भने, 'अध्यक्ष र ५० प्रतिशत भन्दा बहुमत हुने भएकाले छलफलमा यसरी आयो। परिषद् निष्क्रिय भइराख्ने बाटो फुकाउन यो विधेयक आएको हो।'

रास्वपा सभापति रवि लामिछानेले ०६६ को ऐनले राम्रै काम गरे पनि अनावश्यक गिजोलिएको तर्क गर्दै प्रधानमन्त्रीलाई कमजोर बनाउने पक्षमा आफू नरहेको बताए। परिषद्बाट नियुक्ति मेरिटका आधारमा भए यो समस्या नै नआउने उनको भनाइ थियो। 'प्रधानमन्त्रीलाई कति अधिकार दिने भन्नेमा अड्कियो। सबै सदस्य एकमत हुँदा प्रधानमन्त्रीले मानेननू् भने के गर्ने भन्ने छ। अनुहार हेरेरभन्दा समग्रतामा हेरेर कानुन बनाउने हो भने खुला रूपमा हेर्नुपर्छ,' उनले भने, 'प्रधानमन्त्री नभई निर्णय नहुने कि प्रधानमन्त्रीविना पनि निर्णय हुन सक्ने हो भन्ने निर्क्योल गरेर जाऊँ। प्रधानमन्त्रीलाई एकदमै कमजोर बनाउने पक्षमा छैन, तर स्वेच्छाचारी बनाउनुपर्छ भन्ने पनि होइन।'

लोसपाका सर्वेन्द्र शुक्लले प्रधानमन्त्रीसहितको बहुमत कि प्रधानमन्त्रीविनाको बहुमत भन्ने अन्योलमा सबभन्दा ठूलो लोकतान्त्रिक संस्था (कार्यकारी प्रमुख)लाई पन्छाएर निर्णय गरियो भने व्यावहारिक नहुने तर्क गरे। 'लोकतान्त्रिक संस्थाको ठूलो लिडर भएकाले प्रधानमन्त्रीलाई पन्छाएर निर्णय गर्न मिल्दैन, दूरगामी परिकल्पना गरौं। प्रधानमन्त्रीलाई पन्छाएर निर्णय भयो भने कतिको प्रभावकारी होला, संस्थाहरूमा कसरी लागू होला ? अझ यसमा होमवर्क जरूरी छ,' उनले भने।

एमालेका कृष्णगोपाल श्रेष्ठ परिषद्को अध्यक्षले पाँचजना सदस्यसँग समन्वय गर्न सक्दैन भन्ने कल्पना गर्न नसकिने बताए। प्रधानमन्त्री कार्यालयका सचिव गणेश पाण्डेयले संवैधानिक परिषद्बाट एउटा त राम्रो मान्छे आओस् र अर्को समयमै नियुक्ति होस् भन्ने संविधानको स्पिरिट रहेको भन्दै निर्णय प्रक्रियामा सहमति नभएमा विकल्पका रूपमा लोकतान्त्रिक प्रक्रिया राखिएको बताए। परिषद्मा अहिले ६ जना सदस्य रहेको भन्दै अध्यक्षलाई सदस्यसँगै राख्दा निर्णय प्रक्रियामा समस्या आउने तर्क गरे। सञ्चारमन्त्री रेखा शर्माले ०६६ को ऐन, विगतमा आएको अध्यादेशको तुलनामा अध्यक्ष र ५० प्रतिशत अझै बढी लोकतान्त्रिक रहेको जिकिर गरिन्। 'मूल ऐनले अप्ठेरो पारेको थियो भन्ने त अध्यादेश आएपछि पुष्टि भयो। अध्यादेशमा अध्यक्षसहित बहुमत भनेको थियो। अहिले अध्यक्ष र ५० प्रतिशत भनेको हो। तात्त्विक भिन्नता छैन,' उनले भनिन्।

संक्षेप

कानुनी रूपमा प्रबन्ध गरेर बालविवाह नियन्त्रण गर्नुपर्छ : देउवा

काठमाडौं/ काग्रेस नेतृ एवं कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति सभापति डा. आरजु राणा देउवाले बालविवाह अन्त्यका लागि लाइसेन्सको व्यवस्था गर्नुपर्ने बताएकी छन्। बालविवाह अन्त्यविरुद्ध ६ प्रदेशका १६ जिल्लामा अभियान चलाउँदै आएको वर्ल्ड भिजन नेपालले बिहीबार आयोजना गरेको कार्यक्रममा उनले सामाजिक सचेतनाका साथै कानुनी रूपमा प्रबन्ध गरेर बालविवाह नियन्त्रण गर्नुपर्ने बताइन्। सामाजिक रूपमा बालबालिकालाई किशोरावस्थामा आउने परिवर्तनबारे सचेत गराउने, अभिभावकलाई बालविवाह गर्दा हुँदा बच्चाले भोग्नुपर्ने शारीरिक तथा मानसिक समस्याबारे सचेत गराउनुपर्ने भन्दै उनले कानुनी रूपमा वडाबाट अनुमति लिएर बिहे गर्ने प्रबन्ध गरेमा बालविवाह नियन्त्रण हुने दाबी गरिन्। महिला तथा बालबालिकामन्त्री सुरेन्द्रराज आचार्यले बिहे गर्ने केटा र केटीको नागरिकता वडाले हेरेर अनुमति दिने व्यवस्था गर्न सकिए बालविवाह अन्त्यमा महत्त्वपूर्ण योगदान पुग्ने बताए। 'वडा कार्यालयमा केटा र केटीको नागरिकता राखेर विवाहको स्वीकृति लिने व्यवस्था नगरेसम्म यो लक्ष्य हासिल हुँदैन। नागरिकता देखाएर विवाहका लागि अनुमति लिने प्रावधान राख्यो भने बालविवाहमा कमी आउँछ। सिफारिस वडाबाटै गच्यो भने समस्यामा धेरै कमी आउँछ,' उनले भने।

एसइई परीक्षा खारेज नगर्न सुझाव

काठमाडौं/ राष्ट्रिय परीक्षा बोर्डले विद्यालय शिक्षा विधेयकमा माध्यमिक शिक्षा परीक्षा (एसइई) खारेज गर्ने प्रावधान नहटाउन सुझाव दिएको छ। संसद्को शिक्षा, स्वास्थ्य तथा विज्ञान प्रविधि समितिमा छलफलका क्रममा रहेको विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विद्यालय शिक्षा विधेयक, २०८० माथि बिहीबार भएको छलफलमा बोर्डका अध्यक्ष महाश्रम शर्माले एसइई खारेज गर्न नहुने धारणा राखेका हुन्। उनले एसइईलाई थप व्यवस्थित बनाउने गरी कानुनमा प्रावधान गर्न आवश्यक रहे पनि एसइईलाई नै खारेज नगर्न सुझाव दिए। 'एसइई खारेज हुनुहुँदैन, बरु यसलाई व्यवस्थित गर्नुपर्छ, यसलाई केन्द्रीकृत नगरी प्रादेशिक रूपमा सञ्चालन गर्न सकिन्छ,' उनले भने, 'तर, एसइई नै हटाउनु राम्रो होइन।' हाल कक्षा १२ सम्मलाई माध्यमिक शिक्षाअन्तर्गत राखिएको छ। बन्दै गरेको विद्यालय शिक्षा विधेयकमा एसइईलगायत प्रावधान खारेज गर्ने उल्लेख छ। तर, एसइईको खारेजीपछि विद्यार्थीको अध्ययनमा ह्रास आउने र थप असर पर्ने धारणा परीक्षा बोर्डले राखेको छ।

भन्सार छली भित्रिएका सात गाडी र एक मोटरसाइकल बरामद

काठमाडौं/ प्रहरीले भन्सार छली नेपाल भित्रिएको विभिन्न कम्पनीका सात गाडी र एउटा मोटरसाइकल बरामद गरेको छ। सवारीसाधन नेपाल भित्र्याउने धन्दामा संलग्न हुनेलाई भने प्रहरीले पक्राउ गरेको छैन। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले काठमाडौंको विभिन्न ठाउँबाट ती सवारीसाधन बरामद गरेको हो। प्रहरीका अुनसार भे.१च ३६९९ नम्बरको स्कार्पियो, डिएल ८ सिबिई ९४९८ नम्बरको क्रेटा, बागमती प्रदेश ०१-०२४ च १२०४ नम्बरको ब्रेजा, युपी २५ सिएस ४८४२ नम्बरको भेन्यु, बा.१६च ४०८५ नम्बरको क्रेटा, बागमती प्रदेश ०१-०२८ च ०५५८ नम्बरको ब्रेजा, बागमती प्रदेश ०१-०२७ च १३८७ नम्बरको ब्रेजा र बागमती प्रदेश ०२-०१२ प १११७ नम्बरको रोयल इन्फिल्ड मोटरसाइकल बरामद भएका छन्। अपरिचित व्यक्तिले विभिन्न गाडी तथा मोटरसाइकल भन्सार छली चोरीपैठारी गरी नेपालमा ल्याएको सूचनापछि प्रहरी निगरानीमा थियो।

डा. दाहालमाथिको निलम्बन फुकुवा

काठमाडौं/ काठमाडौं मेडिकल कलेज (केएमसी) र आवासीय चिकित्सकबीच सहमति भएको छ। बुधबार बेलुकी अस्पताल प्रशासन र चिकित्सकबीच सहमति भएपछि निलम्बन गरिएका चिकित्सक विशद दाहाल बिहीबारदेखि अस्पताल प्रवेश गरेका छन्। यसअघि केएमसी प्रशासनले उनलाई अस्पताल प्रवेशमै रोक लगाएको थियो। शिक्षा मन्त्रालय, संसद्को शिक्षा, स्वास्थ्य तथा सञ्चार प्रविधि समिति, काठमाडौं विश्वविद्यालय, नेपाल चिकित्सक संघ, चिकित्सा शिक्षा आयोगको दबाबपछि मात्रै केएमसीले निलम्बन फुकुवा गरेको हो। केएमसीले आयोजना गरेको हेल्थ क्याम्पमा उपस्थित नभएकोलगायत कारण देखाउँदै डा. दाहाललाई एक महिनासम्म निलम्बन गर्ने निर्णय अस्पताल प्रशासनले गरेको थियो। त्यसयता दुई सयभन्दा बढी आवासीय चिकित्सकले आन्दोलन गर्दै आइरहेका थिए।

मित्रमिलन सहकारीका लेखा संयोजक अधिकारी पक्राउ

कास्की/ पोखरा महानगरपालिका- ९ नयाँबजारस्थित मित्रमिलन बचत तथा ऋण सहकारी संस्थामा भएको ठगी प्रकरणमा संलग्न रहेको आरोपमा प्रहरीले लेखा सुपरिवेक्षण समितिका संयोजक सूर्यबहादुर अधिकारीलाई पक्राउ गरेको छ। सहकारीको रकम हिनामिनाको आरोपमा दोषी देखिएका अधिकारी प्रहरीले पक्राउ पुर्जी जारी गरेपछि फरार थिए। ५७ वर्षीय अधिकारीलाई प्रहरीले बुधबार पोखरा महानगरपालिका- १३ कसेरीस्थित घरबाटै पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता डिएसपी श्रवणकुमार विकले जानकारी दिए। पक्राउ परेका अधिकारीलाई बुधबार नै प्रहरीले अदालतमा उपस्थित गराएकोमा अदालतको काम नसकिएपछि हाल प्रहरी हिरासतमा राखिएको विकले जानकारी दिए।

सहकारी ठगीमा संलग्न भएको आरोप लागेका ३३ मध्ये ६ जना यसअघि पुर्पक्षका लागि कारागार चलान भइसकेका छन्। ठगीको आरोप लागेका अन्य २६ जना फरार छन्। कास्की प्रहरीले सहकारीमा ३१ करोड ७८ लाख रकम हिनामिना भएको प्रतिवेदन जिल्ला सरकारी वकिलको कार्यालयमा ८ पुसमा पेस गरेको थियो। प्रहरीले सहकारीमा भएको ठगीको अनुसन्धानसँगै बचतकर्ताले दिएको उजुरीका आधारमा सो रकमबराबरको बिगो दाबी गर्दै प्रतिवेदन तयार गरी पेस गरेको थियो। त्यसअघि ६ पुससम्म गरी सात सय १४ वटा बचतकर्ताले प्रहरीमा जाहेरी दिएका थिए। ती जाहेरीमा उल्लेख भएका रकम जोड्दा २० करोड ५० लाख ८२ हजार १९ रुपैयाँ ३२ पैसा पुगेको थियो। सहकारीमा कुल बचतकर्ताको संख्या तीन हजार चार सय ४६ जना रहेकोमा प्रहरीमा परेको जाहेरीसँगै प्रतिवेदन, अन्य ठगी भएको रकम र उजुरी दिन नआएका बचतकर्तासमेतको रकम हिसाबसँगै आवश्यक अन्य अध्ययनपछि ३१ करोड ७८ लाख ठगी भएको निष्कर्षसहित प्रतिवेदन तयार गरेर बुझाएको विकले जानकारी दिए।

नागरिक उन्मुक्तिको महाधिवेशन सुरु

धनगढीमा **तेजराज भट्ट**

नागरिक उन्मुक्ति पार्टीको प्रथम अधिवेशन बिहीबारबाट कैलालीको टीकापुरमा सुरु भएको छ। एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठले संयुक्त रूपमा महाधिवेशनको उद्घाटन गरे।

नेपालले स्थापनाको छोटो अवधिमा नागरिक उन्मुक्तिले ठूलो सफलता पाएको बताए। उनले नेपालमा राजतन्त्र फर्काउने प्रयास भइरहे पनि त्यो सम्भावना नरहेको दाबी गरे। गणतन्त्र र अग्रगमनविरोधीले राजसंस्थाका पक्षमा आवाज उठाउन थालेको उनको भनाइ थियो। 'हराइसकेको, कामै नलाग्ने अवस्थामा पुगेको संस्थाको पक्षमा आवाज उठ्न थालेको छ, केही मान्छे खुट्टा उचालिरहेका छन्,' नेपालले भने, 'अब त्यो सम्भावना छैन, एउटा वंशको हातमा शासन दिएर सबैलाई दास बनाउन व्यवस्थाको अब काम छैन।'

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्ति बस्नेतले सुशासन, समृद्धि र सामाजिक न्यायको एजेन्डा लिएर सरकारले काम गरिरहेको बताए। उनले मुलुक प्रगतिको बाटोमा अघि बढिरहेको दाबी गरे। पछिल्ला आठ वर्षमा नेपालमा विद्युत् उत्पादनले फड्को मारेको उल्लेख गर्दै मन्त्री बस्नेतले करिब ९८ प्रतिशत जनताको घरमा विद्युत् पुगेको दाबी गरे।

जनतमत पार्टीका अध्यक्ष सिके राउतले पिछडिएको जाति र वर्गको आवाजलाई राज्यले विभेदका रूपमा हेर्ने गरेको बताए। उनले अधिकार र पहिचानका लागि गरिने आन्दोलनमा पनि राज्यको व्यवहार फरक हुने गरेको भन्दै आफ्नो अधिकारका लागि थारू, मधेसी आफैं लड्नुपर्ने धारणा राखे।

नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीले आफ्नो पार्टी देशको विकासमा लागिपर्ने बताए। विकास निर्माणका गतिविधिमा नागरिकलाई जोडेर जानुपर्ने उनको भनाइ थियो। नागरिक उन्मुक्ति पार्टीले अब आफैं काम गरेर देखाउने उनले बताए।

महाधिवेशनमा ५२ जिल्लाबाट प्रतिनिधि सहभागी रहेको नागरिक उन्मुक्तिले जनाएको छ। तीन दिनसम्म चल्ने महाधिवेशनले अध्यक्षलगायत ३९ जना पदाधिकारीसहित दुई सय ४६ सदस्यीय केन्द्रीय समिति चयन गर्नेछ। थप दुई सय ५५ जना केन्द्रीय सदस्य मनोनीत गरिने बताइएको छ। नागरिक उन्मुक्तिका एक नेताका अनुसार रेशम आफैं अध्यक्ष बन्न चाहेका छन्। यद्यपि, कानुनी रूपमा अध्यक्ष बन्न पाउने-नपाउनेबारे निर्वाचन आयोगसँग परामर्श भइरहेको उनीनिकट स्रोतले बताएको छ। टीकापुर घटनामा दोषी ठहर भएका उनी गणतन्त्र दिवसका अवसरमा राष्ट्रपतिले आममाफी दिएपछि रिहा भएका थिए। कानुनी रूपमा रेशम अध्यक्ष बन्ने अवस्था नभए रञ्जिता नै अध्यक्षमा दोहोरिने बताइएको छ।

बाल यौनशोषण मुद्दामा बम्जन पुर्पक्षका लागि थुनामा

सर्लाहीमा **श्रवण थापा**

तपस्वी रामबहादुर बम्जन भनिने रामलाल बम्जन बाल यौनशोषण मुद्दामा पुर्पक्षका लागि थुनामा गएका छन्। सर्लाही जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद रेग्मीको एकल इजलासले थुनछेक बहसपश्चात् बम्जनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएसँगै महोत्तरीस्थित जलेश्वर कारागार चलान गरिएको हो। उनलाई अन्य कैदीबन्दीको साथ नै कारागारमा राखिएको जलेश्वर कारागारका प्रमुख जेलर रामचन्द्र साहले बताए। जलेश्वर कारागारमा सशस्त्र प्रहरी र नेपाल प्रहरीको सुरक्षा छ।

जिल्ला अदालत सर्लाहीका म्रेस्तेदार सदन अधिकारीका अनुसार थप प्रमाण बुझ्दै जाँदा दोषी ठहरिएबमोजिम हुने भएकाले तत्काललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्न सिदा खान पाउने गरी नजिकैको कारागार कार्यालयमा थुनामा राख्न पठाइदिनु भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७९ बमोजिम पुर्पक्षका लागि थुनामा पठाइएको हो। जिल्ला अदालत सर्लाहीले तपस्वी बम्जनलाई ०८० माघ ७ गतेका लागि साक्षी बकपत्रको तारेख तोकेको छ। प्रतिवादीका तर्फबाट पाँचजना अधिवक्ताले बहस गरेका थिए।

अदालतमा बादीको तर्फबाट जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख कैलाश दाहाल र अधिवक्ता अनन्त न्यौपाने तथा प्रतिवादीका



तर्फबाट अधिवक्ताहरू डा. कुन्साङ लामा, अजय तामाङ, दिलीपकुमार झा, महनिधि सेढाईं र अमृतकुमार लामाले बहस गरेका थिए। बहसमा अभियुक्त तपस्वी बम्जनले आरोप अस्वीकार गरे पनि दसी-प्रमाण तथा पीडितको बयानसमेतलाई आधार मान्दा बम्जनलाई अहिले नै कसुरदार होइन भनिहाल्ने अवस्था नदेखिएको आदेश पत्रमा उल्लेख छ। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) उनलाई मंगलबार काठमाडौंको बुढानीलकण्ठ नगरपालिका- ६ स्थित निवासबाट पक्राउ परेको थियो। पक्राउ परेका बम्जनविरुद्ध जिल्ला अदालत सर्लाहीमा नाबालिकामाथि जबर्जस्ती करणी तथा बाल यौनशोषणको मुद्दा दर्ता भएपछि बिहीबार थुनछेक बहस भएको हो।

बम्जनले सर्लाहीको लालबन्दी नगरपालिका- १२ स्थित आश्रममा रहेको वेला नाबालिका अनुयायीमाथि यौनशोषण गरेको आरोप छ। बाराको निजगढ नगरपालिका- १२ घर भएका बम्जनविरुद्ध जिल्ला प्रहरी कार्यालय सर्लाहीले १० देखि १२ वर्षसम्मको कैद सजाय मागदाबीसहित मिसिल सरकारी वकिलको कार्यालयमा दर्ता गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको हो। जिल्ला अदालत सर्लाहीले २१ असार ०७७ मा बम्जनविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो। त्यसलगत्तै प्रहरीले उनले बस्दै आएका विभिन्न स्थानको आश्रममा छापा मारेको थियो। तैपनि उनी पक्राउ पर्न सकेका थिएनन्। तपस्वी बम्जनविरुद्ध आफ्नै बाल अनुयायीमाथि यौनशोषण गरेको आरोपमा २३ माघ ०७६ मा जिल्ला प्रहरी कार्यालय सर्लाहीमा पीडितको जाहेरी परेको थियो। प्रहरीले अनुसन्धान सम्पन्न गरेर १८ असार ०७७ मा जिल्ला सरकारी वकिलको कार्यालयमा मिसिल दर्ता गरेको थियो।

तपस्वी बम्जनविरुद्ध दायर मुदामा पीडितले २० साउन ०७३ को राति ९ बजेर २० मिनेटको समयमा आश्रम स्थलमै आनी बनेर बसेको वेला विभिन्न किसिमको प्रलोभन देखाई भान्सा कोठामा सुतिरहेको वेला जबर्जस्ती करणी गरी यौन सन्तुष्टि लिएको र डर, धाक, धम्की देखाई पटक-पटक यौनशोषण गरेको बयान दिएकी थिइन्। घटना भएका वेला पीडित बालिका १५ वर्षकी मात्र थिइन्। उनी १८ वर्षकी भएपछि २३ माघ ०७६ मा जिल्ला प्रहरी कार्यालयमा उजुरी परेको हो।

किन सम्झने पृथ्वीनारायणलाई ?

अनेकौं राजनीतिक परिवर्तनपछि पनि पृथ्वीनारायण शाहका काम र विचार राष्ट्रियताका दृष्टिले अझै पनि सान्दर्भिक रहेकाले उनलाई सम्झनुपर्छ



● बुद्धिनारायण श्रेष्ठ

अग्रलेख

नेपालको सिमाना एकीकरण र सुदृढीकरण गर्ने चाहना राख्ने अभियन्ता पृथ्वीनारायण शाहको विभिन्न पहिचान रहेको छ । कतिपयले उनलाई राजाका रूपमा हेर्ने गरेका छन् । तर, उनको क्रियाकलाप अध्ययन गर्दा नेपाल राष्ट्रनिर्माता, पूर्वराष्ट्राध्यक्ष, राष्ट्रप्रेमीको पहिचानसमेत रहेको छ भन्नुपर्ने हुन्छ । भारतमा शासन गरिरहेका अंग्रेजको पन्जाबाट नेपाललाई जोगाउन उनले अनेक रणनीति र कूटनीति अवलम्बन गरेका थिए । ५२ वर्षे जीवनकालमा नेपालको राष्ट्रियता बचाउन र राष्ट्रको संरक्षण गर्न अनेक उक्ति, उपदेश, भनाइ र दिव्य विचार उनले उजागर गरेका थिए । उनको समयकालदेखि हालसम्म नेपालमा वेलावेलामा राजनीतिक उथलपुथल भएका छन् । जस्तो- तत्कालीन जनताले थापा तथा पाँडेकाल भोगेका थिए भने त्यसपछि एक सय चारवर्षे जहानियाँ राणाशासन, प्रजातान्त्रिक काल, पञ्चायती कालखण्ड, पुनः प्रजातन्त्र प्राप्ति, लोकतन्त्र, शाहवंशीय शासनको अन्त्य र हालको संघीय गणतन्त्रात्मक व्यवस्था पनि जनताले अनुभव गरिरहेका छन् । यतिका परिवर्तनपछि पनि पृथ्वीनारायण शाहको उक्ति भनौं वा दिव्य विचार या उपदेश राष्ट्रियताका दृष्टिले अझै पनि सान्दर्भिक रहेकाले अहिले पनि उनलाई सम्झनुपर्छ ।

पृथ्वीनारायणले सानातिना राज्य रजौटालाई एकसूत्रमा बाँध्दै सीमा एकीकरणका शीर्ष अभियन्ताको भूमिका खेलेका थिए । उनले राज्यहरूको एकीकरण गरेजस्तै अहिले देश विकासका लागि सबै नेतालाई विकासमा संलग्न गराउन सक्ने शीर्ष नेता आवश्यक परेको छ भन्ने आमजनताको धारणा रहेको पाइन्छ । सर्वमान्य नेताको भूमिका खेल्ने कार्यको अभावका कारण छिमेकी देशले फितलो सरकारलाई अनेक दबाबमा पार्ने गरेको कुरा वेलाबखत सुनिन्छ । अहिले संसद्मा रहेका राजनीतिक दलहरू वैचारिक रूपमा विखण्डित भइरहेका छन् । एउटै दलमा दुई-तीन खेमा रहेको पाइन्छ । नेता र सहनेतामा अधिकारको बाँडफाँट नमिलेका कारण आफूमुनिका उपनेता, प्रादेशिक नेता, जिल्ला नेतालाई समेटेर अघि बढ्न नसक्नाले कतिपय पार्टीभित्रै किचलो पैदा भएको सर्वसाधारण जनताले महसुस गरेका छन् । यस्ता समस्या समाधानका लागि अधिकारवाला नेता तथा हालिमुहालीमा रहेका पदाधिकारीले पृथ्वीनारायणको उक्तिअनुसार 'मुलुक सबै जातजातिको साझा फूलबारी हो' भन्ने सान्दर्भिक भनाइ मनन गरेको भए र योग्यता र क्षमताअनुसार सबैमा अधिकार र कामको बाँडफाँट गरेर देशलाई आर्थिक समृद्धितर्फ लम्काऔं भन्ने धारणा कार्यान्वयन गरेको भए देशमा राजनीतिक रडाको मच्चिने थिएन होला । यस्तो रडाकोले देश आर्थिक समृद्धितर्फ लम्कने गतिलाई प्रतिकूल प्रभाव पारेको कुरा गरिखाने सामान्य जनताले महसुस गरेका छन् । त्यसैले, यस घडीमा समेत पृथ्वीनारायणको उक्ति सदावहार, सार्थक तथा सान्दर्भिक रहेको आभास हुन्छ ।

पृथ्वीनारायणका उक्तिको सान्दर्भिकता : गत वर्ष राष्ट्रपति विद्यादेवी भण्डारीले पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा २७ पुसमा दिएको शुभकामना सन्देशमा 'तत्कालीन समयमा पृथ्वीनारायण शाहले दिएका उपदेश वर्तमान सन्दर्भमा पनि उत्तिकै मननीय रहेको छ । स्वावलम्बी र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न, जनतालाई अधिकारसम्पन्न बनाई राज्यसँग अपनत्वको भाव कायम राख्न तथा कुशल परराष्ट्र सम्बन्ध सञ्चालनलगायत बहुआयामिक क्षेत्रमा हामीले पृथ्वीनारायण शाहको उपदेशलाई सार्वकालिक सन्दर्भ सामग्रीका रूपमा लिन सक्छौं । राष्ट्रिय एकता दिवसको यस अवसरले हाम्रो मुलुकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय एकतालाई अक्षुण्ण राखी जनताको सुख र समृद्धि हासिल गर्न सबैमा प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गर्दछु' भनेकी थिइन् । उनले सिंहदरबारअगाडि रहेको पृथ्वीनारायणको सालिकमा गई माल्यार्पण पनि गरेकी थिइन् ।

पृथ्वीनारायणले सुरु गरेको सीमा एकीकरणको सम्झनास्वरूप सरकारले गत वर्ष २७ पुसमा नेपाल राज्यभर र विदेशस्थित नेपाली दूतावास तथा कूटनीतिक नियोगमा सार्वजनिक बिदा दिएको थियो । सरकारले यस वर्ष पनि बिदा दिने निर्णय गरेको छ । प्रधानमन्त्रीका हैसियतमा केपी शर्मा ओलीले शाहको २ ९९औं जन्मजयन्तीका अवसरमा ०७७ पुस २७ गते नेपाल राष्ट्रको एकीकरणमा पृथ्वीनारायण शाहको योगदान अतुलनीय रहेको बताउँदै सम्मान व्यक्त गरेका थिए । उनले सामाजिक सञ्जालमा ट्विट गर्दै पृथ्वीनारायणका योगदानको स्मरण पनि गरेका थिए । यसैगरी तत्कालीन प्रधानमन्त्रीहरू माधवकुमार नेपाल, डा. बाबुराम भट्टराई तथा झलनाथ खनालले समेत विभिन्न समय र कार्यक्रममा 'पृथ्वीनारायण शाहको मुलुक एकीकरण अभियान प्रक्रिया समाज विकासको ऐतिहासिक भौतिकवादी दृष्टिकोणले सही थियो' भनेका छन् । तर, पृथ्वीनारायणको उक्ति अनुसरण नगरी व्यवहारमा राजनीतिक नेताहरू एकआपसमा नमिलेका कारण देशमा राजनीतिक अस्थिरता र किचलो उब्जिएको छ ।

पृथ्वीनारायणको कूटनीति : पृथ्वीनारायणलाई सम्झनुपर्ने उनको उक्तिबारे समग्र रूपमा भन्नुपर्दा नेपाल



राष्ट्र, नेपालको राष्ट्रियता, सार्वभौमिकता बचाउन, राष्ट्रिय सीमा संरक्षण गर्न र नेपालीलाई नेपाली भएर बाँच्न उनको सन्देशले योगदान पुऱ्याएको छ । नेपाललाई स्वतन्त्र राष्ट्रका रूपमा सदा खडा गराई उत्तर र दक्षिणका दुवै छिमेकीका दबाबबाट बचाइराख्नुपर्छ भन्ने मनसाय पृथ्वी विचारको कूटनीतिक सार हो भन्नु अत्युक्ति नहोला ।

उनको भनाइ थियो- 'यो राजे दुई ढुंगाको तरुलजस्तो रहेछ, चीन बादशाहसित ठूलो घाहा (मित्रता) राषनु, दषिनको समुद्रका बादशाहसित घाहा ता राषनु, तर त्यो महाचतुर छ' भन्ने उक्तिलाई देशको बागडोर सञ्चालनका लागि मार्मिक दृष्टान्तका रूपमा लिन सकिन्छ । हुन पनि हो, भारत या चीनमध्ये कुनै एकलाई नेपालले चिढ् याउने काम गऱ्यो भने अर्थात् एकातिर लहस्सियो भने नेपाल चिरिप्प नभए पनि नेपाललाई हानि भने पुग्छ, पुग्छ । त्यसैले नेपालले छुरीको धारमाथि हिँड्नुपरेको छ । चतुरोको फन्दामा परेर बीचधारबाट नेपाल दक्षिणतर्फ चिप्लिएमा दक्षिणको चतुराले नेपाललाई खेलाई-खेलाई आफ्नो वशमा नपार्ला भन्न सकिँदैन । वशमा नपरे नुन-तेलसम्म पनि रोकेर पुनः नाकाबन्दी नगर्ला भन्न सकिँदैन । उत्तरतर्फ चिप्लिए उत्तरकै विचारधारामा नेपाललाई डोहोऱ्याएर आफ्नो छत्रछायामा नराख्ला भन्न सकिँदैन ।

> पृथ्वीनारायणलाई पूर्वाग्रही दृष्टिले होइन, नेपाली हुनुको सान र गौरवका साथ उनले पुऱ्याएको योगदानलाई ऐतिहासिक दृष्टिकोणले हेर्नु उपयुक्त हुन्छ । नेपाल राष्ट्र, नेपालको राष्ट्रियता, सार्वभौमिकता र भौगोलिक अखण्डताको जगेर्ना गर्न उनलाई सम्झनु सान्दर्भिक हुन्छ ।

हाम्रा दक्षिणी छिमेकीले चार वर्षअघि 'भारतको राजनीतिक नक्सा' प्रकाशित गरी नेपालको सार्वभौम लिम्पियाधुरा-कालापानी-लिपुलेक क्षेत्रको ३७२ वर्गकिलोमिटर भूभाग सर्लक्क आफ्नो सरहदमा मिसायो । नेपालले प्रतिवाद गर्दै वार्ताका लागि आह्वान गऱ्यो । पाँचपटक 'डिप्लोमेटिक नोट' पठायो । तर, भारतले कहिले कोरोना भाइरस संक्रमण देखाई वार्ता आलटाल गर्ने गरेको र कहिले भने अनुकूल समय नभएको भन्दै आएको थियो । नेपालले विवश भएर तीन वर्षअघि आफ्नो सार्वभौम क्षेत्र अंकन गरी चुच्चे नक्सा प्रकाशित गऱ्यो । यसपछि भारत वार्ताको वातावरण बनाउन उद्यत भएको आभास भएको थियो । तर, वार्ता गर्न आजसम्म तयार भएको देखिँदैन । यस विषयमा नेपालले सशक्त कूटनीति अवलम्बन गर्न सकेको छैन । दक्षिणतर्फको मित्र चतुर छ भन्ने दृष्टान्त अन्य कुराबाट पनि अनुभव गर्न सकिन्छ । नेपालमा प्रत्येक नयाँ प्रधानमन्त्री हुनेबित्तिकै 'रेड कार्पेट' ओछ्याएर स्वागत गर्न तात्तातो निमन्त्रणा पठाइहाल्छ । हाम्रा सरकार प्रमुख पनि लुरुलुरु गइहाल्छन् । भारतका प्रधानमन्त्री भने १२ वर्षपछि मात्र नेपाल आए । मित्रता भनेको त लगभग 'रिसिप्रोसिटी'का आधारमा सुदृढ हुनुपर्ने हो । उनीहरूको ध्येय होला, हामी बोलाउँछौं, उनीहरू आइहाल्छन् । यहीं हामी उनीहरूका कुरा सुनिहाल्छौं, जे सूत्र भन्नुपर्ने हो, उनीहरूलाई भनिहाल्छौं । अनि बेकारमा धाइधाई नेपाल जान किन आवश्यक पऱ्यो र ! हुन पनि त्यस १२ वर्षे समयकालमा झलनाथ खनालबाहेक १३ कार्यकालका नौजना प्रधानन्त्रीले प्राथमिकतासाथ औपचारिक रूपमा भारत भ्रमण गरेका थिए । वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल नियुक्त हुनेबित्तिकै भारत सरकारले बधाई ज्ञापनका साथै भ्रमणको प्रस्ताव गरेको थियो । दाहाल यस वर्ष जेठ १७ गतेदिखि चारदिने भ्रमणमा भारत गएका थिए । उनले नेपाल-भारत सम्बन्धको आत्मीयताको वार्तालाप गरे । तर, नेपालको भौगोलिक अखण्डतासँग गाँसिएको लिम्पियाधुरा सीमा क्षेत्रको समाधानको प्रसंग उठाउन सकेनन् ।

उत्तरको मित्र पनि कम छैन । चीनले यसै वर्ष ११ भदौमा प्रकाशित गरेको नयाँ नक्सामा नेपालको लिपुलेक-कालापानी-लिम्पियाधुराको चुच्चे क्षेत्र देखाएन । भारतीय प्रधानन्त्री नरेन्द्र मोदी चीन भ्रमण गएका वेला नेपालको सम्प्रभुता भएको दार्चुलाको लिपुलेक नाकाबाट ती दुई देशले आ-आफ्नो व्यापार वाणिज्य अभिवृद्धि गर्ने भनी नेपाललाई एक वचन नसोधी सन् २०१५ मे १५ मा सम्झौता गरे । भारतले त बिर्स्यो, तर चीनले यस मामिला र चुच्चे नक्सा सम्बन्धमा नेपाललाई किन सम्झेन ? यस्तै, भारतले नयाँ नक्सा प्रकाशित गरेर नेपालको कालापानी क्षेत्र मिसाएको सन्दर्भमा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता झाओ लिजियानले १८ मे २०२० मा 'कालापानी क्षेत्रबारे नेपाल-भारतबीचको मामिला सुल्झाउन आपसी मित्रवत् कुराकानी जरुरी रहेको छ । नेपाल-भारत दुवैले आपसी मैत्री संवादबाटै सुल्झाउनेमा चीन विश्वस्त छ, एकपक्षीय कदम चाल्दा परिस्थिति थप जटिल हुनेतर्फ ध्यान दिनुपर्छ' भने । तर, चीनलाई राम्ररी नै थाहा भए पनि पुराना नक्सा दस्ताबेजले कालापानी नेपालतर्फ देखाएको छ कहिल्यै भनेन ।

अन्त्यमा, यी सबैको परिप्रेक्ष्यमा पृथ्वीनारायण शाहको विचार, उक्ति, उपदेश भनौं अथवा धारणा, दृष्टिकोण र भनाइ नेपाली राष्ट्रवादको जग हो र नेपाल राष्ट्रको आत्मा हो भन्न सकिन्छ । अहिले नेताबीच एक-आपसमा हानथाप र शक्ति सन्तुलनको अभाव परेका समयमा पनि पृथ्वीनारायणले भुरेटाकुरे राज्यहरूको सीमा एकीकरण गरेजस्तै वर्तमान राजनीतिक नेताहरूको छरिएर रहेको विचार एकीकरण भए नेपालको आर्थिक समृद्धि उकालो लाग्ने थियो ।

मुख्य कुरो, पृथ्वीनारायण शाहले त्यतिखेर जे-जस्तो धारणा राखेका थिए, तीन शताब्दीपछि आज पनि ती विषय उत्तिकै सान्दर्भिक छन् । उनले नेपाललाई 'दुई ढुंगाबीचको तरुल' भनी छिमेकको सम्बन्धलाई जुन हिसाबले व्याख्या गरेका थिए, त्यो आज पनि मननीय छ । त्यसैले अहिलेको अवस्थामा पृथ्वीनारायणलाई पूर्वाग्रहको दृष्टिकोणले होइन, तर नेपाली हुनुको सान र गौरवका साथै उनले पुऱ्याएको योगदानलाई ऐतिहासिक दृष्टिकोणले हेर्नु उपयुक्त हुन्छ । त्यसैका आधारमा आजको घडीमा समेत उनको उक्ति सदावहार तथा सार्थक रहेको आभास हुन्छ । हामीले नेपाल राष्ट्र, नेपालको राष्ट्रियता, सार्वभौमिकता र भौगोलिक अखण्डताको जगेर्ना गर्न उनलाई सम्झनु सान्दर्भिक हुन्छ ।

३ प्रश्न

त्रिवि संस्कृति विभागका पूर्वप्रमुख **प्राडा डिल्ली ओली**लाई



आजको सन्दर्भमा पृथ्वीनारायण शाहलाई कसरी सम्झनु ठीक हुन्छ ?

आजका दिनमा पृथ्वीनारायणको उपादेयता, औचित्य, गरिमा र महत्त्व हवात्तै बढेको छ । देशको अवस्था निकै बिग्रेको छ । चित्त बुझ्काउने ठाउँ नै छैन । हिजो संसारभर अंग्रेजको दबदबा रहेको समयमा पृथ्वीनारायण नभएको भए नेपाल राष्ट्र नै रहँदैनथ्यो । यो भारतको एउटा प्रान्त हुने थियो । पछिल्ला समयका शाहवंशीय केही राजा र तिनका कामलाई हेरेर पृथ्वीनारायणमाथि पनि धारेहात लगाउनु एकदमै गलत हो । यो देशको सार्वभौमिकता र भूगोलमाथि गर्व गर्ने हो भने पृथ्वीनारायणलाई बिर्सनै मिल्दैन । त्यसैले, आजका दिनमा उनलाई इज्जतसाथ सम्झनुपर्छ ।

पृथ्वीनारायण एकीकरणकर्ता हुन् कि राज्य विस्तारक ?

अहिले मानिसले जे-जसरी परिभाषा गरे पनि पृथ्वीनारायण नेपाल राष्ट्रका एकीकरणकर्ता नै हुन्, राज्य विस्तारक होइनन् । उनले राज्य विस्तार गरेका भए यो देशको नाम गोर्खा नै राख्ने थिए । उनले समृद्ध नेपाल उपत्यकाको सम्मान गरी सबैले स्विकार्न सक्ने 'नेपाल' नामलाई नै देशको नाम बनाए । उनले आफ्ना पुर्खा द्रव्य शाहले सुरु गरेको गोर्खा राज्यलाई समेत नेपाल राष्ट्रमा मिलाएर यो देशको एकीकरण गरेका हुन् । कथं यो राज्य विस्तार नै हुन्थ्यो भने पनि त्यतिखेरको समयमा यो गलत हुन्थेन ।

पृथ्वीनारायणका काम र विचार आज कति सान्दर्भिक छन् ?

अत्यन्त धेरै सान्दर्भिक छन् । उनले जीवनको अन्त्यतिर लेखाएका उपदेशहरू आजको राजनीति, कूटनीति, भूराजनीति हरेक कोणबाट हेर्दा कालजयी छन् । अहिलेका राज्यका हर्ताकर्ताले तिनलाई मनन गरेर कार्यान्वयन गर्ने हो भने यो देश धेरै माथि जान सक्छ ।

प्रेरक प्रसंग

काम गर्दै, पढ्दै

अमेरिकाको कुनै गाउँमा एउटा लुरे केटो बस्थ्यो । उसको परिवार अत्यन्त गरिब थियो । भीषण गरिबीकै कारण उसको शरीरमा हम्मेसि नयाँ र राम्रा लुगा पर्दैनथे । केटाको परिवारले उसको स्कुलको शुल्क तिर्नसमेत सक्दैनथ्यो । उनीहरूसित बस्नका लागि राम्रो घर पनि थिएन । यस्तोमा उसले ठीकसँग शिक्षा प्राप्त गर्न सकिरहेको थिएन । यसै कारणले गर्दा ऊ उदास रहन थाल्यो ।

एक दिन ऊ सडकको किनारमा उदास भएर सोचिरहेको थियो । त्यति नै खेर एउटा मानिस टाउकामा धेरै सामान राखेर हिँडिरहेको उसले देख्यो । ऊ सोही मानिसलाई हेर्दै थियो । त्यति नै खेर त्यो मानिस कतै ठोक्किएर लड्यो । यो देख्नासाथ त्यो केटो उसको छेउमा गयो र उसलाई सहारा दिएर उठाइदियो । त्यो मानिसले उसलाई आफ्ना केही सामान बोकेर स्टेसनसम्म पुऱ्याइदिन आग्रह गऱ्यो । यस केटाले पनि केही नबोली खुरुक्क केही सामान बोकेर रेलवे स्टेसनसम्म पुऱ्याइदियो ।



केटाको त्यस सहयोगका लागि ती व्यक्तिले उसलाई पुरस्कारका रूपमा केही पैसा दिए । त्यो पैसाले उसले किताब किन्यो । त्यसपछि ऊ सधैं स्टेसन आउन-जान थाल्यो र यसरी मानिसको सहायता गरेर पैसा कमाउन थाल्यो । यसरी उसले अत्यन्त कडा मिहिनेत गरी पढाइ पूरा गऱ्यो । ऊ कानुन व्यवसायी बन्न चाहन्थ्यो । आखिर आफ्नो मिहिनेतको बलमा ऊ साँच्चै कानुन व्यवसायी बन्न सफल भयो । यही केटो एक दिन अमेरिकाको सोह्रौं राष्ट्रपति बन्न सफल भयो । जसको नाम थियो, अब्राहम लिंकन ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सरकार कसको पक्षमा छ ?

सरकारले मिटरब्याजीलाई कारबाही गर्ने भनेर छानबिन समिति पनि बनायो । त्यसले प्रतिवेदन पनि दिइसक्यो । तर, सरकारले अझै पनि मिटरब्याजीहरूलाई कारबाही गरी पीडितलाई न्याय दिन आलटाल गरिरहेको छ । यो सरकार मिटरब्याजीको पक्षमा छ कि मिटरब्याजपीडितको पक्षमा ? सरकारले फटाफट कानुन बनाएर मिटरब्याजका नाममा गरिब जनतालाई लुट्ने मिटरब्याजीलाई कारबाही गर्न केले रोकिरहेको छ ? के सरकार मिटरब्याजीबाट डराएको हो ? के सरकारले मिटरब्याजीलाई कारबाही गर्न नसक्ने नै हो ? के सरकार मिटरब्याजपीडितलाई थप पीडा दिन चाहन्छ हो ? होइन भने सरकारले मिटरब्याजीलाई कानुनी दायरामा ल्याउन किन आलटाल गरिरहेको छ ?

● **सुन्दर स्याङ्तान**, बल्खु, काठमाडौं

किसानको बक्यौता तिर

चितवन जिल्लाका मात्र ४० हजारभन्दा बढ्ता दूध-किसानको २२ करोडभन्दा बढी बक्यौता रहेको समाचार पढियो । दूधलगायत कुनै पनि खाद्यवस्तुका प्राथमिक उत्पादक किसानले नै समयमा भुक्तानी नपाउने हो भने तिनले भविष्यमा कसरी र केका लागि उत्पादन गर्छन् । दूधको भुक्तानी नपाउँदा दूध किसानले पशुचौपाया नै नपाल्ने, उखु किसानले उखु खेती ने नगर्ने, तरकारी किसानले तरकारी खेती नगर्ने अवस्था आयो भने यो देशको हालत के होला ? त्यसैले, समयमै किसानको बक्यौता तिर ।

● **मुक्ति महतो**
जनकपुरधाम, धनुषा

खुसी जगाउने समाचार

नेपालबाट विगत पाँच महिनामा तीन अर्बको अलैंची निर्यात भएछ । कुनै पनि वस्तुको निर्यात बढ्नु खुसीको विषय हो । झन् 'कालो सुन' भनेर चिनिने अलैंचीले राम्रो बजार भाउ पाएर निर्यात हुनु खुसीकै विषय हो । तर, यसरी भाउ बढिरहेको समयमा यसको सम्पूर्ण फाइदा किसानसम्म पुग्न नदिएर बिचौलियाहरू आफू मोटाइरहेका पनि हुन सक्छन् । यसतर्फ स्थानीय, प्रदेश र संघीय सरकारको ध्यान जानु जरुरी देखियो । किसानलाई सहुलियत दिएर थप अलैंची उत्पादन गरी निर्यात गरौं ।

● **सुदर्शन कार्की**
मैतीदेवी, काठमाडौं

खुलामञ्चलाई खुलै राख

काठमाडौं महानगरले राजधानीको खुलामञ्चमा दुइटा फुटबल मैदान बनाउन लागेको समाचार पढियो । खुलामञ्चको एउटा अलग्गै इतिहास छ । यस मैदानमा राजनीतिक आन्दोलनका क्रममा ठुल्ठूला आमसभा भएका छन् । आन्दोलनकारीले यसै मैदानबाट शासकको मुटु थर्किने गरी हाँक दिएका छन् । केही वर्षअघि खुलामञ्चलाई बसपार्क बनाइँदा आन्दोलनकारीले नारायणहिटी दरबारअघिको सडक नै कब्जा गरेर आमसभा गरेको हामीले बिर्सेका छैनौं ।

राजधानीजस्तो व्यस्त सहरमा खुलामञ्चजस्तो खुला स्थान आवश्यक पनि छ । यस्तो खुला स्थान खासगरी भूकम्पजस्ता विपत्तिको क्षणमा मानिसलाई सुरक्षित राख्न पनि आवश्यक छ । खुलामञ्चलाई व्यवस्थित गराउन मैदानमा दुबो रोप्ने र छेउछाउ र बीचबीचमा पनि रुखहरू रोपेर बस्ने स्थान पनि बनाइदिने हो भने यो एउटा नमुना पार्क पनि बन्न सक्छ । आवश्यक परेको समयमा यहाँ आमसभा या अन्य कार्यक्रम गर्नसमेत सकिन्छ । त्यसैले, खुलामञ्चलाई खुला नै रहन दिनुपर्छ । यहाँ महानगरले भनेजस्तो भूमिगत पार्किङ या फुटबल मैदान बनाउनु हुँदैन । खुलामञ्चको नजिकै देशको पुरानो र ठूलो वीर अस्पताल छ । खुलामञ्चमा फुटबल मैदान बनाउँदा यहाँको नियमित होहल्लाले अस्पतालका बिरामीलाई समेत असर पर्न सक्छ । यसतर्फ पनि सरोकारवालाको ध्यान जानु जरुरी छ । टुँडिखेलको सौन्दर्यीकरण जरुरी छ । तर, त्यसैका नाममा यहाँ गरिने कुनै पनि व्यापारिक क्रियाकलाप भने कुनै हालतमा स्वीकार्य हुन सक्दैन । यसतर्फ महानगर नेतृत्वको अविलम्ब ध्यान जाओस् ।

● **सुकीर्ति खड्गी**, बबरमहल, काठमाडौं

के जो बाइडेन नयाँ जिम्मी कार्टर हुन् ?

इतिहासले अमेरिकी जनताले सकारात्मकता रोज्ने देखाए पनि यसले अमेरिकी जनता आश्चर्यजनक नतिजा ल्याउन उद्यत् हुन्छन् भन्ने पनि देखाउँछ



देश / विदेश

● ब्यारी आइचनग्रिन

सन् २०२३ का अमेरिकी राष्ट्रपति जो बाइडेनलाई सन् १९७९ का अमेरिकी राष्ट्रपति जिमी कार्टरसँग तुलना गरिँदै छ । सन् १९७९ का घटनाक्रमका कारण लगत्तैको वर्षमा कार्टरको पुनः चुनावी विजय हासिल गर्ने सपना तुहिएको थियो । अहिले सन् २०२३ को घटनाक्रम हेरेर यही नोभेम्बरको चुनावमा बाइडेनको पनि कार्टरकै जस्तो हालत हुने आकलन देख्न-सुन्न सकिन्छ ।

स्पष्टतः कार्टर र बाइडेन दुवैले निराशाजनक मुद्रास्फीतिको सामना गरेका थिए । तर, कार्टरकालको मुद्रास्फीति धेरै खराब थियो, अर्थात् चुनाव हुनुभन्दा ठीक एक वर्षअघि नोभेम्बर १९८९ मा अमेरिकामा उपभोक्ता मूल्य मुद्रास्फीति १२.६ प्रतिशतमा चलिरहेको थियो । नोभेम्बर २०२३ मा उपभोक्ता मूल्य मुद्रास्फीति निकै कम अर्थात् ३.१ प्रतिशत मात्रै थियो । दुवै मुद्रास्फीतिमा ठूलो अन्तर छ, तर मुद्रास्फीति बाइडेनका लागि राजनीतिक मामिला पक्कै हो । दोस्रो, कार्टरले झैं बाइडेनले केन्द्रीय बैंक फेडरल रिजर्भलाई समस्या समाधान गर्न पूर्ण स्वतन्त्रता दिएका छन् । पल भोकरलाई मुद्रास्फीति मामिलामा जानकार भएका कारण कार्टरले अमेरिकी फेडरल रिजर्भ बोर्डको अध्यक्षका रूपमा चयन गरेका थिए । भोकरले ब्याजदर बढाउनेमा कार्टर जानकार थिए । भोकरको नियुक्तिले राष्ट्रपतिको पुनः निर्वाचन हुने सम्भावनालाई क्षति पुऱ्याउनेछ भनेर कार्टरका राजनीतिक सल्लाहकार बर्ट लान्सको चेतावनी थियो, तैपनि कार्टरले भोकरलाई नियुक्ति गरे । कार्टरले चुनावअघि हस्तक्षेपकारी भूमिका ननिभाउने निर्णय पुराना राष्ट्रपतिको नीतिभन्दा फरक थियो, उदाहरणका लागि रिचर्ड निक्सनको १९७२ चुनावअघिको नीतिलाई लिन सकिन्छ ।

बाइडेनले जेरोम पावेल नेतृत्वको फेडरल रिजर्भलाई पनि घर खरिददार र अन्यको गुनासोका बाबजुद ब्याजदरलाई स्वतन्त्र रूपमा परिवर्तन गर्न दिएका थिए । यसबाहेक फेडरल रिजर्भको आलोचना नगर्ने बाइडेनको नीति उनको पूर्ववर्ती डोनाल्ड ट्रम्पको नीतिविपरीत छ । यसबाहेक दुई राष्ट्रपतिका विदेश मामिला विशेषतः इरान मामिलामा समानता देख्न सकिन्छ । नोभेम्बर १९७९ मा विद्यार्थी प्रदर्शनकारीले तेहरानस्थित अमेरिकी दूतावासमा हमला गरेर ६६ जना अमेरिकीलाई बन्धक बनाएका थिए । लगत्तै पेरिस निर्वासनबाट फर्केका आयोतोल्लाह रुहोल्लाह खोमेनी अमेरिकालाई 'विशाल सैतान'को नाम दिएका थिए । त्यसउपरान्त अमेरिकाप्रतिको नीति पनि 'विशाल सैतान'को आरोपअनुरूप नै भयो । यी बन्धक अन्ततः जनवरी १९८१ मा रोनाल्ड रेगनले शपथ लिएको केही मिनेटमै छुटे । बन्धक छुटाउने प्रयासमा भएको असफलता कार्टरको चुनावी असफलताको कारण बन्यो । र, यो असफल विदेश नीतिको द्योतक बन्यो ।

आज बाइडेन प्रशासनले सिरिया र लेबननामा इरानको आक्रामकता व्यहोरिरहेको छ, अर्थात् इरानले हेजबुल्लाहले इजरायलमाथि गरिरहेको क्षेप्यास्त्र प्रहारको समर्थन गरिरहेको छ । त्यसैगरी, इरानले रेड सीबाट चलिरहेका मालबाहक जहाजमा हाउथी समूहको आक्रमणलाई पनि समर्थन गरिरहेको छ । यसबाहेक गाजामा हमासले बन्धक बनाएका मानिस मूलतः इजरायली छन्, जसमा थौरै संख्यामा इजरायल र अमेरिका दुवैको राष्ट्रियता बोक्ने मानिस छन् । यो अवस्थामा युद्धविराम गराउन नसक्नु वा बन्धक छुटाउन पहलकदमी लिन नसक्नुले बाइडेनको अकर्मण्यता झल्काउँछ । यता अमेरिका समर्थित युक्रेनी सेनाले २०२३ को ग्रीष्मकालीन आक्रमणमा रुसविरुद्ध प्रगति गर्न सकेका थिएनन् । यससँगै रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको आक्रामकतालाई रोक्न अमेरिकी प्रतिबन्ध



तस्बिर : बेटमेन/कन्ट्रिब्युटर

विफल हुनुले अमेरिकी विदेश नीति अव्यस्थित छ भन्ने धारणालाई बलियो बनाएको छ । यो सबैले बाइडेनको स्वीकार्यता सूचकांक (अप्रभल रेट) अत्यधिक घटाएको छ । यो सूचकांक कार्टरको सन् १९७९ को सूचकांकभन्दा निकै कम हो ।

यो तुलना बाइडेनका लागि अर्थपूर्ण छ । स्वयं बाइडेन जब कान्छो अमेरिकी सिनेटर थिए, तब उनले कार्टरका लागि सन् १९८० को चुनाव लडेर राष्ट्रपतिका रूपमा दोस्रो कार्यकालका लागि गरेको प्रयासमाथि शंका गरेका थिए । उनले चुनावले कार्टर वा डेमोक्र्याटिक पार्टीलाई मद्दत गर्छ भन्नेमा शंका गरेका थिए ।

तर, यी समानतालाई एकातिर राख्ने हो भने बाइडेन र कार्टरबीच महत्त्वपूर्ण भिन्नता विशेषतः राजनीतिक अडानमा देखिन्छन् । कार्टर अमेरिकीको चिन्ताजनक मानसिक अवस्था र तिनको मुलुकप्रतिको दृष्टिकोणबारे चिन्तित थिए । जुलाई १९७९ मा उनले 'मेलिज (निराशा) भाषण' गरेका थिए । उनले अमेरिकीको विश्वासको संकटको निन्दा गर्दै 'आफ्नै जीवनमा शंका बढिरहेको' र 'मुलुकका लागि राष्ट्रिय एकता हुन नसकेको' गुनासो गरेका थिए । कार्टरले 'अमेरिकीहरू सरकारमा मात्र नभई नागरिक आफू लोकतन्त्रको अन्तिम शासक र आकारकर्ता हो भन्नेमा पनि' विश्वास गुमाउँदै गएका भनेका थिए । यो भनाइ सुन्दा अहिले पनि सान्दर्भिक लाग्दैन र ?

वास्तवमा कार्टरको भाषण सम्पूर्ण रूपमा नकारात्मक थिएन । तर, भाषणलाई विशेषतः रोनाल्ड रेगनले नकारात्मक बनाएका थिए र यस क्रममा उनले आफूलाई 'खुसी फैलाउने लडाकु'को संज्ञा दिँदै मुलुकमा कुनै निराशा नरहेको जनाएका थिए । यो सकारात्मक सन्देशले रेगनलाई राष्ट्रपतिमा निर्वाचित गरेको थियो । सन् १९७९-८० ती अँध्यारा दिनमा रेगनको तेजिलो विश्वासले कार्टरको सख्त निराशाजनक अभिव्यक्तिलाई पछारेको थियो ।

अहिलेका राष्ट्रपति बाइडेन सकारात्मक छन्, उनी अमेरिकी राम्रो बाटोमा हिँडिरहेकामा जोड दिन्छन् । बरु ठीकविपरीत बाइडेनका मुख्य प्रतिस्पर्धी ट्रम्प मुलुकमा निराशा रहेको जनाउँछन्, प्रतिशोधको माग गर्छन् र हरेक मोडमा खतरा देख्छन् । इतिहासले अमेरिकी जनता सकारात्मकता रोज्छन् भन्ने देखाएको छ, तर यति भन्दै गर्दा इतिहासले अमेरिकी जनता आश्चर्यजनक नतिजा ल्याउन उद्यत् हुन्छन् भन्ने पनि देखाउँछ ।

(आइचनग्रिन क्यालिफोर्निया विश्वविद्यालय बर्कलेका अर्थशास्त्र एवं राजनीतिशास्त्रका प्राध्यापक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

विश्व–व्यवस्थामा पश्चिमी पकड कमजोर बन्दै

पछिल्ला केही घटनाहरूले विश्व शक्ति सन्तुलनमा अमेरिका नेतृत्वको पश्चिमी प्रभुत्व खस्कँदै गएको संकेत गर्छन्

गत १२ महिना अमेरिका, युरोप र अन्य पश्चिमी मुलुकले अन्तर्राष्ट्रिय राजनीतिक मञ्चमा धेरै धक्का सहे। तथापि, ती विनाशकारी हुने हदसम्म ठूला भने थिएनन्। तर, तिनले विश्वको शक्ति सन्तुलन बिस्तारै अमेरिकाको पकडबाट टाढिँदै गएको संकेत गरे। राजनीतिक हावा धेरै ठाउँमा पश्चिमा स्वार्थविपरीत चल्न थालेको छ। यहाँ तिनै परिवर्तन, तिनको कारण र त्यसका प्रभावबारे चर्चा गरिएको छ :


कृष्णसागरमा पछिल्लो समय केही सफलता हासिल भएको भए पनि रुस-युक्रेन युद्ध युक्रेनका पक्षमा गइरहेको छैन। बृहत्तर अर्थमा भन्दा यो युद्ध युक्रेनका सहयात्री नेटो र युरोपेली संघका लागि सुखद भइरहेको छैन। तिनले युद्ध युक्रेनको पक्षमा फर्काउन सुरुदेखि ठूलो आर्थिक तथा सैन्य सहयोग दिँदै आएका छन्। सन् ०२३ को सुरुवातमा नेटोका शीर्षस्थ अधिकारी निकै आशावादी देखिन्थे। पश्चिमका शक्तिशाली हतियार र पश्चिमी देशबाट प्रशिक्षित सेना लिएर युक्रेनले रुसीहरूलाई तिनले अतिक्रमण गरिरहेको भूमिबाट बाहिर निकाल्नेछन् भन्ने हदसम्म तिनमा विश्वास थियो। तर, वर्षको अन्त्यसम्म आइपुग्दा त्यस्तो केही भएन।

समयको विलम्बताले समस्या निम्त्यायो। बेलायत र जर्मनीले तिनको देशमा बनेका अत्याधुनिक तोपहरू क्रमशः च्यालेन्जर २ र लेपर्ड २ युक्रेनमा पठाउन लामो समय लगाए। ती देशका नेतालाई ठूला हातहतियार सहायताले राष्ट्रपति पुटिनलाई गम्भीर जवाफी कदम उठाउने बहाना देला भन्ने डरले समातेको थियो। ढिलो गरेर तिनले युक्रेनलाई तोप त दिए, तर पुटिनले कल्पना गरिएजस्तो कुनै कदम चालेनन्।

ठूला अत्याधुनिक तोप युद्धभूमिमा तैनाथ हुन तयार हुँदा (जुनसम्म) रुसी कमान्डरहरूले युक्रेनको मुख्य निसाना कहाँ हुनेछ भन्ने सही अनुमान लगाइसकेका थिए। युक्रेनको प्रत्याक्रमण फौज जापोरिझिया ओब्लास्टबाट दक्षिणतर्फ अजोफ सागरतर्फ अघि बढ्ने र त्यहाँबाट क्रिमियालाई रुसी रसद बन्द गराउने हिसाबले दुई चिराबाट बढिने तिनको प्रक्षेपण एकदम सटिक साबित भयो। रुसीहरू युद्धको सुरुमा किभ कब्जा गर्न असफल भएको भए पनि पछि कब्जामा लिएका जमिनको रक्षा गर्न निकै निपुण देखिए। प्रतिरक्षा रुसी फौजको सबलता देखियो। युक्रेनी ब्रिगेडहरू बेलायत र अन्य स्थानमा तालिम लिइरहँदा र युरोपेली तोप युक्रेनको पूर्वी सीमातर्फ अघि बढ्दै गर्दा रुसी फौज आधुनिक इतिहासकै सबैभन्दा ठूलो, सबैभन्दा व्यापक रक्षात्मक घेराको मजबुतीमा केन्द्रित रह्यो। तोप र फौजका लागि रुसले तयार राखेको बारुदी धराप, बंकर, खाडल, ट्यांक ट्र्याप, ड्रोन र हातहतियार सबैले युक्रेन फौजको बढोत्तरीलाई विफल बनाइदियो। यही बलियो प्रतिरक्षा घेराले युक्रेनको बहुप्रतीक्षित प्रत्याक्रमण असफल बन्यो।

त्यसयता युक्रेन र पश्चिमका लागि परिस्थितिप्रतिकूल बन्दै गएका छन्। युक्रेनलाई गोलाबारुद र सैनिकको निकै अभाव भएको छ। अमेरिकी सांसद(काग्रेस)ले ह्वाइट हाउसको ६० अर्ब डलरको सैन्य सहयोग प्याकेजलाई अगाडि बढाउने प्रयासलाई रोकिरहेको छ। उता, युरोपेली संघको उस्तै ठूलो ६० अर्ब युरोको सहायता प्याकेजलाई हंगेरीले अड्काइराखेको छ। यी दुई प्याकेजमध्ये कुनै एक वा दुवै पछि गएर पारित हुन सक्छ। तर, त्यति वेलासम्म धेरै ढिलो भइसकेको हुन सक्छ।

युक्रेनी सेनाहरू अहिले नै रक्षात्मक स्थितिमा पुगेका छन्। उता मस्कोले भने आफ्नो अर्थतन्त्रलाई युद्धमुखी बनाएको छ। आफ्नो राष्ट्रिय बजेटको एकतिहाइ खर्च रक्षामा छुट्याउँदै युक्रेनको अग्रमोर्चामा हजारौं सेना र हातहतियार तयार राखेको छ। स्पष्ट रूपमा यो परिस्थित गत वर्ष सुरुमा युद्धको लहरलाई



मार्च ०२३ मा हेगस्थित अन्तर्राष्ट्रिय फौजदारी अदालतले पुटिनलाई पक्राउ वारेन्ट जारी गऱ्यो। गिरफ्तारीको डरले देशबाट बाहिरिन नसक्ने र एक्लिने पश्चिमको आशा थियो। तर, त्यस्तो केही भएन। त्यो अभियोग लागेयता पुटिन किर्गिस्तान, चीन, युएई र साउदी अरब पुगिसके। यी सबै देशले उनको स्वागतमा रातो कार्पेट बिछ्याए।

आफ्नो पक्षमा फर्काउने आशा गरेको युक्रेनका लागि निकै निराशाजनक छ। तर यसले पश्चिमालाई किन फरक पर्छ ?

दुई वर्षअघि व्यक्तिगत रूपमा युद्धको आदेश दिएका राष्ट्रपति पुटिनले रुसको कब्जामा रहेका पूर्वी युक्रेनका १८ प्रतिशत भूमि आफूसँग कायम राख्न सके भने पनि जितेको घोषणा गर्न सक्छन्। नेटोले उसको मित्रशक्ति युक्रेनलाई सघाउन आफ्ना हातहतियार खरखजाना लगभग खाली गऱ्यो। यति ठूलो प्रयासका बाबजुद रुसको जित भयो भने उसका लागि यो ठूलो लज्जाको विषय हुनेछ। उता बाल्टिक राज्य-इस्टोनिया, लाटभिया र लिथुआनिया (जो नेटो सदस्य मुलुक हुन्), पुटिनले अहिले युक्रेनमा सफलता हासिल गरे पाँच वर्षभित्र तिनको देश कब्जा गर्न आउने कुरामा विश्वस्त छन्।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन अहिले एक 'वान्टेड' व्यक्ति हुन्, कम्तीमा सिद्धान्तमा। मार्च ०२३ मा हेगस्थित अन्तर्राष्ट्रिय फौजदारी अदालतले पुटिनलाई युक्रेनी बालबालिकाविरुद्ध युद्ध अपराध गरेको अभियोग लगायो। यस निर्णयले पुटिन अन्तर्राष्ट्रिय जगत्मा एक्लिने र गिरफ्तारीको डरले देशबाट बाहिरिन नसक्ने पश्चिमको आशा थियो। तर, त्यस्तो केही भएन। त्यो अभियोग लागेयता पुटिन किर्गिस्तान, चीन, युएई र साउदी अरब पुगिसके। यी सबै देशमा उनको स्वागतमा रातो कार्पेट बिछ्याइयो। उनले दक्षिण अफ्रिकामा भएको ब्रिक्स सम्मेलनमा भौतिक रूपमा उपस्थिति नजनाए पनि भर्चुअल रूपमा सहभागिता जनाए। त्यस्तै युरोपेली संघले एकपछि अर्को गरेर विभिन्न चरणमा लगाएका कैयौं प्रतिबन्धले रुसी अर्थतन्त्र धराशयी हुने र पुटिन युक्रेन अतिक्रमणबाट पछि फर्कन बाध्य हुने अपेक्षा पश्चिमको थियो। तर, रुसी अर्थतन्त्र प्रतिबन्धका सामु घुँडा टेक्नु साटो थप सबल बनेको छ। उसले आफूलाई आवश्यक स्रोत चीन र काजकिस्तानजस्ता अन्य देशबाट लिइरहेको छ। त्यस्तै पश्चिमले खरिद गर्न छाडेको अधिकांश रुसी तेल र ग्यासले नयाँ बजार पाएको छ, छुट मूल्यमा नै सही। यथार्थ के हो भने पुटिनले युक्रेनमाथि गरेको आक्रमण र अतिक्रमण पश्चिमी देशमा घृणाको रूपमा हेरिए पनि विश्वका बाँकी भागमा त्यसरी हेरिएको छैन। धेरै राष्ट्रले युक्रेनमा भइरहेको द्वन्द्वलाई युरोपको समस्याको रूपमा हेरेका छन्। केहीले त नेटोको पूर्वी विस्तार रुसीको दैलोमै पुगेपछि रुसले बाध्य भएर आक्रमण गर्नुपरेको ठानेका छन्। ती राष्ट्र रुसी अतिक्रमणकारी फौजले गरेका व्यापक दमन र दुर्व्यवहारप्रति बेखबर देखिन्छन्।

> सन् ०२३ मा बेइजिङ र वासिंटनबीचको तनाव केही हदसम्म मत्थर भएको देखिएको छ। तर, चीनले दक्षिण चीन सागरको अधिकांश भागमा गरेको दाबीबाट पछि हट्ने कुनै संकेत नदेखाएकाले सम्बन्ध थप न्यानो हुने सम्भावना छैन।

अरबी मुलुकका नेताहरू गाजालाई लिएर पश्चिमको दोहोरो मापदण्डप्रति रुष्ट छन्। हजारौं आमनागरिक मारिएको गाजामा युद्धविरामको प्रस्ताव अस्वीकार गर्ने पश्चिम (विशेष अमेरिका)ले आफूहरूबाट युक्रेनी नागरिकको हत्यामा चाहिँ रुसको निन्दाको अपेक्षा गर्नुलाई अरब मुलुकले पाखण्डका रूपमा हेरेका छन्।

इजरायल-हमास युद्ध २० लाखभन्दा बढी गाजावासीका लागि विनाशकारी साबित भएको छ। त्यस्तै विनाशकारी यो अक्टोबर ७ मा हमासको आक्रमण सामना गरेका दक्षिणी इजरायलीलाई पनि साबित भयो। त्यसबाहेक यो युद्ध अर्को कसैलाई खराब भएको छ भने त्यो पश्चिमका लागि हो।

यस युद्धले विश्वको ध्यान रुसी फौजको बढोत्तरीलाई रोक्न संघर्ष गरिरहेको युक्रेनबाट हटाएर मध्यपूर्वको गाजापट्टीमा सारिदिएको छ। यस युद्धपछि अमेरिकी हतियार किभबाट इजरायलतर्फ जान थाल्यो। पश्चिमका लागि त्योभन्दा ठूलो असर, मुस्लिम र विश्वभरका अरू धेरैको नजरमा अमेरिका र बेलायत गाजा विनाशमा इजरायलको साथमा रहेको भन्ने पऱ्यो। विशेषतः संयुक्त राष्ट्रसंघमा इजरायलविरुद्धका हरेक प्रस्तावलाई अमेरिकाले निस्तेज बनाइदिएपछि त्यो छवि बनेको छ। गाजामा युद्ध सुरु भएपछि त्यहाँ प्यालेस्टिनीमाथिको दमन बन्द हुनुपर्ने माग राख्दै यमनका हुथी विद्रोहीले ड्रोन र मिसाइलमार्फत दक्षिणी लालसागरमा आउजाउ गर्ने जहाजमाथि आक्रमण गरेका छन्। आक्रमणपछि विश्वका ठुवानी कम्पनीले तिनको जहाज पूरै अफ्रिका महादेश घुमाउन बाध्य भएकाले विश्वभर उपभोग्य वस्तुहरूको मूल्य बढ्न थालेको छ।

पश्चिमले इरानले गोप्य रूपमा परमाणु हतियार विकास गरेको आशंका गर्छ, जसलाई उसले अस्वीकार गर्दै आएको छ। आणविक अस्त्र विकास गर्न लागेको आशंकामा पश्चिमले इरानलाई एक्ल्याउने प्रयास गरे पनि परिणाम त्यस्तो आएको छैन। इरानले इराक, सिरिया, लेबनान, यमन र गाजामा उसका छद्म सहयोगीमार्फत आफ्नो सैन्य सञ्जाल विस्तार गरेको छ। यस सञ्जालमार्फत इरानले उसका सहयोगीलाई हातहतियार, पैसा र हतियार दिन्छ।

यो वर्ष पश्चिमबाट एक्ल्याउने प्रयास सामना गरेका दुई मुलुक इरान र रुसबीच घनिष्टता बढेको देखियो। इरानमा बनेका साहिद ड्रोनहरूको विशाल आपूर्तिलाई रुसले युक्रेनी नगर र महानगरमा हान्न प्रयोग गरिरहेको छ। पश्चिमी राष्ट्रद्वारा खतराको रूपमा हेरिएको इरानलाई गाजा युद्धले फाइदा गरेको छ, विशेष रूपमा उसले आफूलाई मध्यपूर्वमा प्यालेस्टिनीहरूको पक्षधर शक्तिको रूपमा उभ्याएको छ।

एकपछि अर्को गर्दै पश्चिम अफ्रिकामा अवस्थित साहेल क्षेत्रका देशहरू सैन्य कुमार्फत सेनाको हातमा गएका छन्। र, नवगठित सैन्य सरकारले त्यस भेगलाई आक्रान्त बनाइरहेको जिहादी विद्रोहविरुद्ध लड्न सघाइरहेका युरोपेली फौजलाई निष्कासन गरेका छन्। माली, बुर्किना फासो र सन्टूल अफ्रिकन रिपब्लिकमा सैन्य कुपछि पूर्वऔपनिवेशिक शक्ति फ्रान्सविरुद्ध उभिएका थिए। गत जुनमा त्यही भेगको अर्को मुलुक निजेर पनि सेनाका हातमा गयो। त्यहाँ पश्चिम समर्थित राष्ट्रपतिलाई हटाएर सेना सत्तामा आएको थियो। अहिले निजेरका सबै फ्रेन्च सैनिक देशबाट निस्किसकेको छन्। तथापि २०० अमेरिकी सेना अझै त्यहाँ दुई शिविरमा बसिरहेका छन्।

फ्रेन्च र अन्तर्राष्ट्रिय सेना हटाएका साहेल क्षेत्रका देशले रुसी वाग्नर समूहका भाडाका फौजलाई तैनाथ गरेका छन्। वाग्नर प्रमुख येभगेनी प्रिगोजिनको अगस्टमा विमान दुर्घटनामा रहस्यमय मृत्यु भइसकेपछि पनि यस समूहले अफ्रिकामा पकडलाई यथावत् राख्न सफल देखिन्छ। यसबीच, कुनै समय पश्चिमी सहयोगीको रूपमा हेरिएको दक्षिण अफ्रिकाले समेत रुस र चिनियाँ युद्धपोतसँग संयुक्त नौसैनिक अभ्यास गर्न थालेको छ। प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरिया (उत्तर कोरिया)ले आणविक हतियार र ब्यालिस्टिक मिसाइल कार्यक्रमको कारण कडा अन्तर्राष्ट्रिय प्रतिबन्ध सामना गरिरहेको छ। तर, उसले पनि मित्रहरू बढाउन थालेको छ। यस वर्ष उसले रुससँग नजदिकी बढाउन सफल भएको छ। उत्तर कोरियाली नेता किम जोङ उनले रुसी अन्तरिक्ष केन्द्रको भ्रमण गरेपछि युक्रेनमा लडिरहेका रुसलाई दश लाख गोलीगठ्ठा पठाएको समाचार आएको थियो। उत्तर कोरियाले विभिन्न अन्तरमहादेशीय ब्यालिस्टिक क्षेप्यास्त्र परीक्षण गरिसकेको छ, जुन अब महाद्वीपीय अमेरिकाको अधिकांश भागमा पुग्न सक्षम रहेको विश्वास गरिन्छ।

सन् ०२३ मा केही हदसम्म बेइजिङ र वासिंटनबीचको तनाव केही मत्थर भएको देखिएको छ। राष्ट्रपति जो बाइडेन र उनका चिनियाँ समकक्षी सी जिनपिङबीच सान फ्रान्सिस्कोमा भएको एक शिखर सम्मेलनमा भेटवार्तापछि दुई देशबीच केही वर्षदेखि बढ्दै गएको चिसोपन घटेको हो। तर, चीनले दक्षिण चीन सागरको अधिकांश भागमा गरेको दाबीबाट पछि हट्ने कुनै संकेत नदेखाएकाले सम्बन्ध थप न्यानो हुने सम्भावना छैन। चीनले पछिल्लो समय जारी गरेको उसको 'आधिकारिक' नक्सालाई कतिपय प्रशान्त महासागरीय राष्ट्रहरूको तटसम्म विस्तार गरेबाट उसको अडान स्पष्ट गरेको छ। त्यस्तै चीनले ताइबानमाथिको दाबी पनि त्यागेको छैन, जसलाई पुनः कब्जामा लिन उसले आवश्यक परे बल प्रयोग गर्ने बताउँदै आएको छ।

पश्चिमका लागि उल्लिखित उदास परिस्थितिमाझ आशाका किरण देख्न मुस्किल पर्न सक्छ। तथापि यिनै निराशाको कालो बादलबीच उसका लागि सुनौलो घेरा हुन सक्छ। विशेषतः रुसको युक्रेनमाथिको आक्रमणपछि नेटो गठबन्धनका सदस्य राष्ट्रबीचको एकता सुदृढ भएको छ। पश्चिमी गठबन्धनमा पछिल्लो समय छिटपुट दरार देखिन थालेपछि हालसम्म कायम एकताले धेरैलाई छक्क पारेको छ। पश्चिमका लागि सुधारको सबैभन्दा ठूलो सम्भावना मध्यपूर्वमा छ। अक्टोबर ७ अघि, भावी प्यालेस्टाइन राज्यको प्रश्नको समाधानको खोजी धेरै बिर्सिइसकेको थियो। इजरायलले प्यालेस्टिन मुद्दालाई सुरक्षा उपायमार्फत व्यवस्थित गर्न सकिने विषय ठान्न थालेको थियो।

उनीहरूलाई आफ्नै राज्य दिनुपर्छ भन्ने कुरामा गम्भीरता देखिन छाडेको थियो, कम्तीमा इजरायली संस्थापनमा। त्यो शैली अहिले घातक त्रुटि साबित भएको छ। एकपछि अर्को विश्वनेताले प्यालेस्टिनी जनताले शान्ति-सुरक्षा नपाएसम्म इजरायली पनि शान्ति र सुरक्षाको माहोलमा बाँच्न नसक्ने राय प्रकट गर्न थालेका छन्। समस्याको न्यायोचित र दिगो समाधान खोज्नका लागि दुवै पक्षले पीडादायी सम्झौता र त्याग गर्नुपर्नेछ। तर, कम्तीमा अहिले विश्वको ध्यान त्यतातर्फ केन्द्रित भएको स्थितिलाई समस्याको दिगो समाधानका लागि प्रयोग गर्न सकिन्छ।

- बिबिसी

इतिहासमा आज

जनवरी १२



सन् २०१० : हाइटीमा आएको सात रेक्टर स्केलको भूकम्पले ठूलो क्षति निम्त्याउँदा लाखौंको ज्यान गयो।

- **सन् १८७९** : बेलायत र हाल दक्षिण अफ्रिकामा पर्ने जुलल्यान्डबीच युद्ध सुरु। ब्रिटिस फौजले छिमेकी रिपब्लिक अफ नाटलबाट आक्रमण सुरु गरेको थियो।
- **सन् १९३८** : अस्ट्रियाले स्पेनमा गठित फ्रान्को सरकारलाई स्वीकृति प्रदान गऱ्यो।
- **सन् १९७३** : यसर अराफात प्यालेस्टिनी लिबेरेसन अर्गनाइजेसन पिएलओ)मा पुनः निर्वाचित भए।
- **सन् १९८२** : अमेरिकाले ताइवानलाई युद्धक विमान बेचेपछि चीनले विरोध जनायो।
- **सन् १९९१** : खाडी संकटका क्रममा अमेरिकी कंग्रेसले राष्ट्रपतिलाई इराकमाथि सैन्य कारबाही गर्ने अधिकार प्रत्यायोजन गऱ्यो।
- **सन् १९९८** : उन्नाइस युरोपेली देशले मानव क्लोनिङमा प्रतिबन्ध लगाउन सहमति जनाए।

विश्व संक्षेप

रुससँग युद्ध जारी राख्ने जेलेन्स्कीको प्रतिबद्धता

किभ/ युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बिहीबार रुसले राखेको युद्धविरामको प्रस्तावलाई अस्वीकार गरेका छन्। सन् २०२२ फेब्रुअरीमा रुसको पूर्णस्तरको आक्रमणपछि विभिन्न अवसरमा सीमित युद्धविरामको प्रस्ताव गरिएको भए पनि हालसम्म लागू हुन सकेको छैन। बाइस महिना लामो युद्धपछि युद्ध थप लम्बिने सम्भावनामाझ अहिले दुवै पक्ष हतियार वृद्धि गर्ने कोसिस गरिरहेका छन्। करिब एक हजार पाँच सय किलोमिटरको युद्धमोर्चा ठन्डी मौसम सुरु भएसँगै स्थिर बनेको छ। अर्थात्, दुवै पक्षको फौज जुन स्थानमा छन्, त्यहाँबाट न अघि बढ्न सकेका छन्, न पछि नै हटेका छन्। यस्तो अवस्थामा लामो दूरीको हमलालाई सक्षम बनाउन दुवै पक्षलाई तोपखाना गोला, मिसाइल र ड्रोनको आवश्यकता पर्छ। रुस-युक्रेन युद्धमा युक्रेनको कट्टर समर्थक जनाइरहेका बाल्टिक मुलुकको दुईदिने भ्रमणका क्रममा जेलेन्स्की इस्टोनियाको राजधानी टालिनमा पुगेका छन्। आफ्ना पश्चिमी सहयोगीबाट पहिला नै अर्बौं डलरको सैन्य सहायता प्राप्त गरेपछि युक्रेनी राष्ट्रपतिले आफ्नो मुलुकलाई थप समर्थन प्रदान गर्न सहयोगीहरूमाथि दबाब दिइरहेका छन्।

इजरायलले नरसंहार महासन्धिको उल्लंघन गरेको दक्षिण अफ्रिकाको आरोप

डब्लिन/ दक्षिण अफ्रिकाले बिहीबार इजरायलमाथि संयुक्त राष्ट्रसंघीय नरसंहार महासन्धिको उल्लंघन गरेको आरोप लगाएको छ। अक्टोबर ७ मा हमासले इजरायलमा गरेको क्रूर आक्रमणलाई देखाएर इजरायलले गाजा क्षेत्रमा जारी राखेको व्यापक बमबारीको औचित्य पुष्टि नहुने उसले बताएको छ। इजरायलले गाजाका आमनागरिकमाथि गरिरहेको सैन्य कारबाही 'तत्काल निलम्बन' गर्न दबाब दिन दक्षिण अफ्रिकाले अन्तर्राष्ट्रिय न्यायालय (आइसिजे) मा अपिल गरेको छ। इजरायलले उक्त मुद्दालाई 'आततायी' र 'हास्यास्पद' भन्दै खण्डन गरेको छ र शुक्रबार प्रतिरक्षा गर्ने बताएको छ। 'राज्यले भागेको कुनै पनि सशस्त्र हमला जति नै गम्भीर नै किन नहोस्, त्यसले महासन्धिको उल्लंघनलाई छुट दिन सक्दैन वा त्यस्ता कामको बचाउ गर्न सकिँदैन,' दक्षिण अफ्रिकाका न्यायमन्त्री रोनाल्ड लामोलाले भने।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
राष्ट्रिय ट्रमा सेन्टर
महांकाल काठमाडौं

विद्युतीय बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०९/२७ गते)

यस अस्पतालको लागि आवश्यक सरसफाई तथा सुरक्षा सेवा खरिद गर्न विद्युतीय बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरु खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि.नं.	बोलपत्र नं.	विवरण	फाराम दस्तुर रु.	बोलपत्र जमानत रकम रु.
१.	NTrC/Service/NCB/01-080/81	सरसफाई सेवा (जनशक्ति) करारमा लिने सम्बन्धि	३,०००/-	६,६८,०००/-
२	NTrC/Service/NCB/02-080/81	सुरक्षा सेवा (जनशक्ति) करारमा लिने सम्बन्धि	३,०००/-	२,७०,०००/-

१. यस अस्पतालको लागि आवश्यक सरसफाई तथा सुरक्षा सेवा खरिद गर्न गर्नुपर्ने भएकोले ईच्छुक फर्म/कम्पनीवाट विद्युतीय बोलपत्र आह्वान गरिएको छ।

२. बोलपत्र विद्युतीय माध्यम (e-GP) बाट मात्र खरिद तथा दर्ता गराउनु पर्नेछ। बोलपत्रमा भाग लिने बोलपत्रदाताले अनिवार्य रुपमा निम्नानुसारका कागजातहरु Scan गरी पेश गर्नुपर्नेछ।

क) व्यवसाय संचालन गर्न पाउने ईजाजत पत्र ख) आयकर दर्ता प्रमाणपत्र ग) मुल्य अभिवृद्धि कर प्रमाणपत्र घ) आ.व. २०८०/०८१ को लागि नविकरण गरिएको प्रमाणपत्र तथा आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र ङ) बोलपत्र फाराम दस्तुर बापतको माथि उल्लेखित रकम फाराम दस्तुर (फिर्ता नहुने) राष्ट्रिय ट्रमा सेन्टरको नाममा जम्मा हुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखामा रहेको राजश्व शिर्षक नं. १४२२९ उल्लेख गरि राजश्व खाता नं. १०००१००२०००१०००० (अस्पतालको कोड नं. ३७०००३५१०) मा जम्मा गरेको बैंक भौचर च) सामाजिक सरसफाई कोष दर्ता प्रमाण-पत्र छ) श्रम इजाजत नविकरण प्रमाण-पत्र ज) कम्तिमा १२० दिन म्याद भएको माथि उल्लेखित रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानी (विड वन्ड) वा बोलपत्र जमानत वापत नगदै राख्न चाहने बोलपत्रदाताहरुले राष्ट्रिय ट्रमा सेन्टरको नाममा जम्मा हुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौंको राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखामा रहेको धरौटी खाता नं. १७००१००१०२०३०००० (अस्पतालको कोड नं. ३७०००३५१०) मा जम्मा गरी सो को सक्कलै भौचर संलग्न राखी पेश गर्नुपर्ने छ।

३. दाखिला भएका बोलपत्रहरु तोकीएको मिति र समयमा यस अस्पतालमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ।प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्रमा भाग लिन चाहने बोलपत्रदाताले कुनै संशोधन गर्न चाहेमा वा बोलपत्र फिर्ता लिन चाहेमा बोलपत्र दर्ता गर्ने अन्तिम समयभन्दा २४ घण्टा अगावै जानकारी गराउनु पर्नेछ।

४. यस सूचनामा उल्लेख भएका विषयहरु सूचना बमोजिम र उल्लेख नभएका विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ (संशोधन सहित) र प्रचलित कानून अनुसार हुनेछ।

नोट :

यो सूचना तथा यस सूचना सम्बन्धि अन्य जानकारी यस अस्पतालको Website : www.nationaltraumacenter.gov.np तथा www.bolpatra.gov.np.egp बाट पनि प्राप्त गर्न सकिने छ। साथै कार्यालय समय भित्र यस अस्पतालको फोन नं. ०१४२२४९२८ मा सम्पर्क गरी विस्तृत रुपमा बुझ्न र लिन सकिने छ।

.....
अस्पताल प्रशासन

जुनीचाँदे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मजकोट, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

मिति : २०८०।०९।२७

यस कार्यालयबाट मिति Dec 10, 2023 **गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित** Mainpakha Punka Hudai Juni Sadak Nirman Ward No.8,7 -IFB No: JCRM/NCB/WORKS/01/080/081) **को सूचना अनुसार प्राप्त हुन आएका फर्महरुको प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याकंन गर्दा सबैभन्दा कम अंक कबोल गर्ने देहाय बमोजिम बोलपत्रदाताको बोल पत्र न्यूनतम मूल्याकिंत सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस भई आएबमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।**

S. N	IFB no	Specification	Contactor Name and Address	Bid Price(WithVat)
1	IFB No: JCRM/NCB/WORKS/ 01/080/081	Mainpakha Punka Hudai Juni Sadak Nirman Ward No.8,7	New Gangamala Nirman sewa Birendranagar-11, Surkhet	NPR 4523999.69

प्रमुख प्रशासकीय अधिकृत

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २७ पुस ०८०

आर्थिक गतिविधि सुस्ताउँदा चालू खाता डेढ खर्ब बचतमा

आयात घट्दा र रेमिट्यान्स बढ्दा विदेशी मुद्रा सञ्चिति १७ खर्ब ६७ अर्ब, ११.८ महिनाको वस्तु तथा सेवा आयात धान्ने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८०/८१ को पहिलो पाँच महिनामा चालू खाता एक खर्ब ४० अर्ब २३ करोड रुपैयाँले बचतमा आएको छ। नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिविषयक प्रतिवेदनले यस्तो देखाएको हो। सैद्धान्तिक रूपमा चालू खाता बचतमा हुनु राम्रो मानिए पनि आर्थिक गतिविधि सुस्ताउँदा देखिएको यस्तो अवस्थामा सावधानी अपनाउनुपर्ने हुन्छ।

चालू खाता आयातसँग पनि जोडिन्छ, सैद्धान्तिक रूपमा आयात घट्नु राम्रो हो। तर, नेपालको विकास निर्माण आयातसँगै जोडिएको छ। निर्माणसम्बन्धी मेसिन, औद्योगिक कच्चा पदार्थ, जलविद्युत् तथा पूर्वाधार निर्माणमा आवश्यक पर्ने मेसिनहरू आयात गर्नैपर्छ। आन्तरिक उत्पादन वृद्धि, रोजगारी सिर्जना, निर्यात तथा नाफा बढेर नभई निर्माणजन्य उपकरण, औजारलगायतका सामग्री आयातमा भएको कमीले चालू खाता बचत धेरै देखिएको अर्थविद् नरबहादुर थापाको भनाइ छ। 'आन्तरिक उत्पादन, रोजगारी सिर्जना, निर्यात, प्रतिस्पर्धी क्षमता राम्रो भएर चालू खाता बचतमा जानुलाई सकारात्मक मानिन्छ,' उनले भने, 'तर, अहिलेको अवस्थामा चालू खाता बचतमा जानुलाई भने सावधानीपूर्वक लिनुपर्छ।'

गत आवको पहिलो पाँच महिनामा चालू खाता ४१ अर्ब २१ करोडले घाटामा थियो। असार ०७९ सम्म आउँदा घाटा बढेर ७२ अर्ब १६ करोड पुगेको थियो। तर, चालू आवको सुरुदेखि भने नाफामा देखिएको चालू खाता मंसिरमा ठूलो दरमा बढेको हो। कात्तिक मसान्तसम्म चालू खाता ९६ अर्ब ३८ करोडले बचतमा थियो, मंसिरमा ४३ अर्ब ८५ करोड रुपैयाँले बढेर एक खर्ब ४० अर्ब पुगेको छ। सामान्यत नेपालको चालू खाता घाटामा हुने गर्छ। यसअघि वार्षिक रूपमा आव ०७२/७३ मा एक खर्ब ४० अर्ब ४१ करोडले चालू खाता बचतमा थियो। त्यसपछि गत आवसम्म वार्षिक रूपमा यो घाटामै थियो। यद्यपि, बीच-बीचमा मासिक रूपमा भने यो बचतमा थियो। यो वर्ष साउनदेखि नै यो खाता बचतमा छ।

यो पाँच महिनामा अन्तरदेशीय वस्तु व्यापार पाँच खर्ब ४४ अर्ब ५२ करोड र सेवा व्यापार २६ अर्ब ९२ करोडले घाटामा छ। पर्यटनमार्फत पनि उच्च आम्दानी छैन। समीक्षा अवधिमा आयात घटेर र रेमिट्यान्स बढेर चालू खाता बचतमा गएको हो। त्यसैले यसलाई सावधानीपूर्वक लिनुपर्ने उनको भनाइ छ।



चालू खातालाई सावधानीपूर्वक लिनुपर्छ

● **नरबहादुर थापा**, अर्थविद्

रोजगारी नपाएर लाखौं नेपाली विदेश जानुपरेको छ। पुँजीगत आयातसमेत घटेको छ। वस्तु तथा सेवाको माग खस्किएको छ भने निर्यात पनि घटेको छ। साथै, वस्तु तथा सेवा खाता घाटामै छ। त्यो अवस्थामा चालू खाता बचतमा जानुलाई सावधानीपूर्वक लिनुपर्छ। पर्याप्त मात्रामा वस्तु तथा सेवा आयात गरेर र निर्यात बढेर चालू खाता बचतमा गएको भए गज्जब नै हुने थियो। आयात-निर्यात घटेर र रेमिट्यान्स बढेर बचतमा गएको चालू खातालाई सावधानीपूर्वक लिनुपर्छ।



समीक्षा अवधिमा आयात ३.४ प्रतिशतले घटेर ६ खर्ब ४२ अर्ब २१ करोडमा सीमित भएको छ। निर्यात ६.१ प्रतिशतले घटेर ६३ अर्ब २१ करोडमा सीमित भएको छ। यही अवधिमा रेमिट्यान्स आप्रवाह भने २७.६ प्रतिशतले बढेर ६ खर्ब १३ अर्ब २५ करोड पुगेको छ। आयात-निर्यात गत आवदेखि नै घट्दै आएको छ। रेमिट्यान्स आप्रवाह भने गत आवदेखि नै उच्च दरमा बढेको छ।

उद्योग, कृषि, थोक तथा खुद्रा व्यापार, जलविद्युत्लगायत थ्रुप्रै क्षेत्रको विकास निर्माण आयातसँग जोडिएको छ। नयाँ-नयाँ सूचना प्रविधिहरू पनि आयात गर्नुपर्छ। त्यो अर्थमा आयात बढ्दा नेपाली अर्थतन्त्र चलायमान हुन्छ। तर, अहिले त्यस्तो खालको पुँजीगत आयात पनि बढ्न सकेको छैन। त्यसले शिथिल अर्थात् चलायमान नभएको अवस्थामा चालू खाता नाफामा गयो भनेर ढुक्क हुने अवस्था नभएको थापा बताउँछन्।

'रोजगारी नपाएर लाखौं नेपाली विदेश जानुपरेको छ। पुँजीगत आयातसमेत घटेको छ। वस्तु तथा सेवाको माग खस्किएको छ भने निर्यात पनि घटेको छ। साथै, वस्तु तथा सेवा खाता घाटामै छ,' उनले भने, 'त्यो अवस्थामा चालू खाता बचतमा जानुलाई सावधानीपूर्वक लिनुपर्छ। पर्याप्त मात्रामा वस्तु तथा सेवा आयात गरेर र निर्यात बढेर चालू खाता बचतमा गएको भए गज्जब नै हुने थियो। आयात-निर्यात घटेर र रेमिट्यान्स आप्रवाह बढेर यस्तो अवस्था आएको हो,' उनले भने, 'तसर्थ, यसलाई मिश्रित रूपमा लिनुपर्छ।'

■ थुप्रियो विदेशी मुद्रा, हालसम्मकै धेरै

आयात घट्दा र रेमिट्यान्स बढ्दा विदेशी मुद्रा सञ्चिति पनि बढ्दै गएको छ। गत असारसम्म १५ खर्ब ३९ अर्ब ३६ करोडबराबर रहेको कुल विदेशी मुद्रा सञ्चिति मंसिरसम्म आउँदा १४.८ प्रतिशतले १७ खर्ब ६७ अर्ब चार करोड पुगेको छ।

अमेरिकी डलरमा यस्तो सञ्चिति १३ अर्ब ३१ करोड पुगेको छ, यो हालसम्मकै धेरै हो। यसले ११.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्नेछ। विकास निर्माण तथा आर्थिक गतिविधि कम हुँदा विदेशी मुद्रा थुप्रिएको हो।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ मूल्यवृद्धिदर झन् घट्यो

मंसिरसम्म आउँदा मूल्यवृद्धिदर झन् घटेको छ। कात्तिक महिनामा ५.३८ प्रतिशत रहेको मूल्यवृद्धि मंसिरमा ४.९५ प्रतिशतमा झरेको छ। गत आवको मंसिरमा यो ७.३८ प्रतिशत थियो।

कात्तिक र मंसिरको मूल्यवृद्धिदर सरकारको तोकेको सीमाभित्रको हो। सरकारले चालू आवमा मूल्यवृद्धिदरलाई ६.५ प्रतिशतभित्र राख्ने लक्ष्य लिएको थियो। तर, गत साउनमा ७.५२ प्रतिशत, भदौमा ८.१९ प्रतिशत र असोजमा ७.५ प्रतिशत रहेको यस्तो दर कात्तिकयता सीमाभित्र छ। मुख्यत पेट्रोलियम पदार्थको मूल्य घट्दा मुद्रास्फीति घटेको कार्यकारी निर्देशक डा. श्रेष्ठले बताए।

■ २१० अर्बले बचतमा शोधनान्तर स्थिति

समीक्षा अवधिमा शोधनान्तर स्थिति २१० अर्ब ५९ करोडले बचतमा गएको छ। गत आवको सोही अवधिमा यो ४५ अर्ब ८६ करोडले बचतमा रहेको थियो। विदेशी मुद्राको आम्दानी बढ्ने, तर खर्च कम भएकाले शोधनान्तर स्थिति बचतमा गएको हो। मुख्यतः रेमिट्यान्स आप्रवाह बढेकै कारण यो बचतमा गएको हो।

■ ६ खर्बभन्दा बढी रेमिट्यान्स

पाँच महिनामा नेपालमा ६ खर्ब १३ अर्ब २५ करोड रेमिट्यान्स भित्रिएको छ, जुन गत आवको सोही अवधिको तुलनामा २७.६ प्रतिशतले बढी हो। गत आव सोही अवधिमा चार खर्ब ८० अर्ब ५० करोड रेमिट्यान्स आएको थियो। वैदेशिक रोजगारमा जाने नेपालीको संख्या बढेसँगै रेमिट्यान्स पनि बढ्दै गएको छ।

■ अर्थतन्त्र चलायमान बनाउनुपर्ने दबाब

प्रतिवेदनले आन्तरिक अर्थतन्त्र चलायमान बनाउनुपर्ने दबाब भने देखाएको छ। बाह्य क्षेत्र बलियो भए पनि आन्तरिक अर्थतन्त्र शिथिल नै छ। घट्दो आयात-निर्यात, कर्जा प्रवाह न्यूनलगायत तथ्यांकले यसलाई पुष्टि गरेको छ। अर्थतन्त्र शिथिल भएकै कारण चालू खाता बचतमा जानेदेखि विदेशी मुद्रा थुप्रिनेसम्म भएको विज्ञहरू बताउँछन्। अहिले बैंकहरूमा समेत लगानीयोग्य पैसा थुप्रिएको छ। त्यसमाथि ब्याजदर घटेको छ। तसर्थ, अहिले अर्थतन्त्र चलायमान बनाउने दबाब रहेको अर्थविद् थापा बताउँछन्। 'अर्थतन्त्र शिथिल भएकै कारण चालू खाता बचतदेखि विदेशी मुद्रा थुप्रिनेसम्म भएको हो। बैंकमा पनि पैसा थुप्रिएको छ, हामीले त्यो पैसा परिचालन गर्न सकेका छैनौं,' उनले भने, 'अब आन्तरिक अर्थतन्त्र चलायमान बनाउनुपर्ने दबाब बढेको छ।'

तर, प्रतिवेदनले समग्रमा नेपाली अर्थतन्त्र सुधार हुँदै गएको राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाश श्रेष्ठले बताए। 'बाह्य क्षेत्र एकदमै बलियो बनेको छ। आन्तरिक अर्थतन्त्र पनि सुधार हुँदै गएको छ,' उनले भने, 'तर, आन्तरिक माग नहुँदा आयात घटेको छ। पुँजीगत आयात पनि घटेको छ। तसर्थ, अर्थतन्त्र चलायमान बनाउन अग्रसर हुनुपर्ने अवस्था भने छ।'

सिबिफिनको अध्यक्षमा पौडेल सर्वसम्मत

काठमाडौं/ बैंक तथा वित्तीय संस्था परिसंघ (सिबिफिन)को अध्यक्षमा नबिल बैंकका अध्यक्ष उपेन्द्र पौडेल सर्वसम्मत चयन भएका छन्। बिहीबार सम्पन्न सिबिफिनको १५औं बैठकले पौडेललाई अध्यक्षमा चयन गरेको हो।



यसअघिका अध्यक्ष पवन गोल्यानले पदबाट राजीनामा दिएपछि कार्यसमिति सदस्य पौडेललाई अध्यक्ष चयन गरिएको हो। पौडेल तीन दशकदेखि बैंकिङ क्षेत्रमा क्रियाशील छन्। सन् १९८६ मा स्ट्यान्डर्ड चार्टर्ड बैंकबाट बैंकिङ सेवामा प्रवेश गरेका पौडेलले एनएमबि बैंकको प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारीसमेत निर्वाह गरेका थिए। एनएमबि बैंकको प्रमुख कार्यकारी अधिकृतबाट अवकाश लिएपश्चात् उनी नबिल बैंकको सञ्चालक हुँदै हाल अध्यक्षको जिम्मेवारीमा रहेका छन्।

अध्यक्ष पवनकुमार गोल्यानले पदबाट दिएको राजीनामा सिबिफिन कार्यसमितिको १५औं बैठकले स्वीकृत गरेको छ। एनएमबि बैंकको आसन्न साधारणसभाबाट बैंकको सञ्चालक समितिबाट अलग हुन गइरहेको पूर्वजानकारीसहित संस्थाको विधानको भावना र मर्मलाई आत्मसात् गर्दै पदीय आचरण र नैतिकताका आधारमा गोल्यानले अध्यक्ष पदबाट राजीनामा दिएको बताए। निवर्तमान अध्यक्ष गोल्यानकै अगुवाइमा ०७६ सालमा स्थापित सिबिफिनको उनी संस्थापक अध्यक्षसमेत हुन्।

सिबिफिनको तदर्थ समितिको गठनदेखि हालसम्म उदाहरणीय नेतृत्व गर्दै आएका गोल्यानको चारवर्षे कार्यकालमा सिबिफिनले आफूलाई देशभित्र मात्र नभई अन्तर्राष्ट्रिय समुदायमा समेत स्थापित गर्न सफल भएको छ।

कृषि विकास बैंक लि.

शाखा कार्यालय चरिकोट, दोलखाको लागि घर भाडामा लिनेसम्बन्धी १५ दिने सूचना

प्रथमपटक प्रकाशित मिति : २०८०/०९/२७ गते

कृषि विकास बैंक लि., शाखा कार्यालय, चरिकोटको प्रयोजनका लागि घर भाडामा लिन आवश्यक भएकाले दोलखा जिल्ला भिमेश्वर नगरपालिका वडा नं.३, सातदोबाटो चोकदेखि १०० मिटर आसपासको मूल सडकमा पर्ने नक्सा पास भई निर्माण कार्य सम्पन्न भएको भूकम्प प्रतिरोधी व्यावसायिक भवनको भुइँ तल्ला वा पहिलो तल्ला वा दोस्रो तल्लामा न्यूनतम २२०० व.फि.देखि ३००० वर्गफिटसम्म क्षेत्रफल भएको साथै पर्याप्त पार्किङको सुविधा भएको घर कम्तीमा १० वर्ष वा सो भन्दा बढी अवधिका लागि भाडामा दिन इच्छुक घरधनी/संस्था वा आधिकार प्राप्त प्रतिनिधिहरूले निम्न शर्त र सुविधाको अधिनमा रही घर भाडामा दिन प्रस्ताव आव्हान गरिन्छ।

शर्त तथा सुविधाहरू

१. दोलखा जिल्ला भिमेश्वर नगरपालिका वडा नं. ३ सातदोबाटो चोकदेखि १०० मिटर आसपासको मूल सडकमा पर्ने नक्सा पास भई निर्माण कार्य सम्पन्न भएको भूकम्प प्रतिरोधी व्यावसायिक भवनको भुइँ तल्ला वा पहिलो तल्ला वा दोस्रो तल्लामा न्यूनतम २२०० व.फि.देखि ३००० वर्गफिटसम्म क्षेत्रफल भएको साथै कम्तीमा १० वटा मोटरसाइकल र ५ वटासम्म हलुका सवारी साधनका लागि पर्याप्त पार्किङको सुविधा भएको उपयुक्त स्थानको घर हुनुपर्ने छ।
२. प्रस्तावित घर आर.सि.सी. फ्रेम स्ट्रक्चरमा निर्माण भएको र स्थानीय निकायबाट नक्सा पास भएको प्रमाणपत्र पेश गर्नु पर्नेछ। साथै, घरको नक्सा, निर्माण सम्पन्न प्रमाणपत्र, जग्गाधनी दर्ता प्रमाणपुर्जा, तिरो तिरेको रसिद र घरधनीको नागरिकताको प्रतिलिपि समेत संलग्न राख्नुपर्ने छ।
३. प्रस्तावित घरमा पानी, बत्ति बिजुली, टेलिफोन र इन्टरनेटको पहुँच हुनुपर्नेछ। भाडामा दिन प्रस्ताव गरिएको घरमा शौचालय, पार्किङस्थल, जेनेरेटर तथा ए.टि.एम राख्ने स्थानको व्यवस्था भएको हुनुपर्ने छ।
४. बैंकलाई घरको भित्री संरचना परिवर्तन गर्न आवश्यक भएमा उक्त कार्य गर्न घरधनी मञ्जुर हुनुपर्ने छ।
५. मासिक के कति रकममा घरभाडा दिन चाहेको हो, सो को प्रस्ट रूपमा अङ्क र अक्षर दुवैमा खुलाउनुपर्ने छ।
६. घर भाडा रकममा नियमानुसार लाग्ने कर कट्टी गरि बाँकी रकम प्रत्येक महिनाको अन्त्यमा घरधनीलाई भुक्तानी गरिनेछ। घर भाडामा लिएपश्चात् घर वहाल कर परिवर्तन भएमा परिवर्तित दरका आधारमा वहाल कर कट्टी गरिनेछ।
७. घर भाडासम्बन्धी गोप्य सिलबन्दी प्रस्ताव यस बैंकको शाखा कार्यालय चरिकोट, दोलखा वा वागमती प्रदेश कार्यालय, गौशाला, काठमाडौंमा यो सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म कार्यालय खुल्ने दिन र समयभित्र दर्ता गरिसक्नुपर्नेछ। घर भाडा प्रस्तावको नमूना कार्यालयबाट प्रप्त गर्न सकिने छ।
८. घर भाडासम्बन्धी प्रास्ताव यो सूचना प्रकाशित मितिले १६औं दिनको बिहान ९.३० बजे प्रस्तावकर्ता र बैंकका पदाधिकारीहरूको उपस्थितिमा प्रदेश कार्यालय, काठमाडौंमा खोलिनेछ। उक्त दिन सावर्जनिक बिदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन बिहान ९.३० बजे खोलिने छ। प्रस्ताव खोल्ने समयमा कारणवश कुनै वा सबै प्रस्तावकर्ता अनुपस्थित भए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन।
९. आवश्यकताअनुसार घरभाडा लिने स्थानमा गई निरीक्षण गरी घर रहेको स्थान, बाटोको अवस्था, घरको बनावट, क्षेत्रफल, भौतिक सुविधा, प्रस्ताव गरेको भाडा रकमलगायत अन्य कुरामा विश्लेषण गरी आवश्यक निर्णय गरिनेछ।
१०. भाडामा दिने घरसम्बन्धी कुनै मुद्दा मामिला नभएको हुनुपर्नेछ।
११. घरभाडासम्बन्धी प्राप्त प्रस्ताव कारण खोली वा नखोली स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अन्तिम अधिकार यस बैंकमा निहीत रहने छ।
१२. अन्य कुराको हकमा यस बैंकको आर्थिक प्रशासन विनियमावली २०६४ (संशोधनसहित) र घरभाडा लिनेसम्बन्धी निर्देशिका, २०७१ बमोजिम हुनेछ।
१३. यस विषयमा थप जानकारी आवश्यक परेमा बैंकको बागमती प्रदेश कार्यालय,गौशाला काठमाडौं र शाखा कार्यालय चरिकोट, दोलखामा सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लिमिटेड
बागमती प्रदेश कार्यालय,काठमाडौं।

पाइपलाइनमा रहेका प्रिमियम आइपिओ अन्योलमा

भोजराज भण्डारी/नयाँ पत्रिका

प्रिमियम मूल्यमा सार्वजनिक निष्कासन (आइपिओ) जारी गरेका कम्पनीहरू विवादमै रहेको समयमा अन्य तीन कम्पनीहरू भने नेपाल धितोपत्र बोर्डको स्वीकृति पर्खिरहेका छन्। दुई साताअघि सार्वजनिक लेखा समितिले प्रिमियम मूल्यमा आइपिओ निष्कासनका लागि अनुमति दिएको विषयमा बोर्डमाथि प्रश्न उठाएको थियो। साथै, अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई समेत अनुसन्धान गर्नका लागि निर्देशन दिएको थियो। तर, विवादकै बीच प्रिमियममा आइपिओ निष्कासन गर्नका लागि कम्पनीहरू धितोपत्र बोर्डमा पुगेका छन्। पछिल्लो समय बोर्डको स्वीकृतिका लागि प्रिमियममा सेयर निष्कासन गर्न पुगेका कम्पनीमा हस्पिटल एड्भान्स मेडिसियन एन्ड सर्जरी (ह्याम्स अस्पताल)ले अंकित मूल्यसहित दुई सय ८८ रुपैयाँका दरले ३२ करोड ४० लाखबराबरको ११ लाख २५ हजार कित्ता सेयर निष्कासन गर्न लागेको हो। त्यस्तै, उत्पादनमूलक क्षेत्रमा सौर्य सिमेन्टले अंकित मूल्यसहित दुई सय ६४ रुपैयाँ ५१ पैसाका दरले चार अर्ब २२ करोड ७२ लाख रुपैयाँबराबरको एक करोड ५९ लाख कित्ता सेयर निष्कासन गर्न लागेको छ। अर्को जगदम्बा सिमेन्टले अंकित एक सयसहित दुई सय रुपैयाँ प्रिमियम थप गरी तीन सय रुपैयाँका दरले ६ अर्ब दुई करोड रुपैयाँबराबरको दुई करोड ७० हजार कित्ता सेयर निष्कासन गर्नका लागि स्वीकृति मागेको हो। नेपाल धितोपत्र बोर्डका एक अधिकारीले प्रिमियम सेयरमै लेखा समितिले प्रश्न उठाइसकेको हुँदा अहिले पाइपलाइनमा रहेका कम्पनीले स्वीकृति पाउन कठिन हुने बताए। उनले भने, 'अहिले प्रिमियमको विषय चौतर्फी रूपमा विवाद छ, छानबिन गर्न समितिको पनि निर्देशन छ, त्यसैले तत्काल अहिलेका कम्पनीले निष्कासन पाउने सम्भावना देखिन्न।'

सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलले प्रिमियममा सेयर निष्कासनको स्वीकृति अनुसन्धानको चरण पार नभइसकेको हुँदा तत्काललाई दिन नमिल्ने बताए। उनले भने, 'यसअघि प्रिमियममै आइपिओ निष्कासन गरेका कम्पनी छानबिनको दायरामा छन् भने कसरी पाइपलाइनमा रहेका कम्पनीलाई स्वीकृति दिन मिल्छ ? यो समितिको निर्णयलाई अवज्ञा गर्नु हो।'

लेखा समितिले प्रिमियम मूल्यमा आइपिओ निष्कासन गैरकानुनी र औचित्यपूर्ण भएनभएको विषयमा छानबिन गरी अनुसन्धान गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिएको छ। अहिले छानबिनकै चरणमा रहेको छ। यसअघि कमजोर कम्पनीलाई कानुन संशोधन गरेर प्रिमियममा सेयर निष्कासन गर्न अनुमति दिने पदाधिकारीलाई समेत कारबाही गर्न निर्देशन दिएको थियो। जसका कारण अहिले निष्कासन हुन लागेका कम्पनीहरूले यसअघि प्रिमियममा जारी गरेका कम्पनीहरूको वास्तविकता नआएसम्मका लागि मान्यता पाउन कठिन छ। तीन वर्षअघिदेखि हालसम्म नौवटा कम्पनीले प्रिमियममा सेयर निष्कासन गरेका छन्।

आइपिओमा १० कित्ते नीति पुनरावलोकन गर्न गठित समिति निष्क्रिय

सार्वजनिक निष्कासन (आइपिओ)मा १० कित्ते नीतिलाई पुनरावलोकन गर्नका लागि गठित अध्ययन समिति निष्क्रिय बनेको छ। बोर्ड अध्यक्ष रमेशकुमार हमाल रहँदै बनेको अध्ययन समिति उनको कार्यकाल २० पुसमा सकिएसँगै निष्क्रिय भएको हो। २५ मंसिरमा बसेको बोर्ड बैठकले आइपिओमा १० कित्ते नीतिलाई पुनरावलोकन गर्न सञ्चालक समिति सदस्य तथा चार्टर्ड एकाउन्टेन्टहरूको संस्था (आइक्यान)का उपाध्यक्ष प्रवीणकुमार झाको संयोजकत्वमा चार सदस्यीय समिति बनाएको थियो। उक्त समितिमा मुक्तिनाथ श्रेष्ठ, अम्बिकाप्रसाद गिरी र भोलानाथ ढुंगाना सदस्य छन्। तर, अध्ययन समितिले हालसम्म औपचारिक छलफलसमेत गरेको छैन। १० कित्ते नीतिलाई पुनरावलोकन गर्ने विषय हमालकै तजबिजमा भएको थियो।

१० कित्ते नीतिलाई पुनरावलोकन गर्न समिति बनेसँगै यस विषयमा चौतर्फी आलोचना भएको थियो। समिति बनेसँगै १० कित्ते नीति हटाउन नहुने भन्दै चौतर्फी आलोचना भएपछि समिति सदस्यहरू आफैं तत्काल यो विषयमा प्रवेश गर्न चाहेका छैनन्।

अध्यक्षको कार्यकाल सकिन करिब एक महिना मात्रै रहेको अवस्थामा १० कित्ताको नीतिलाई चलाउन खोज्नु नियोजित देखिएको भन्दै कर्मचारी असन्तुष्ट थिए। स्रोतले भन्यो, 'हमाल सर बाहिरिएसँगै अहिले यो समिति औपचारिक रूपमै निष्क्रिय बन्नु संयोग मात्र हो, यस विषयमा हात नहाल्ने निष्कर्ष त्यतिवेलै भइसकेको थियो।'

हमाल १० कित्ताको नीति हटाएर आवेदनका लागि न्यूनतम ५० कित्ता दिन सकिने व्यवस्था ल्याउन चाहन्थे। उनले आफू अध्यक्ष भएदेखि नै १० कित्ताको नीतिलाई परिमार्जन गरेर जानुपर्ने र जोखिम मोल्न सक्ने लगानीकर्ता मात्र पुँजी बजारमा लगानी गर्ने हुँदा बजार 'फियर' हुने जिकिर गर्दै आएका थिए। तर, बोर्डकै कर्मचारी र लगानीकर्ताबाट पूर्ण साथ नपाएपछि आफ्नो कार्यकाल सकिनै लाग्दा थप विवादित बन्न चाहेनन्।

धितोपत्र बोर्डका प्रवक्ता तथा समिति सदस्य मुक्ति श्रेष्ठले समिति गठन भएदेखि हालसम्म एकपटकसमेत छलफल नभएको बताए। उनले भने, 'तत्काल अहिले यो विषय अघि बढ्नेजस्तो देखिन्न, नयाँ अध्यक्ष आएपछि के हुन्छ अनि मात्र भन्न सकिन्छ।'

ग्रिन फाइनान्समा बैंक तथा वित्तीय संस्थाको लगानी यकिन गरिँदै

काठमाडौं/ नेपाल राष्ट्र बैंकले दिगो विकास र वातावरणमैत्री क्षेत्रमा (ग्रिन फाइनान्स) बैंक तथा वित्तीय संस्थाको लगानी यकिन गर्न वर्गीकरणको मस्यौदा तयार गरेको छ। हालसम्म बैंक तथा वित्तीय संस्थाले गरेको लगानीमा कति हिस्सा ग्रिन फाइनान्सअन्तर्गत रहेको पहिचान गर्ने उद्देश्यले नेपाल ग्रिन फाइनान्स ट्याक्सोनोमी (वर्गीकरण) ल्याउन खोजिएको बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरु पौडेलले जानकारी दिए।

राष्ट्र बैंकले चालू आर्थिक वर्षको मौद्रिक नीतिमार्फत 'ग्रिन फाइनान्सिङलाई प्रोत्साहन गर्न हरित बन्ड निष्कासन गर्ने, जलवायु जोखिम रिपोर्टिङ गर्ने, पुँजी आवश्यकता पहिचान गर्नेलगायतका विषयलाई समावेश गरी ग्रिन ट्याक्सोनोमीको मस्यौदा तर्जुमा गरिने' घोषणा गरेको थियो। यो वर्गीकरणको उद्देश्य नेपालमा भएका हरित क्रियाकलापलाई परिभाषित र वर्गीकरण गर्ने हो। उनले भने, 'हरित अर्थतन्त्रमा रूपान्तरण हुनुपर्ने र दिगो विकासको लक्ष्य हासिल गर्ने मुलुकको योजनालाई साकार पार्न हाम्रो बैंक तथा वित्तीय संस्थालाई ग्रिन फाइनान्समा प्रवेश गराउनैपर्ने आवश्यकता महसुस भएर यो ट्याक्सोनोमी ल्याएका हौं। अहिले यो मस्यौदाका रूपमा छलफलका लागि सार्वजनिक गरेका हौं। दुई महिनापछि हामी पूर्ण रूपमा कार्यान्वयनमा जानेछौं।'

भविष्यमा ग्रिन फाइनान्समा जाने परियोजना तथा उद्योगलाई सहुलियत वा प्रोत्साहनको कार्यक्रम ल्याउने ध्येयसहित वर्गीकरण गर्न खोजिएको उनको भनाइ छ।

देशको जलवायु र वातावरणसम्बन्धी लक्ष्यलाई हासिल गर्न अपर्याप्त आर्थिक स्रोतको आवश्यकता छ। हामीले अन्तर्राष्ट्रिय समुदायमा गरेको प्रतिबद्धताका आधारमा नेपाललाई स्रोत परिपूर्ति गर्न करिब ७७ अर्ब अमेरिकी डलर आवश्यक पर्ने अनुमान छ। त्यस्तै, सन् २०३० सम्म दिगो विकासको लक्ष्य हासिल गर्नैपर्ने चुनौती छ।

सार्वजनिक क्षेत्रले मात्र जलवायुका लागि अनुमानित वित्तीय आवश्यकता पूरा गर्न नसक्ने हुँदा यसमा निजी क्षेत्रको महत्त्वपूर्ण भूमिका हुन्छ। निजी क्षेत्रले आफ्ना प्राविधिक सीपहरू अभिवृद्धि गरी वित्तीय स्रोतको खाडललाई परिपूर्ति गर्न उनीहरूको हरित लगानीलाई व्यवस्थित गर्दै लैजानुपर्ने हुन्छ।

ग्रिन फाइनान्स नेपालको वित्तीय क्षेत्र प्रवर्द्धनको प्रारम्भिक चरणमा रहेको केन्द्रीय बैंकले जनाएको छ। बैंक तथा वित्तीय संस्था, पुँजी बजार र बिमा कम्पनीहरूले हरियालीतर्फ रूपान्तरण गर्न विभिन्न पहल गरेका छन्। नेपालको वित्तीय प्रणालीमा मुख्यतया बैंकहरूको प्रभुत्व छ। कृषि, उद्योगजस्ता क्षेत्रमा लगानी गरेको उनीहरूको अधिकांश सम्पत्ति निर्माण, जलविद्युत् र घरजग्गामा छ। पछिल्लो समयका आधारमा बैंक तथा वित्तीय संस्थाहरूको कर्जालाई १८ वटा क्षेत्रमा वर्गीकरण गरिएको छ। त्यस्तै, केन्द्रीय बैंकले कृषि, ऊर्जा, पर्यटन र साना, लघु, घरेलु र मझौला उद्योगमा केही प्रतिशत अनिवार्य लगानी गर्नैपर्ने व्यवस्था गरेको छ। यद्यपि, ग्रिन फाइनान्समा जाने कर्जा, लगानी र अनुगमनको स्पष्ट व्यवस्था छैन। यसका लागि यो ट्याक्सोनोमीको मस्यौदा तयार पारिएको केन्द्रीय बैंकले जनाएको छ।

सुन्तलालाई राष्ट्रिय फलफूल घोषणा गर्ने तयारी

काठमाडौं/ सरकारले सुन्तलालाई राष्ट्रिय फलफूल घोषणा गर्ने तयारी गरेको छ। 'संघ, प्रदेश र स्थानीय तह (समन्वयन तथा अन्तर्सम्बन्ध) ऐन २०७७' को व्यवस्थाअनुसार सुन्तलालाई राष्ट्रिय फलफूल घोषणा गर्ने विषयमा छलफल भएको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ।

कृषि मन्त्रालयले सुन्तलालाई राष्ट्रिय फलफूल घोषणा गर्ने तयारीबारे प्रदेश सरकारका कृषिमन्त्री र सचिवहरूसँग छलफल गरेको मन्त्रालयका प्रवक्ता सबनम सिवाकोटी अर्यालले जनाकारी दिइन्। वर्तमान सरकारको एक वर्ष पुगेको अवसरमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले १० पुसमा राष्ट्रका नाममा सम्बोधन गर्दै कृषिक्षेत्रमा लगानी दशक घोषणा गर्ने बताएका थिए।

■ नेपालमा सुन्तला खेतीको अवस्था

प्रदेश	क्षेत्रफल हेक्टरमा	उत्पादनशील क्षेत्रफल हे.	उत्पादन (टन)	उत्पादकत्व (टन-हेक्टर
कोशी	५९९६	३६०३	३९३६९	१०.९३
मधेश	-	-	-	-
बागमती	४३४८	२४७८	२३१३०	९.३४
गण्डकी	७७९५	३५३४	३९२२६	११.१०
लुम्बिनी	३०८९	१७९१	२०५०७	११.४५
कर्णाली	३६१७	२११८	२३२४०	१०.९७
सुदूरपश्चिम	१७४६	१०२७	१०७०८	१०.४३
जम्मा	२६५९१	१४५५१	१५६१८०	१०.७३

न्यूनतम समर्थन मूल्य, कृषि तथा पशुपक्षीको बिमाका लागि आवश्यक उत्पादन लागत संकलन, कृषि तथ्यांक संकलन तथा व्यवस्थापनमा एकरूपता कायम गर्ने, 'संघ, प्रदेश र स्थानीय तह कृषिक्षेत्र समन्वयसम्बन्धी कार्य प्रक्रिया २०८०' को कार्यान्वयनलगायत विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ। यस्तै, छाडा पशु तथा वन्यजन्तु नियन्त्रण, बाली तथा पशुपक्षीजन्य रोग-किराहरू तथा सम्भावित महामारी नियन्त्रण तथा भ्याक्सिनको प्रयोग सम्बन्धमा प्रदेश सरकारका कृषि मन्त्रालयसाँग छलफल गरेको हो।

फलफूल विकास केन्द्रले ०७६/७७ मा गरेको अध्ययनअनुसार २६ हजार पाँच सय ९१ हेक्टर क्षेत्रफलमा सुन्तला खेती भएको छ। जसमा कोशी प्रदेशमा पाँच हजार नौ सय ९६ हेक्टर, बागमती प्रदेशमा चार हजार तीन सय ४८, गण्डकी प्रदेशमा सात हजार सात सय ९५, लुम्बिनी प्रदेशमा तीन हजार ८९ हेक्टर, कर्णाली प्रदेशमा तीन हजार ६ सय १७, सुदूरपश्चिममा एक हजार सात सय ४६ हेक्टरमा सुन्तला खेती हुँदै आएको तथ्यांक छ। ६ वटै प्रदेशमा उत्पादनशील क्षेत्रफल १४ हजार पाँच सय ५१ हेक्टर जमिन रहेको छ। उत्पादन एक लाख ५६ हजार प्रतिटन रहेको केन्द्रको भनाइ छ।

एनसेल र मौसम विज्ञान विभागबीच पूर्वसूचना प्रवाह गर्ने सम्झौता

काठमाडौं/ एनसेलले जल तथा मौसम विज्ञान विभागसँग सम्झौता गरेको छ। सम्झौतापछि एनसेलले जल तथा मौसम दुवैका कारण हुने प्राकृतिक प्रकोपबारे पूर्वसूचना प्रवाह गर्ने भएको छ।

एनसेल र विभागले पूर्वसूचना प्रणालीअन्तर्गत १३ वटा प्रकोपबारे आमजनमानसलाई प्रकोपपूर्व सूचना प्रवाह गर्नेछ। ती १३ प्रकोपमा बाढी, आकस्मिक बाढी, वर्षा, चट्याङ, हावाहुरी, आँधी, पहिरो, हिमपहिरो, हिमपात, शीतलहर, डढेलो, वायु प्रदूषणलगायत रहेका छन्।

एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभ र जल तथा मौसम विज्ञान विभागका महानिर्देशक डा. जगदीश्वर कर्माचार्यले बुधबार एनसेलको कर्पोरेट कार्यालय एनसेल आइकन, लैनचौर, काठमाडौंमा आयोजित एक कार्यक्रममा उक्त समझदारीपत्रमा हस्ताक्षर गरेका हुन्। सहकार्यबारे विभागका महानिर्देशक डा. जगदीश्वर कर्माचार्यले पूर्वसूचना प्रणालीमा अग्रणी भूमिका खेल्दै सन् २०१६ देखि बाढीको पूर्वसूचना पहललाई अगाडि बढाएकोमा एनसेललाई धन्यवाद दिए। कुनै प्राकृतिक विपत् घट्नुभन्दा अगावै प्राप्त हुने पूर्वसूचना र त्यस जोखिमबाट बच्न सफल मानिसका लागि जीवनदान हुने बताए।



त्यस्तै, एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले विभागसँग १३ वटा विपत्लाई पूर्वसूचना प्रणालीमा समेट्ने गरी यो सहकार्य गर्न पाएकोमा खुसी व्यक्त गरे।

पूर्वसूचना प्रणालीले जोखिम क्षेत्रभित्र रहेका मानिसलाई सम्भावित जोखिमबारे सूचित गर्दै आ-आफ्ना सामान लिएर सुरक्षित स्थानमा जानलाई अग्रिम जानकारी दिने बताइएको छ।

नेपाल टेलिकमले ल्यायो 'विन्टर अफर'



काठमाडौं/ नेपाल टेलिकमले 'विन्टर अफर २०८०' ल्याएको छ। आजैदेखि लागू हुने यो अफरमा विभिन्न आकर्षक प्याक उपलब्ध हुने टेलिकमले जनाएको छ।

अफरअन्तर्गत यसअघि उपलब्ध भइरहेको फोरजी डेटा अफरलाई अझै आकर्षक बनाउँदै एक दिनको समयावधिका लागि १९ रुपैयाँमा चार सय एमबी र ३३ रुपैयाँमा १२ सय एमबी डेटा उपलब्ध हुने बताइएको छ। त्यसैगरी, सात दिनको समयावधिका लागि एक सय नौ रुपैयाँमा ५ जिबी र २८ दिनको समयावधिका लागि दुई सय ९८ रुपैयाँमा ७ जिबी डेटा उपलब्ध हुने पनि टेलिकमले जनाएको छ।

त्यसैगरी, 'स्टे कनेक्टेड' प्याकअन्तर्गत पाँच दिनको समयावधिका एक सय नौ रुपैयाँमा ६ जिबी र एक सय ३९ रुपैयाँमा ६ जिबी डेटा तथा १७० मिनेट अन-नेट भ्वाइस उपलब्ध हुनेछ। त्यसैगरी, दुई घण्टाको समयावधिका लागि ३५ मा अनलिमिटेड प्याक उपलब्ध हुने बताइएको छ।

यसअघि उपलब्ध अल टाइम भ्वाइस प्याक, अनलिमिटेड प्याक, डेटा प्याक, सोसल मिडिया प्याक, स्टे कनेक्टेड प्याक, एसएमएस प्याक, एमटुएम प्याकलगायतका विभिन्न आकर्षक प्याकसमेत उपलब्ध हुने टेलिकमले जनाएको छ। त्यसैगरी, नेपाल टेलिकम एप डाउनलोड गर्दा उपलब्ध हुने एक जिबी डेटा प्याक पनि निरन्तर रूपमा उपलब्ध हुने बताइएको छ।

लुम्बिनी विकास बैंकले ८.५०% लाभांश दिने



काठमाडौं/ लुम्बिनी विकास बैंकले कुल ८.५० प्रतिशत लाभांश वितरण गर्ने भएको छ। बैंकको १६औं साधारणसभाले ४.५० प्रतिशत नगद लाभांश र ४.०० प्रतिशत बोनस सेयरसहित कुल ८.५० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको हो।

साथै, सभाले आर्थिक वर्ष ०७९/८० को वार्षिक प्रतिवेदन पारित गरी आव ०८०/८१ का लागि लेखापरीक्षकको नियुक्ति पनि पारित गरेको छ।

टाटा मोटर्स फन कार्निभल ३.० सुरु

काठमाडौं/ सिप्रदी ट्रेडिङ प्रालिले टाटा मोटर्स फन कार्निभल ३.० शुक्रबारदेखि सुरु हुने भएको छ। कार्यक्रममा जुनसुकै ब्रान्डका पुराना गाडीसँग टाटाका अत्याधुनिक प्रविधियुक्त नेक्सन इभी र टियागो इभीलगायतका गाडीहरू साट्न सकिने बताइएको छ।

मेला २९ पुससम्म चल्नेछ। उपत्यकाबाहिर टाटा मोटर्सका सोरुम अलास्का मोटर्स बिर्तामोड, सिद्धार्थ कटेज बुटवल, सिप्रदी ट्रेडिङ बुद्धचोक पोखरा र टाउन हल प्लानिङ वीरगन्जमा आयोजना गर्न लागेको कम्पनीले जनाएको छ।



फन कार्निभल ३.० मा टाटाका ग्राहकले आकर्षक एक्सचेन्ज बोनस, निःशुल्क इभी गाडीका लागि फास्ट चार्जर, एक वर्षको अटोप्लस इन्स्योरेन्स, एक वर्षको सवारी कर, एक्सेसरिज, सरप्राइज गिफ्ट र बम्पर उपहारमा इलेक्ट्रिकल स्कुटर प्राप्त गर्नेछन्।

समृद्धि फाइनान्सको वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं/ समृद्धि फाइनान्सले खरेन्द्रपुर शाखाबाट वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। फाइनान्सले मासिक रूपमा सम्पन्न गर्ने संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत कार्यक्रमको सूचीमध्ये पुस महिनाका लागि तय भएका कार्यक्रमका रूपमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको हो।

स्थानीय बासिन्दाको वित्तीय चेतना अभिवृद्धि गर्ने उद्देश्यले खरेन्द्रपुर शाखाले भितरिय, शिवराज-३, कपिलवस्तुका ४३ जना स्थानीय बासिन्दालाई वित्तीय साक्षरता कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको कम्पनीले जनाएको छ। फाइनान्सले हाल १३ वटा शाखामार्फत कारोबार गर्दै आएको छ।

सेयर बजार सचेतनाका लागि विद्यार्थीलाई तालिम

काठमाडौं/ सन सेक्युरिटिज प्रालिले काठमाडौंका विभिन्न कलेजका विद्यार्थीलाई सेयर बजारसम्बन्धी सचेतना तथा तालिम कार्यक्रम सञ्चालन गरेको छ। कम्पनीले ग्लोबल कलेज र एपोलो कलेजका बिबिए तहका विद्यार्थीलाई सो तालिम प्रदान गरेको हो। तालिममा ग्लोबल र एपोलोका गरी दुई सयजना विद्यार्थीको सहभागिता थियो।

नेपालको सेयर बजारको आधारभूत पक्ष, नेपालको सेयर बजारको वर्तमान अवस्था, कम्पनी विश्लेषणका विधि, व्यवस्थापन तथा प्राविधिक विश्लेषणबारे तालिम दिइएको थियो। साथै, विद्यार्थीसँग भएका सेयर बजारसँग सम्बन्धित विभिन्न समस्या तथा तिनको समाधानका विषयमा अन्तर्क्रिया भएको थियो।

फेडेरल रिइन्स्योरेन्स र मल्पी कलेजबीच सम्झौता

काठमाडौं/ फेडेरल रिइन्स्योरेन्स ब्रोकर्स लिमिटेड र मल्पी इन्टरनेसनल कलेजबीच शैक्षिक सिकाइ र उद्योग अनुभवबीचको अन्तरलाई कम गर्न दीर्घकालीन रणनीतिक विकास गर्न सहकार्य गर्नेसम्बन्धी सम्झौता भएको छ।

सम्झौता फेडेरल रिइन्स्योरेन्सका निमित्त प्रमुख कार्यकारी अधिकृत विशालदीप अधिकारी र कम्पनी सचिव अल्पना शर्मा तथा कलेजका प्रिन्सिपल दीपक अधिकारी र विद्यार्थी संलग्नता अधिकृत प्राप्ति विसी शर्माबीच भएको कम्पनीले जनाएको छ।

सम्झौताले बिमा क्षेत्रमा भएको क्षमता अभावको अन्तरलाई कम गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताइएको छ। यो सहकार्यमार्फत फेडेरलले मल्पीका विद्यार्थीलाई विशेषज्ञ प्रशिक्षण, इन्टर्नसिपका अवसरहरू तथा आवश्यकताअनुसार भविष्यमा रोजगारीका अवसरहरू प्रदान गर्न मद्दत गर्नेछ। साथै, फेडेरल रिइन्स्योरेन्सका कर्मचारीलाई सम्मेलन, कार्यशाला र कलेजद्वारा आयोजित अन्य कार्यक्रममा भाग लिएर नेटवर्किङ बढाउने अवसर प्राप्त गर्न मद्दत गर्ने बताइएको छ।



PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ
फोनः ०१- ४५२३४३२

शाखा कार्यालयः सोह्रखुट्टे, काठमाण्डौ
फोनः ०१- ४३८८८३४

शाखा कार्यालयः भैरहवा, रुपन्देही
फोनः ०७१- ५७१०८१/८२

शाखा कार्यालयः दमौली, तनहुँ
फोनः ०६५- ५६३४३३

शाखा कार्यालयः बिल्च्याँटे, इलाम
फोनः ०२७- ४१३००६

को

शाखा कार्यालय सोह्रखुट्टे, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी पुनः ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०९/२७ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय सोह्रखुट्टे, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने र ७ (सात) दिने अत्यन्त जरुरी सूचना बिभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना पुनः प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरूको घरघरानाबाट असुल उपर गर्न असुली प्रक्रिया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६९/१०/१४ मा दर्ता नं. १०२९९५/०६९/०७० कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, साबिक धापासि गा.वि.स./नपा. वडा नं. ३, धापासि स्थित **सुमेरु हार्डवेयर प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. अग्निधर पोखरेलको नाति, नवराज पोखरेलको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १४ स्थित स्थायी ठेगाना भएको **सतिस पोखरेल (ना.प्र.नं. २७१०६०/१२८२५, काठमाण्डौ)**

२. हेम लाल पोखरेलको नाति, अग्निधर पोखरेलको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **नवराज पोखरेल (ना.प्र.नं. ६४१८८, काठमाण्डौ)**

३. अग्निधर पोखरेलको बुहारी, नवराज पोखरेलको पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **गीता कुमारी मुडभरी पोखरेल (ना.प्र.नं. ५६०, काठमाण्डौ)**

४. अग्निधर पोखरेलको नाति, नवराज पोखरेलको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १४ स्थित स्थायी ठेगाना भएको **सविप पोखरेल (ना.प्र.नं. २७१०६०/१२०३५३, काठमाण्डौ)**

५. वेद शर्मा खनालको बुहारी, भुषण कुमार शर्माको पत्नी, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको **अन्जु शर्मा (ना.प्र.नं. १७७४/८४८२, काठमाण्डौ)**

धितोमा रहेको सम्पतिको विवरण

१. **नवराज पोखरेलको** नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, मातातिर्थ गा.वि.स./न.पा. वडा नं. ७क, अमरावती हाउजिङ, स्थित कि.नं ८५९ को जग्गा क्षेत्रफल ०-४-३-३ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. **नवराज पोखरेलको** नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा, वडा नं. ८, स्थित कि.नं २२८ को जग्गा क्षेत्रफल १,०१५.८९ व.मी को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

३. **सुमेरु हार्डवेयर प्रा.लि.को** नाममा मालपोत कार्यालय दमौली, तनहुँको लगतमा दर्ता श्रेस्ता कायम रहेको तनहुँ जिल्ला, कर्लुङ गा.वि.स./न.पा. वडा नं. ६ख, स्थित कि.नं. ५६४ को जग्गा क्षेत्रफल २-८-२-२ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइमेट/पब्लिक लिमिटेड कम्पनी अध्यादेश, २०६२ बमोजिम मिति २०६३/०४/११ मा दर्ता नं. ४०६९०/०६३/०६४ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १४, बल्खु स्थित **आश्रना इन्टरप्राइजेज प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. अग्निधर पोखरेलको नाति, नवराज पोखरेलको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १४ स्थित स्थायी ठेगाना भएको **सतिस पोखरेल (ना.प्र.नं. २७१०६०/१२८२५, काठमाण्डौ)**

२. हेम लाल पोखरेलको नाति, अग्निधर पोखरेलको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **नवराज पोखरेल (ना.प्र.नं. ६४१८८, काठमाण्डौ)**

३. अग्निधर पोखरेलको बुहारी, नवराज पोखरेलको पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **गीता कुमारी मुडभरी पोखरेल (ना.प्र.नं. ५६०, काठमाण्डौ)**

४. नवराज पोखरेलको बुहारी, सतिस पोखरेलको पत्नी, काठमाण्डौ जिल्ला, जोरपाटी गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **संजीता कार्की (ना.प्र.नं. २७१०१५/१०६२५२, काठमाण्डौ)**

५. घनश्याम रिमालको नातिनी, कृष्ण प्रसाद रिमालको छोरी, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २१ स्थित स्थायी ठेगाना भएको **सुशीला रिमाल (ना.प्र.नं. ९६३८५, काठमाण्डौ)**

धितोमा रहेको सम्पतिको विवरण

१. **आश्रना इन्टरप्राइजेज् प्रा.लि.को** नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा, वडा नं. १४, स्थित कि.नं. ७२ को जग्गा क्षेत्रफल ३१७.७४ व.मी. को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. **सतिस पोखरेलको** नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, मातातिर्थ गा.वि.स./न.पा., वडा नं. ७ क, स्थित कि.नं ९७३ को जग्गा क्षेत्रफल ०-५-१-३ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

३. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति : २०६४/०९/१६ मा दर्ता नं. ५०४०७/०६४/०६५ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १४, कुलेश्वर स्थित **अग्नि बिल्डर्स प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. अग्निधर पोखरेलको नाति, नवराज पोखरेलको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १४ स्थित स्थायी ठेगाना भएको **सतिस पोखरेल (ना.प्र.नं. २७१०६०/१२८२५, काठमाण्डौ)**

२. हेम लाल पोखरेलको नाति, अग्निधर पोखरेलको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **नवराज पोखरेल (ना.प्र.नं. ६४१८८, काठमाण्डौ)**

३. अग्निधर पोखरेलको बुहारी, नवराज पोखरेलको पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **गीता कुमारी मुडभरी पोखरेल (ना.प्र.नं. ५६०, काठमाण्डौ)**

धितोमा रहेको सम्पतिको विवरण

अग्नि बिल्डर्स प्रा.लि. को नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, मातातिर्थ गा.वि.स./न.पा. वडा नं. ७क, अमरावती हाउजिङ, स्थित कि.नं ११७७ र ११८७ को क्रमशः क्षेत्रफल ०-९-०-१ र ०-४-०-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

४. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६९/०९/०४ मा दर्ता नं. १०८१२९/०६९/०७० कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला, साविक का.म.न.पा वडा नं. ३५, कोटेश्वर स्थित **अमोलिओ बिजिनेस प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. हेम लाल पोखरेलको नाति, अग्निधर पोखरेलको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **नवराज पोखरेल (ना.प्र.प.नं. ६४१८८, काठमाण्डौं)**

२. अग्निधर पोखरेलको बुहारी, नवराज पोखरेलको पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **गीता कुमारी मुडभरी पोखरेल (ना.प्र.प.नं. ५६०, काठमाण्डौं)**

३. खडानन्द ढुंगेलको नाति, मोहन प्रसाद ढुंगेलको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. १४, स्थित स्थायी ठेगाना भएको **बासुदेव शर्मा (ना.प्र.प.नं. २०३३/७५३०, काठमाण्डौं)**

४. मोहन प्रसाद ढुंगेलको बुहारी, बासुदेव शर्माको पत्नी, काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं. १४, स्थित स्थायी ठेगाना भएको **राधिका ढुंगेल (ना.प्र.प.नं. १८६०२०३३/५७८, काठमाण्डौ)**

५. सुदर्शन गौतमको नाति, लिला राज गौतमको छोरा, इलाम जिल्ला, सोचाक गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **नेत्र प्रसाद गौतम (ना.प्र.प.नं. ११०२, इलाम)**

६. लिला राज गौतमको बुहारी, नेत्र प्रसाद गौतमको पत्नी, झापा जिल्ला, शान्तिनगर गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **चन्द्रकला पौड्याल (ना.प्र.प.नं. ८५०१५८१०, झापा)**

७. सुदर्शन गौतमको नाति, लिला राज गौतमको छोरा, इलाम जिल्ला, इलाम गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **डिल्लीराम गौतम (ना.प्र.प.नं. ३८४७२/१०२९, इलाम)**

८. लिला राज गौतमको बुहारी, डिल्लीराम गौतमको पत्नी, झापा जिल्ला, सुरुङ्गा गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **राधिका खनाल (ना.प्र.प.नं. ९१५२६१, झापा)**

९. सुदर्शन गौतमको नाति, लिला राज गौतमको छोरा, इलाम जिल्ला, सोचाक गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **कमल गौतम (ना.प्र.प.नं. ५४९, इलाम)**

१०. लिला राज गौतमको बुहारी, कमल गौतमको पत्नी, मोरङ जिल्ला, इन्द्रपुर गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **लक्ष्मी ढकाल (ना.प्र.प.नं. २०५३९, मोरङ)**

११. जयभद्र गौतमको नाति, सुदर्शन गौतमको छोरा, इलाम जिल्ला, सोचाक गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **लिला राज गौतम (ना.प्र.प.नं. ४५१/१२८०, इलाम)**

धितोमा रहेको सम्पतिको विवरण

१. **राधिका खनालको** नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, साबिक का.म.न.पा., वडा नं. ३५, स्थित कि.नं २७७ को क्षेत्रफल १५८.२५ (ब.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. **लिलाराज गौतमको** नाममा मालपोत कार्यालय इलामको लगतमा दर्ता श्रेस्ता कायम रहेको इलाम जिल्ला, इलाम नगरपालिका, वडा नं. ५ ख, स्थित कि.नं २७४, २७५, ३२३, ३६१ र ४५४ को क्रमशः क्षेत्रफल ०-१-२-१, ०-१-०-२, ०-४-२-०, ०-८-०-० र ०-४-२-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/०९/२७ गते शुक्रवारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु सोह्रखुट्टे, काठमाण्डौं, बिल्च्याँटे, इलाम, भैरहवा, रुपन्देही र दमौली, तनहुँबाट प्राप्त गर्न सकिनेछ ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/१०/०४ गते बिहीवार कार्यालय समय भित्र ऋणीको विवरण नं. १ को धितो नं. २ को हकमा यस बैंकको शाखा कार्यालय भैरहवा, रुपन्देहीमा, धितो नं. ३ को हकमा शाखा कार्यालय दमौली, तनहुँमा, ऋणीको विवरण नं. ४ को धितो नं. २ को हकमा शाखा कार्यालय बिल्च्याँटे, इलाममा र अन्य बाँकी धितोको हकमा केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त रासि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८०/१०/०५ गते शुक्रवार दिउँसो १:०० बजे शर्त नं. ५ बमोजिम बोलपत्र दर्ता गरिएका सम्बन्धित कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र सम्बन्धित कार्यालयबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय सोह्रखुट्टे, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

जुनुमाया र विद्याको राष्ट्रिय कीर्तिमान

काठमाडौंमा भइरहेको २६औं पुरुष तथा ११औं महिला राष्ट्रिय भारोत्तोलन प्रतियोगितामा ७१ केजीतर्फ जुनुमाया छन्त्याल र ८७ केजीमा विद्या राईले क्लिन एन्ड जर्कमा आफ्नै नाममा रहेको राष्ट्रिय कीर्तिमानमा गरे सुधार



जुनुमाया छन्त्याल



विद्या राई

नयाँ पत्रिका

जुनुमाया छन्त्याल र विद्या राईले २६औं पुरुष तथा ११औं महिला राष्ट्रिय भारोत्तोलन प्रतियोगितामा राष्ट्रिय कीर्तिमान बनाएका छन्। नेपाल प्रहरीका दुवैले क्लिन एन्ड जर्कमा आफ्नै नाममा रहेको कीर्तिमानमा सुधार गरेका हुन्। प्रतियोगिताको सिनियर महिला ७१ केजीमा जुनुमायाले क्लिन एन्ड जर्कमा ९३ केजी भार वहन गर्दै ९२ केजीको कीर्तिमानमा सुधार गरेकी हुन्। जुनुमायाले क्लिन एन्ड जर्कमा ९३ केजीसहित स्न्याचमा ७३ केजी गरी जम्मा १६६ केजी भार वहन गर्दै स्वर्ण जितिन्।

सिनियर महिलाको ८७ केजीमाथि विद्याले क्लिन एन्ड जर्कमा रेकर्ड राख्ने क्रममा ९२ केजी वजन उठाइन्। यसअघि उनकै नाममा ९१ केजीको कीर्तिमान थियो। क्लिन जर्कमा ९२ केजीसहित स्न्याचमा ६५ केजी गरी कुल १५७ केजी तौल उठाउँदै विद्याले स्वर्ण चुमिन्। प्रतियोगिताको पहिलो दिन मंगलबार कृष्णकला विष्ट र दिलीप यादवले राष्ट्रिय कीर्तिमान बनाएका थिए। दुवै कीर्तिमानधारी पनि प्रहरीकै हुन्।

नेपाल भारोत्तोलन संघद्वारा आयोजित प्रतियोगिताको सिनियर महिला ८७ केजीमुनि प्रहरीकी जयन्ती श्रेष्ठ पहिलो भइन्। ७६ केजीमा प्रहरीकी पूजा कुमाल र ८१ केजीमुनि प्रहरीकै तारादेवी पुन पहिलो भए। युथको महिला ७१ केजीमा ललितपुरकी खुसी चौधरी तथा ८१ केजीमुनि कास्कीकी सिन्जल गुरुङले पहिलो स्थान हात पारे।

सिनियर पुरुषको १०२ केजीमा सन्देश गुरुङ, १०९ केजीमुनि विशालसिंह विष्ट र १०९ केजीमाथि राजीव महर्जनले शीर्ष स्थान हात पारे। स्वर्ण विजेताहरू प्रहरीका हुन्। जुनियर पुरुषको १०२ केजीमा एपिएफका सञ्जय यादव तथा १०९ केजीमुनि एपिएफकै रोजन तुलाधर पहिलो भए। प्रतियोगिताको पुरुषमा प्रहरीका प्रकाश केसी तथा महिलामा कीर्तिमानधारी कृष्णकला उत्कृष्ट खेलाडी घोषित भएका छन्। विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङलगायतले पुरस्कृत गरे। तीनदिने प्रतियोगितामा एक सय ६४ खेलाडीले प्रतिस्पर्धा गरेको आयोजक भारोत्तोलन संघका अध्यक्ष रामकृष्ण श्रेष्ठले जनाएका छन्।

विष्टका तीन कीर्तिमान

प्रतियोगिताको पहिलो दिन नेपाल पुलिसकी कृष्णकला विष्टले राष्ट्रिय कीर्तिमान बनाएकी थिइन्। पुलिसकी उनी स्न्याच, क्लिन एन्ड जर्क र कुल गरी समग्रमा तीनवटा कीर्तिमान बनाउन सफल भइन्। भक्तपुरको ठिमीमा भएको प्रतियोगितामा विष्टले महिला सिनियर ४९ केजी तौल समूहको स्न्याचमा ५९, क्लिन एन्ड जर्कमा ७७ केजी र कुलमा १३६ केजी भार वहन गर्दै नयाँ कीर्तिमान बनाइन्।

प्रतियोगिता अन्तर्राष्ट्रिय भारोत्तोलन महासंघ, एसियन भारोत्तोलन महासंघ र नेपाल भारोत्तोलन संघको नियमअनुसार चलेको थियो। प्रतियोगितामा विभागीय टोली र देशभरका खेलाडीले भाग लिएका थिए।

खेलाडी सम्मानित

यसैबीच, प्रतियोगिताको अवधिमै संघले १९औं एसियाडमा तीन सय केजीभन्दा माथिको भार वहन गर्ने दुई कीर्तिमानी खेलाडी र युथ एसियन च्याम्पियनसिपमा पदक विजेता खेलाडीसहित ६ जनालाई सम्मान गरेको थियो। १९औं एसियाडमा ३०३ केजी भार वहन गरेका सागर भण्डारी र ३०१ केजी भार वहन गरेका विशालसिंह विष्टलाई सम्मान गरिएको हो। विशालले नेपाली भारोत्तोलन इतिहासमै पहिलोपटक तीन सय केजी भार उठाएका थिए। उनले आफ्नो कीर्तिमान एक दिन पनि रक्षा गर्न सकेनन्। विशालले कायम गरेको रेकर्ड केवल २४ घन्टामै तोडिएको थियो। सागरले ३०३ केजी भार वहन गर्दै एसियाडमा आफ्नो नाममा रेकर्ड बनाए। संघले राष्ट्रिय प्रतियोगितामै युथ एसियन च्याम्पियनसिपमा कांस्य पदक जितेका हेमन्त पाललाई पनि सम्मान गरेको थियो। यसैगरी १९औं एसियाडका प्रशिक्षक जीवन गौतम र म्यानेजरमा रामसुन्दर श्रेष्ठ तथा अर्का प्रशिक्षक सञ्जय महर्जनलाई सम्मान गरिएको हो।

रोहित एपिएफमा आबद्ध

नयाँ पत्रिका

प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगिता शनिबारदेखि सुरु हुँदै छ। सहभागी सबै टोलीले छनोटमा उत्कृष्ट प्रदर्शन गरेका खेलाडी समेटेर टोली घोषणा गरिसकेका छन्। सहभागीमध्ये विभागीय टोली एपिएफ पनि हो। एपिएफले उपाधि जित्ने लक्ष्यका साथ बिहीबार राष्ट्रिय क्रिकेट टोलीका वर्तमान कप्तान रोहितकुमार पौडेल र पूर्वकप्तान ज्ञानेन्द्र मल्ललाई अनुबन्ध गरेको छ। रोहित यसअघि त्रिभुवन आर्मी क्लबमा आबद्ध थिए। उनी प्रधानमन्त्री कपकै लागि आर्मी छाड्दै एपिएफसँग आबद्ध भएका हुन्। पूर्वकप्तान मल्ल सम्भवतः पहिलोपटक घरेलु टोलीमा प्रशिक्षकको भूमिकामा देखिनेछन्।

राष्ट्रिय टोलीका अनुभवी खेलाडीको आगमनले एपिएफका अन्य खेलाडी उत्साहित देखिएका छन्। आर्मीमा रहँदा रोहितले कप्तानी जिम्मेवारी पाएनन्। आर्मीले विनोद भण्डारीको कप्तानीमा छनोट प्रतियोगितामा प्रतिस्पर्धा गरेको थियो। गत महिना वीरगन्जमा भएको प्रो क्लब टी-२० च्याम्पियनसिपमा रोहितले अन्तिमपटक आर्मीबाट प्रतिस्पर्धा गरे। राष्ट्रिय टोलीको कप्तानी गरेको छोटो समयमै रोहित नेपाललाई एकदिवसीय विश्वकपको ग्लोबल छनोटदेखि आइसिसी टी-२० विश्वकपमा समेत स्थान पक्का गराउन सफल भए।

घरेलु क्रिकेटमा रोहितले गत वर्ष नेपाल क्रिकेट संघ (क्यान)ले आयोजना गरेको नेपाल टी-२० लिगमा विराटनगरको कप्तानी गरेका थिए। अन्तर्राष्ट्रियस्तरमा उनको कप्तानीमा नेपालले एसिया कप तथा एसियाडमा प्रतिस्पर्धा गरेको थियो। एसिया कपमा नेपालले पाकिस्तान र भारतजस्तो विश्वकै शक्तिशाली राष्ट्रविरुद्ध खेल्ने अवसर पायो। अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा अनुभवी रोहितले अब एपिएफलाई उपाधि दिलाउने लक्ष्य राखेका छन्।

बलियो एपिएफ

२०१८ मा रोहित एपिएफमा आबद्ध थिए। उनले एक सिजन एपिएफलाई प्रधानमन्त्री कप विजेता बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। एपिएफले पछिल्ला दुई संस्करणको प्रधानमन्त्री कपको उपाधि जितेको छ। यसपटक एपिएफमा रोहितलाई राष्ट्रिय टोलीका सदस्यहरू आसिफ शेख, अविनाश बोहरा र सन्दीप जोराले साथ दिनेछन्। यसैगरी, प्रदीप ऐरी, भुवन कार्की, मौसम ढकाल र कमलसिंह ऐरी पनि एपिएफमै छन्। सिनियर खेलाडीको साथ पाएको एपिएफ यसपटक बलियो टोली बनेको छ।

पूर्वकप्तान ज्ञानेन्द्र भने सिनियर टोलीका एक भलाद्मी खेलाडीमा चिनिन्छन्। कुनै समय एपिएफबाट सिनियर टोलीका खेलाडीले घरेलु प्रतियोगिता खेलेका थिए। एपिएफले आफ्नो क्रिकेट टोली बनाउँदा पारस खड्का, ज्ञानेन्द्र मल्ल, शरद भेसवाकर, शक्ति गौचनजस्ता खेलाडी अनुबन्ध गरेको थियो। गत वर्ष राष्ट्रिय टोलीका पूर्वखेलाडी शरद भेसवाकरको नेतृत्वमा एपिएफले प्रधानमन्त्री कप खेलेको थियो।

यस वर्ष शरदले काठमाडौं जिल्ला क्रिकेटको कप्तानी गर्दै छनोट प्रतियोगितामा भाग लिएका थिए। काठमाडौंले खेलाडी घोषणा गर्दा शरदलाई बाहिर राखेको छ। एपिएफले आगामी आइतबार बागमती प्रदेशविरुद्ध पहिलो खेल खेल्नेछ। प्रधानमन्त्री कप शनिबारदेखि एकसाथ त्रिवि क्रिकेट मैदान, मूलपानी र भैरहवामा सुरु हुनेछ। प्रतियोगितामा तीन विभागीय टोलीसँगै सात प्रदेशले राउन्ड रोबिनका आधारमा खेल्नेछन्।



क्यानले गर्‍यो सन्दीपलाई निलम्बन

क्यानले पूर्वकप्तान सन्दीप लामिछानेलाई घरेलु तथा अन्तर्राष्ट्रिय क्रिकेटबाट निलम्बन गरेको छ। काठमाडौं जिल्ला अदालतले बलात्कार मुद्दामा दोषी ठहर गर्दै सन्दीपलाई आठ वर्ष कैद सजाय सुनाएको थियो। अदालतको फैसलापछि क्यानले बिहीबार विज्ञप्तिमार्फत सन्दीपलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्रिकेटमा सहभागी हुन नपाउने गरी निलम्बन गरेको जनाएको छ। 'राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान सन्दीप लामिछानेलाई जबर्जस्ती करणी मुद्दामा कसुर कायम गरी सजाय निर्धारण गरिएको र सम्मानित अदालतको आदेशअनुसार फौजदारी मुद्दामा दोषी ठहर भई सजाय निर्धारणसमेत भएकाले निज लामिछानेलाई घरेलु तथा अन्तर्राष्ट्रिय कुनै प्रकारको क्रिकेट खेल गतिविधिबाट निलम्बन गरिएको जानकारी गराउँछौं,' क्यानको विज्ञप्तिमा भनिएको छ।

पुरुष भलिबल च्याम्पियन बन्यो पुलिस



३४औं पुरुष भलिबलको फाइनलमा पुलिस क्लबले एपिएफलाई ३-१ को सेटमा पराजित गर्दै जित्यो उपाधि

सुर्खेतमा **रमेश रावल**

कर्णाली प्रदेशको सुर्खेतस्थित वीरेन्द्रनगरमा आयोजना भएको ३४औं पुरुष भलिबल प्रतियोगितमा पुलिस क्लब च्याम्पियन बनेको छ। बिहीबार भएको फाइनलमा एपिएफलाई ३-१ को सेटमा पराजित गर्दै पुलिसले उपाधि जितेको हो। पुलिसले सुरुको सेट गुमाए पनि त्यसपछिको तीन सेट आफ्नो पक्षमा राख्न सफल भयो। पहिलो सेट एपिएफले २५-२२ ले आफ्नो पक्षमा पारेको थियो। पहिलो सेट गुमाएको पुलिस दोस्रो सेटबाट खेलमा फर्कियो। दोस्रो सेट २५-१९ ले जित्दै पुलिसले खेललाई १-१ सेटको बराबरीमा ल्यायो। पुलिसले तेस्रो सेट २५-१८ ले जित्दै खेलमा २-१ को अग्रता लियो।

चौथो सेटमा एपिएफको अग्रतालाई पछि पारेर २५-२३ को जित निकाल्दै पुलिस च्याम्पियन बन्न सफल भयो। उपाधिसँगै पुलिसले एक लाख पायो। विभागीय त्रिभुवन आर्मी क्लबलाई ३-१ को सेटमा पराजित गर्दै गण्डकीले तेस्रो स्थान रक्षा गर्‍यो। २० पुसबाट सुरु भएको प्रतियोगितामा तीन विभागीय टोलीसँगै सात प्रदेश गरी १० टोलीको सहभागिता थियो।

रविन सर्वोत्कृष्ट

च्याम्पियन नेपाल पुलिस क्लबका ओपन स्पाइकर रविन चन्द प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भए। सर्वोत्कृष्ट खेलाडी रविनले १० हजार रुपैयाँ प्राप्त गरेका छन्। प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गरेका रविनले नेपाल पुलिसकै घाइते खेलाडी आयुष्मा पुनमगरलाई प्रदान गर्ने बताएका छन्। पुलिसका पहल गहतराज उदयीमान खेलाडी घोषित भएका छन्। उनले पाँच हजार रुपैयाँ प्राप्त गरे। विधागततर्फ पुलिसका खेलाडीको वर्चस्व रह्यो। कप्तान इम राना सेटर, रविन नगरकोटी ब्लकर, भीम गाहा लिबेरो र चन्द्र कुँवर उत्कृष्ट प्रशिक्षक चुनिए। एपिएफका हेमन्त मल्ल स्पाइकर र गण्डकीका जीवन सुनार उत्कृष्ट सर्भर चुनिएका हुन्। सबैले जनही पाँच हजार प्राप्त गरेका छन्।

प्रिन्स र विष्णु क्वार्टरफाइनलमा



नयाँ पत्रिका

एपिएफका प्रिन्स दाहाल र पुलिस क्लबका विष्णु कटुवाल प्रथम प्रकाश दाहाल स्मृति राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताको पुरुष एकलतर्फ क्वार्टरफाइनल प्रवेश गरेका छन्। दाहालले एपिएफकै सुजन थापालाई २१-११ र २१-१० ले हराए। कटुवालले स्पोर्टस् हबका सुनील कार्कीलाई २१-७ र २५-२३ ले पराजित गर्दै अन्तिम आठको स्थान पक्का गरेका हुन्। पुरुष एकलतर्फ अन्तिम आठमा पुलिस क्लबका सुनील जोशी, आर्मीका कबिर केसी, एपिएफका देवराज राना, एपिएफका अनिल मल्ल, आर्मीका प्रफुल महर्जन र नखीपोटका विवेक चौधरीले स्थान पक्का गरेका छन्।

प्रतियोगिताको महिला एकलमा नेपाल पुलिसकी निता लम्साल र आर्मीकी अमिता गिरीले क्वार्टरफाइनल स्थान पक्का गरेका छन्। लम्सालले एपिएफकी रिना तामाङलाई २१-१०, २१-१२ हराइन्। गिरीले एपिएफकी निकिता लामाबाट वाकओभर पाइन्। आर्मीकी शेस्ना श्रीपाली, कस्तुरी कलेजकी सीमा राजवंशी, एपिएफकी शोभा गौचन, आर्मीकी रिहाना शेरचन र आर्मीकै अनुमाया राईले अन्तिम आठको स्थान सुरक्षित गरे।

शीर्ष २० वरीयताबाहेकको पुरुष युगलतर्फको खेलमा युनिटीका अनिश गुरुङ र प्रमिश श्रेष्ठको जोडी, देवीनगरका हेमन्त ऐर र बविश थापाको जोडी, एपिएफका भोजबहादुर गुरुङ र सन्तोष पनेरूको जोडी र नवलपुरका अक्षय क्षेत्री र चितवनका बिद्धवान गुरुङको जोडीले प्रिक्वार्टरफाइनलमा स्थान पक्का गरे।





खेल संक्षेप

एसकेबिसी तेक्वान्दो आजदेखि

काठमाडौं/ एसकेबिसी तेक्वान्दो डोजाङ र श्री चन्द्रबिन्दु इन्टरनेसनल स्कुल (स्किब्स) को संयुक्त आयोजनामा प्रथम एसकेबिसी काठमाडौं जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ। प्रतियोगितामा ग्योरोगीतर्फ ३५ र पुम्सेमा पाँच गरी जम्मा ४० स्पर्धामा प्रतिस्पर्धा हुने आयोजक डोजाङका प्रमुख रञ्जितबहादुर डगौराले जनाएका छन्। पाँच सय खेलाडीको सहभागिता रहनेछ।

मैत्रीपूर्ण खेल बराबरी

काठमाडौं/ राष्ट्रिय युवा संघ नेपाल र नेपाल खेलकुद पत्रकार मञ्चबीच बिहीबार भएको मैत्रीपूर्ण फुटसल खेल ५-५ को बराबरीमा टुंगिएको छ। केपी ओली कप-२०८० को प्रचारप्रसारको उद्देश्यसहित भएको फुटसलमा मञ्चले ५-१ ले पछि परेको अवस्थाबाट पुनरागमन गर्दै खेल बराबरीमा ल्याएको हो। युवा संघका मिसन राईले ह्याट्रिक गरे। मञ्चबाट शिशिर बस्नेतले ह्याट्रिक गरे। दोस्रो केपी ओली कप ११ देखि २० फागुनसम्म हुँदै छ।

तीनपोखरी कप फुटबल सुरु

संखुवासभा/ खाँदबारी रंगशालामा प्रथम तीनपोखरी कप फुटबल प्रतियोगिता सुरु भएको छ। पहिलो खेलमा शीतलपाटी एफसीले लोहोरुङ क्लबलाई ३-१ ले हरायो। अर्को खेलमा मकालु फ्रेन्ड्सले आयोजक तीनपोखरी (रातो)लाई ३-० ले पराजित गरेको छ। मकालुले एक गोल पेनाल्टीबाट गरेको थियो। प्रतियोगिताको उद्घाटन खाँदबारी नगरपालिकाका मेयर महेश थपलियाले गरेका थिए।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com